
मजदुरद्वारा मजदुरका लागि नेपालको पहिलो पत्रिका

# श्रमिक खबर

संख्या ७३, मंसिर २०५९, मूल्य रू. १५।-

## बधाइ !






संख्या ७३, मंसिर २०५९

**सम्पादन बोर्ड**
मुकुन्द न्यौपाने
विष्णु रिमाल
उमेश उपाध्याय
विन्दा पाण्डे
कविन्द्र शेखर रिमाल

**विशेष सहयोग**
अग्निशिखा

**ले-आउट**
**नेस्वप्रेमयूका लागि**
महेन्द्र श्रेष्ठ
बुद्धि आचार्य
किरण माली

**व्यवस्थापन**
विनोद श्रेष्ठ

**प्रकाशक**
नेपाल ट्रेड यूनियन महासंघ
कार्यालय तथा प्रकाशन विभाग
पो.ब.नं. १०,६५२,
मनमोहन मजदुर भवन
पुतलीसडक, काठमाडौं।
फोन : २४८०७२ (हन्टिङ्ग लाइन)
फ्याक्स : २४८०७३
ई-मेल : info@gefont.org
वेभ साइट : www.gefont.org
मूल्य : रु. १५।-

**आवरण**
एम्ज माउस, २६५९४४

**मुद्रक**
इन्द्रेणी अफसेट,
४३७४४८, अनामनगर।

**श्रमिक खबरको विज्ञापन दर रेट**

| | |
|---|---|
| आवरण पृष्ठ (पछाडि) रंगिन | १२,००० |
| आवरण पृष्ठ (भित्री) रंगिन | १०,००० |
| पूरा पृष्ठ (भित्री) सादा | ६,००० |
| आधा पृष्ठ (भित्री) सादा | ४,००० |
| चौथाई पृष्ठ (भित्री) | ३,००० |
| न्यूनतम (भित्री) सादा | २,००० |

नोटः अग्रिम भुक्तानीमा १०% छुट तथा वार्षिक विज्ञापन ग्राहकका लागि १५% छुट दिइनेछ।

# हाम्रो भनाई

२०५८ सालको शुरूवातदेखि नै बिग्रेको देशको शान्ति-सुरक्षाको कारणले उद्योग-धन्दा यसै खस्किएको थियो। त्यसमाथि सोही सालको मंसीरमा संकटकाल लागू भए पछि तीव्र गतिमा उद्योग बन्द हुने र मजदुर कटौतीको क्रम शुरू भयो। यसको स्वाभाविक नतीजा प्रतिष्ठान स्तरका ट्रेड यूनियनहरूमाथि पऱ्यो। यस्तो परिवेशमा ट्रेड यूनियनहरूको स्थिति के छ त? अप्ठ्यारोमा परेका ट्रेड यूनियनको स्थिति सम्बन्धी जिफन्टको अध्ययन यस पटक प्रस्तुत गरेका छौं।


देश अहिले अन्यौलको स्थितिमा छ। देशमा राजाद्वारा प्रत्यक्ष नियुक्त गरिएको सरकार छ। हाम्रो बहुदलीय प्रजातान्त्रिक संविधान अक्रियाशील अवस्थामा छ र सबैतिर जनप्रतिनिधिहरूको शून्यता छ। प्रजातन्त्र स्थापना भएको १२ वर्षभित्रै यस्तो प्रतिगमनको स्थिति कसरी भयो? यस्तो स्थितिमा समयमा चुनाव गराउने र जनतामा शान्ति सुरक्षाको अनुभूति दिन यो सरकार सफल हुन सक्ला ? देशलाई माया गर्ने, देशलाई प्रगतिशील दिशातिर डोऱ्याउन चाहने नागरिकहरूको दायित्व के हो त ? यस्तै सामग्रीहरू पनि यो अंकमा प्रस्तुत गरिएको छ।




५

फेरि ब्राजिल संसारभरीका समाचारहरूको ठूलो अक्षर, पहिलो पंक्ति र पहिलो दृश्यमा उभिएको छ। पेलेको नामले विश्व-विख्यात भएको, वैदेशिक ऋण थाप्लामा बोक्नेमा एक नम्बर कुख्यात, जलस्रोत सम्भाव्यतामा शीर्षस्थानमा रहेको देश ब्राजिल अब बामपन्थी र समाजवादीहरूको नेतृत्वमा नयाँ युगमा प्रवेश गरेको छ। जितेका छन् लुलाले राष्ट्रपतिको चुनाव - समाजवादी मजदुर नेताले।

...मान्छे बहुदलको शासनसंग अघाएका थिए भनेर बेस्सरी कुप्रचार गरिएको छ। जनताको पंक्तिमा निराशा छाएको कारण त्यो होइन। जनता कांग्रेसको शासन र केही मानिसले गरेको भ्रष्टाचारसंग वाक्क भएको सत्यलाई सबैले बुझ्नु पर्छ। जनता, बहुदल या बहुदलमा भएको भ्रष्टाचारका कारण दिक्क भएका होइनन्।...



८




११

२०५८ सालको शुरूवातदेखि नै बिग्रेको देशको शान्ति-सुरक्षाको कारणले उद्योग-धन्दा यसै खस्किएको थियो। त्यसमाथि सोही सालको मंसीरमा संकटकाल लागू भएपछि तीव्र गतिमा उद्योग बन्द हुने र मजदुर कटौतीको क्रम शुरू भयो। यसको स्वाभाविक नतीजा प्रतिष्ठान स्तरका ट्रेड यूनियनहरूमाथि पऱ्यो। यद्यपि यो ...


**दुई महिनाको नेपाल / ३**
**धन्यवाद लेफ, धन्यवाद साक ! / १०**
**के वाह्य आप्रवासनले गरीब मुलुकहरूलाई फाइदा पुऱ्याउँछ ? / २७**
**दर्शन भनेको के हो ? - मुकुन्द न्यौपाने / २९**
**जापानः श्रम क्षेत्र र जेण्डर विषय - विन्दा पाण्डे / ३१**
**आफ्नो आस्थामा दृढ कृषि मजदुर खेदु शाह / ३२**
**कृषि मजदुर समस्या र समाधान विषयक परिसंवाद कार्यक्रम / ३५**

## १० वर्ष अधिको श्रमिक खबरबाट

बहुदलीय व्यवस्थामा बहुमत प्राप्त पार्टीले शासन चलाउने हुँदा शासन गर्ने पार्टीले आफ्नो राजनीति अनुरूपको ऐन र नियमहरू संसदमा पेश गर्दछ र विपक्षीको विरोधका वावजुद बहुमतको लाठो हानेर ती ऐन, नियम पास गर्दछ - जनतामाथि थोपर्दछ। हामी विपक्षीहरू सरकारी दमनकारी ऐन नियमको विरोध गर्दछौं र सकेसम्म सहनयोग्य बनाउन प्रयासरत रहन्छौं, रहेका छौं। श्रम ऐनको सवालमा पनि यी कुरा लागू भएका छन्। हाम्रो विरोध नहुँदो हो त श्रम ऐन-०४८ धेरै दमनकारी र मजदुर विरोधी हुने थियो।


**श्रमिक खबर संख्या २५, कार्तिक-मंसीर २०४९**


श्रमिक खबर
"संकल्प दिवस" भव्य रुपमा मनाइने
राष्ट्रिय कार्यकर्ता प्रशिक्षण कार्यक्रम



श्रमिक खबरको स्तर क्रमिक रूपमा सुदृढ हुँदै गएको मैले पाएको छु। श्रमिक खबर ७१ मा प्रस्तुत ग्लोवल यूनियन फेडरेसन्सबारे लेखिएको संक्षिप्त चर्चाले म लगायत मेरा धेरै साथीहरूले ज्ञान हासिल गर्न पाएकोमा खुसी लाग्यो। श्रमिक खबर मासिक रूपमा प्रकाशित होस् यही मेरो कामना !

**– कृष्ण रिमाल, केन्द्रीय उपाध्यक्ष,**
**नेपाल स्वतन्त्र खाद्य तथा पेय मजदुर यूनियन, बुटवल।**



म श्रमिक खवर नियमित पढ्छु। श्रमिकको पत्रिकाले ट्रेड यूनियन सम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय गतिविधिको सूचना प्रवाह गर्नु पर्दछ। साथै कलकारखाना तथा खेतमा काम गर्ने श्रमिकले बुझ्ने सरल भाषामा महासंघ र यस अन्तरगतका घटक यूनियनहरूका गतिविधि सम्बन्धी सूचना पनि प्रवाह गर्नु पर्छ। श्रमिक खवरले यी दुवै दायित्व निभाउन प्रयत्न गरेको मैले महसुस गरेको छु। शब्दचित्र मलाई मनपऱ्यो। मैले यसमा प्रकाशित शब्दचित्र नेस्वमयूद्वारा सञ्चालित प्रशिक्षण कार्यक्रममा प्रस्तुत गर्ने गरेको छु। यसले मेरा साथीहरूलाई पनि राम्रो प्रभाव पार्न सफल भएको छ।

**– खड्ग अधिकारी, केन्द्रीय कोषाध्यक्ष, नेस्वमयू, काठमाडौं।**




श्रमिक खवर ७० अंकदेखि लगातार पढिरहेकी छु। यसमा प्रकाशित हुने दुई महिनाको नेपाल र कार्टुन चित्र महत्त्वपूर्ण छ। संख्या ७० मा प्रकाशित यशोदा धितालसंगको कुराकानीले मलाई सबैभन्दा बेसी छोएको छ। त्यसमा एउटी गरीब महिला जो दुःख गरेर, विभिन्न कष्ट खपेर बाँचकी यशोदा धितालको जीवनी हेर्दा मलाई मेरो जीवनीको याद आयो र उनीप्रति साह्रै दया जागेर आयो। संख्या ७१ मा प्रकाशित 'रोजा लग्जेम्बर्ग' विश्व समाजवादी आन्दोलनका अथक योद्धा जो एक लंगडो भएर पनि पूँजीवादको अन्त्य गर्न सधैं तत्पर रहिन् र सफलताको चरमशिखरमा पुगी एउटी महिला नेताको रूपमा विश्वलाई परिचय गराइन्। उनको जीवनी पढेर मलाई साह्रै उत्साह जागेको छ। म श्रमिक खवर पत्रिका मार्फत नेपाली दिदी बहिनीहरूलाई के भन्न चाहन्छु भने "बाल्यकालमै बिहे नगर्नु, लोग्नेको भरमा मात्र परेर जिन्दगी चलाउन खोज्यो भने ठूलो दुख पाउन सक्छ। त्यसैले सीप सिक्नु पर्छ, दक्ष बन्नु पर्छ, आफ्नो खुट्टामा उभिनु पर्छ !"

**– शारदा भट्ट (आचार्य), इटहरी–२, शान्तिनगर।**



श्रमिक खवरमा मजदुर आन्दोलन र त्यससंग सम्बन्धित घटना पढ्न पाइने हुँदा राह्रै राम्रो लाग्छ। अंक ७१ मा प्रकाशित रोजा लग्जेम्बर्गको प्रोफाइल राम्रो छ। यस्ता प्रोफाइलहरू आगामी अंकमा नियमित प्रकाशित भएमा हाम्रो जस्तो पिछडिएको देशको महिलाहरूलाई आन्दोलनमा सक्रिय हुन सहयोग मिल्नेछ।

**– यादव प्रसाद ढकाल, कार्यालय सचिव,**
**नेपाल अटोमेकानिक्स ट्रेड यूनियन (नाटु), काठमाडौं।**






'मजदुरद्वारा मजदुरका लागि नेपालको पहिलो पत्रिकाको रूपमा प्रकाशित' श्रमिक खबर ६० अंक देखि मैले नियमित पढ्दै छु। यसले समेटेका विषयहरू जस्तै क्रान्तिकारी भूमिसुधार, बालश्रम, कमैया, खम्पा काण्ड, श्रम ऐन, नेपाली ट्रेड यूनियन आन्दोलनका अग्रजहरू, दर्शन शास्त्र, कविता, व्यक्तित्व, शब्द परिचय, घटक यूनियनहरूको परिचय आदि विषयले हामी लाभान्वित भएका छौं।


नेपाल स्वतन्त्र टेक्सटायल गार्मेन्ट मजदुर यूनियनले हटाइसकेको झण्डाको लागो २०५८ सालको अंक ६५ मा छापिंदा अचम्म लाग्यो। यस्तो कमजोरी नदोहोरियोस्। समग्रमा श्रमिक खवरको साजसज्जा स्तरीय छ। मूल्यमा गुनासो गर्ने ठाउँ छैन। मजदुरहरूले बुझ्ने गरी मजदुरका सरोकारका विषयहरूबारे सटिक प्रश्नोत्तर समेत समावेश गरे अझ वेस हुनेथियो।

**केशव दुवाडी, केन्द्रीय सचिव, नेस्वटेगामयू, काठमाडौं।**



श्रमिक खवर भर्खर मात्र मेरो हातमा पऱ्यो। यसमा प्रकाशित ज्ञानवर्द्धक कुराहरू, जनचेतना सन्देशहरू, श्रमिकसंगको कुराकानी, कृषकका समस्या, आवरण आदिले मेरो मन छोयो। यी लेखहरू पढे पछि आफूमा भएको पीडा र व्यथा केही जस्तो लागेन। म श्रमिक खवरको नियमित पाठक बन्न चाहन्छु।

**– मनु कलाङ (सुनुवार) "बेसहारा आँसु", उदयपुर, हाल काठमाडौं।**



श्रमिक खवर श्रमिक जगतको दुःख सुखको साथी बनेको छ। यसमा छापिने समाचारहरू, सुख–दुःखका अन्तरवार्ताहरू एकदमै स्तरीय छ। श्रमिक खवरलाई अझ प्रभावकारी बनाउन यसमा सरल भाषा प्रयोग हुनु पऱ्यो। नत्र अनपढ मजदुरहरूलाई राम्रो खुराक पाएर पनि हातबाट उम्कन सक्छ। श्रमिक खवरमा मजदुरहरूले कोरिएका कविताले पनि स्थान पाएमा अझ राम्रो हुने थियो कि ?

**– रामचन्द्र अधिकारी, नेस्वकेआमयू, अध्यक्ष, अग्रणी आल्मुनियम प्रा. लि.**

# दुई महिनाको नेपाल

## (२०५९ भदौ १६ – २०५९ कार्तिक १५)

**भदौ १६ :** नेपाललाई बेल्जियम सरकारद्वारा चुनावपछि मात्र हतियार उपलब्ध गराउने।

**भदौ १७ :** देउवा कांग्रेसका भक्तपुर जिल्ला सभापति राधेश्याम जोन्छेमाथि अज्ञात व्यक्तिद्वारा गोली प्रहार।

: अमेरिकी राजदूतद्वारा नयाँ सुरक्षा रणनीति अपनाउन श्री ५ को सरकारलाई सुझाव।

**भदौ १८ :** माओवादीद्वारा चितवनमा पाँच स्कूल बसमा आगजनी गरी क्षति गरिएको।

: अनेरास्ववियूको १६ औं सम्मेलनको उद्घाटन।

**भदौ १९ :** निर्माण तथा भौतिक योजना मन्त्री चिरन्जीवी वाग्लेको काठमाडौं र चितवनमा करोडौं मूल्यका जग्गा रहेको कुरा सार्वजनिक

: नेपाली रोबोट दक्षिण एशियामै सर्वोत्कृष्ट।

**भदौ २० :** माओवादीद्वारा सबै राजनीतिक शक्तिबीच 'गोलमेच सम्मेलन' को माग गर्दै सो सम्मेलनमा राजा र सेनालाई समेत समावेश गर्नु पर्ने विचार प्रकाशित।

**भदौ २१ :** सम्पत्ति छानवीन गर्न गिरिजाप्रसाद कोइराला सहित १६ महत्त्वपूर्ण व्यक्तिको बैंक खाता विवरण माग।

**भदौ २२ :** राष्ट्रिय सभा सदस्य दीप्त प्रकाश शाहको राजीनामा स्वीकृतिमा गम्भीर संवैधानिक तथा कानूनी त्रुटी भएको समाचार प्रकाशित।

: सम्पत्ति आयोगद्वारा पूर्वजलस्रोत राज्यमन्त्री लक्ष्मण घिमिरे र जलस्रोत सचिव लोकमान सिंह कार्की तथा उनका परिवारका नाममा रहेको बैंक खाता विवरण माग।

**भदौ २३ :** माओवादी नेता बामदेव क्षत्रीलाई दिल्ली प्रहरीद्वारा स्थानीय जवाहरलाल नेहरू विश्वविद्यालय परिसरबाट पक्राउ।

**भदौ २४ :** माओवादीद्वारा सिन्धुली जिल्लाको भिमान चौकीमा आक्रमण, ४९ प्रहरीको मृत्यु।

**भदौ २५ :** माओवादीद्वारा अर्घाखाँची सदरमुकाम सन्धिखर्कमा आक्रमण ६५ सुरक्षाकर्मीको मृत्यु, सबैजसो सरकारी कार्यालय ध्वस्त।

: औद्योगिक उत्पादन सूचकांकमा दर ऋणात्मक वृद्धि, ऊनी गलैंचा, तयारी पोशाक, पेय पदार्थको उत्पादनमा ठूलो गिरावट, सिमेन्ट, इटा, साबुनजस्ता वस्तु उत्पादनमा वृद्धि।

**भदौ २६ :** सन्धिखर्क आक्रमणमा हराएका ७९ सुरक्षाकर्मी सम्पर्कमा, जिल्ला सीमामा थप भिडन्त, माओवादीतर्फ मारिनेको संख्या डेढसय।

**भदौ २७ :** सरकारले चाहेमा युद्ध विराम गरी वार्तामा आउन तयार रहेको कुरा माओवादी नेता प्रचण्डद्वारा व्यक्त।

**भदौ २८ :** सर्वदलीय बैठकमा चुनाव फागुन देखि गर्न प्रहरी महानिरिक्षक प्रदिप शमशेर जवराको प्रस्ताव। सबै पार्टी कार्तिकमै चुनाव गर्नु पर्ने अडानमा।

**भदौ ३० :** सरकार र निर्वाचन आयोगले प्रजातन्त्रलाई संकटमा पार्न खोजेको एमालेको आरोप।

: अदालतका तल्लोतहका कर्मचारीको समेत सम्पत्ति छानवीन गरिने।

: प्रजातन्त्र अप्ठ्यारोमा परे चुप लागेर नबस्ने कृष्ण प्रसाद भट्टराईद्वारा प्रतिबद्धता व्यक्त।

**भदौ ३१ :** राजा र पार्टीहरू बीच विश्वासको संकट बढेको कुरा गिरिजाप्रसाद कोइरालाको दावी।

: सरकार र माओवादी दुवैलाई वार्तामा आउन सबै राजनीतिक पार्टीद्वारा आग्रह।

**असोज १ :** भूपू सैनिक भर्ना व्यवस्था नियमावली २०५९ लागू, जसमा १५ हजार भूतपूर्व सैनिकलाई तत्काल शाही नेपाली सेनामा भर्ना गरिने।

: निर्वाचन कार्यक्रम घोषणा गर्न शान्ति सुरक्षाको कारणले गर्दा निर्वाचन आयोगले विलम्ब गरेको निर्वाचन आयोगद्वारा जानकारी।

: वार्ताका लागि माओवादीलाई नभई सरकारलाई दवाव दिन दश वटा प्रतिपक्षी दललाई प्रचण्डद्वारा अनुरोध।

**असोज २ :** निर्वाचन आयोगले गिरिजा प्रसाद कोइरालाले नेतृत्व गरेको नेपाली कांग्रेसलाई निरन्तरता दिंदै निर्वाचन चिन्ह रुख र झण्डा सोही पार्टीको रहेको घोषणा, देउवाद्वारा नेतृत्व गरिएको पार्टीलाई नयाँ दल दर्ता गर्ने अवसर प्रदान।

**असोज ४ :** पत्नीको दाहसंस्कारका लागि धन बहादुर गुरुङलाई लिन सोलुखुम्बु गएको हेलिकप्टर माथि माओवादी सशस्त्र विद्रोहीद्वारा आक्रमण गरी ध्वस्त।

**असोज ५ :** रामेछाप जिल्लाको गोठगाउँ स्थित चण्डेश्वरी माविका दुई सय विद्यार्थी र ५ शिक्षकलाई माओवादीले अपहरण।

**असोज ६ :** मुलुकका प्रमुख राजनीतिक दलका नेताहरूले कार्तिक २७ गते निर्वाचन हुन नसक्ने ठहर। राजाले दलहरूको सल्लाहमा बाधा अड्काउको अधिकार प्रयोग गर्नु पर्ने दावी।

**असोज ७ :** 'बाधा अड्काउ फुकाउने अधिकार' प्रयोग गरी प्रतिनिधि सभा पुनः स्थापना गर्न श्री ५ मा आग्रह गर्ने विषयमा प्रमुख चार वटा राजनीतिक दलहरू बीच छलफल।

: रोल्पा र चितवनमा भएको भिडन्तमा ३९ माओवादी, एक सैनिक र एक बालिकाको मृत्यु।

**असोज ८ :** प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा नेतृत्व गरिएको नेपाली कांग्रेस प्रजातान्त्रिक नामको दल दर्ता।

: समयमै निर्वाचन हुनेमा राजनीतिक दलहरूले अविश्वास गर्नु पर्ने कुनै कारण नभएको प्रधानमन्त्री देउवाको दावी।




साभारः कान्तिपुर

**असोज ९ :** मकवानपुर जिल्लाको खैराङ गाविसमा फैलिएको अज्ञात रोगबाट ३२ जनाको मृत्यु २०० जना प्रभावित ५० जना चिन्ताजनक।

: निर्धारित मितिमा निर्वाचन नभएमा प्रतिनिधि सभा स्वतः पुनर्स्थापना हुने तर्क सर्वोच्च अदालतका पूर्व न्यायाधिश लक्ष्मण अर्यालको तर्क।

: कृषि श्रमिकले निर्धारित ज्याला नपाएको सरकारी ठम्याइ, मुलुकभर छरिएर रहेका करीब १३ लाख ११ हजार कृषि श्रमिकलाई ज्यालादर लागू गराउन पहल गर्ने कुरा श्रम विभागद्वारा दावी।

**असोज ११ :** मुलुकका ६ वटा राजनीतिक दलहरूले सरकारलाई विद्यमान समस्याको निकासका लागि जनादेश प्राप्त राजनीतिक दलहरूसंग समझदारी र सहमति कायम गरी संविधान सम्मत दिशामा अग्रसर हुन आग्रह गर्दै ज्ञापनपत्र पेश।

**असोज १३ :** निर्वाचन आयोगद्वारा ६ चरणको निर्वाचन कार्यक्रम घोषणा, निर्वाचन कार्यक्रम अस्वाभाविक र आश्चर्यजनक भएको राजनीतिक पार्टीहरूको दावी।

: नेपाली कांग्रेस (प्रजातान्त्रिक) लाई कलश चुनाव चिन्ह प्रदान।

**असोज १४ :** निर्वाचनको संविधान सम्मत विकल्प खोज्न प्रधानमन्त्रीलाई ६ वटा राजनीतिक दलहरूद्वारा म्यान्डेट।

**असोज १५ :** मुलुकमा रक्तपातको स्थिति रहेको कारणले निर्वाचन सारिने विचार प्रधानमन्त्रीद्वारा व्यक्त

**असोज १६ :** चुनावमा सुरक्षा दिन सकिने कुरा शाही नेपाली सेनाले पत्रकार सम्मेलन गरी व्यक्त।

**असोज १७ :** संविधानको धारा १२७ को प्रयोग गरी प्रतिनिधि सभा पुनः स्थापना गर्नु सर्वोत्तम हुने पूर्व प्रधान न्यायाधीश विश्वनाथ उपाध्यायका व्याख्या।

**असोज १८ :** निर्वाचन एक वर्ष पछि २०६० मंसीर ३ मा सार्न प्रधानमन्त्रीद्वारा श्री ५ मा सिफारिस।

**असोज १९ :** असोज १८ गते संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रप्रति श्री ५ बाट निष्ठा व्यक्त गर्दै प्रधानमन्त्री शेरबहादुर देउवा पदमुक्त गरेको घोषणा, अर्को व्यवस्था नभएसम्म मुलुकको कार्यकारी अधिकारी राजाद्वारा ग्रहण, निर्वाचन स्थगित, नयाँ मन्त्री परिषदको गठनको लागि पाँच दिनभित्र स्वच्छ छवि भएका व्यक्तिहरूको सिफारिस गर्न राजनीतिक पार्टीहरूलाई आव्हान।

: राजाको घोषणा अप्रत्याशित र आश्चर्यजनक भएको निवर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाको भनाइ।

**असोज २० :** सर्वदलीय सहमतिमा निकास खोज्न मुलुकका प्रमुख राजनीतिक दलहरूद्वारा माग।

: निर्वाचन स्थगित हुनु दुर्भाग्य भएको छिमेकी मुलुक भारतको प्रतिक्रिया।

: विघटित सरकारका मन्त्रीहरूमाथि कडा निगरानी।

**असोज २२ :** साझा सहमति विनाको सरकारमा सहभागी नहुने सर्वदलीय निर्णय।

: प्रजातन्त्रको पूर्णताको निम्ति सहकार्य गर्न डा. बाबुराम भट्टराईको आग्रह।

: नेपालमा चुनाव हुन नसक्ने स्थिति खेदजनक भएको अमेरिकाद्वारा प्रेसित विज्ञप्तिमा

उल्लेख।

**असोज २३ :** पूर्व मन्त्रीहरू चिरञ्जीवी वाग्ले, जयप्रकाश गुप्ता र राधाकृष्ण मैनालीसंग अख्तियारले बयान।

: श्री ५ संग दर्शनभेट गर्ने ६ दलको प्रयत्न विफल।

**असोज २४ :** शाही घोषणा संविधानको सीमा बाहिर भएकोले सीमा नाघेको दावी गर्दै शाही घोषणाको स्वागतको नाममा राष्ट्रिय झण्डाको दुरूपयोग नगर्न एमाले महासचिवको चेतावनी।

**असोज २५ :** राजतन्त्र र राजनीतिक पार्टीहरू बीच दूरी बढ्नु प्रत्युत्पादक हुन सक्छ भन्ने नेपाल स्थित विदेशी कुटनीतिज्ञहरूको भनाइ।

**असोज २६ :** असोज २५ गते राजाबाट लोकेन्द्र बहादुर चन्दको प्रधानमन्त्रीत्वमा जिम्मेवारी बाँडफाँड सहित ९ जना मन्त्री मण्डल गठनको घोषणा।

: प्रधानमन्त्री र मन्त्री मण्डलको गठन प्रक्रियालाई लिएर शाही सम्बोधनको कमजोरी नसच्चिएको राजनीतिक दलहरूको टिप्पणी।

**कार्तिक १ :** पत्रकार कृष्ण सेनलाई गिरफ्तार गरिएको आठौं दिनमा हत्या गरिएको विवरण 'रिपोर्टर विथआउट बोर्डर' द्वारा सार्वजनिक।

**कार्तिक २ :**रुकुममा सात महिना पछि जहाज पुग्दा माओवादीद्वारा पुनः गोली प्रहार।

**कार्तिक ४ :** कार्तिक ३ गते एमालेद्वारा चियापान आयोजना जसमा राजालाई संवैधानिक दायरामा आउन सबै राजनीतिक दलहरूद्वारा आग्रह।

: अभिनेत्री श्रीसा कार्की आत्महत्या प्रकरणमा




साभारः समाचारपत्र

आरोपित निर्मात्री सुनिता खड्का पक्राउ।

: राजनीतिक पार्टीहरू संविधान सभाका लागि तयार हुनु पर्ने कुरा नेपाली कांग्रेसका नेता नरहरी आचार्यको टिप्पणी।

**कार्तिक ५ :** चन्द मन्त्री परिषदको पहिलो औपचारिक बैठक, सरकारले राष्ट्रिय सहमति जुटाउन पहल गर्ने।

**कार्तिक ६ :** राष्ट्रिय मानव अधिकार आयोगको प्रतिनिधि मण्डलद्वारा प्रधानमन्त्रीलाई भेटी माओवादीसंग वार्ता गर्न केही समय युद्ध विराम गर्न आग्रह।

**कार्तिक ७ :** राष्ट्रिय मानव अधिकार आयोगद्वारा माओवादीलाई मानव अधिकार उल्लंघन नगर्न सरकारलाई आग्रह।

**कार्तिक ८ :** स्वास्थ्य मन्त्री उपेन्द्र देवकोटाले स्वास्थ्य सुधार कार्यक्रमका साथै चालु आ.व. भित्रै स्वास्थ्य बीमा प्रणाली शुरू गरिने घोषणा।

: माओवादीसंगको वार्तामा राष्ट्र संघद्वारा सहयोग गर्ने धारणा व्यक्त।

**कार्तिक ९ :** माओवादी अध्यक्ष प्रचण्डद्वारा आफ्नो पार्टी लगायत सबै राजनीतिक दल, बौद्धिक समुदायको प्रतिनिधि र राजा समेत बसेर राजनीतिक निकास दिन सकिने वक्तव्य प्रकाशित।

: अख्तियारले शाही नेपाल वायुसेवा निगमका अध्यक्ष रामाज्ञ चतुर्वेदी र निर्माण, आवास तथा भौतिक योजना मन्त्रालयका सहसचिव आनन्द खनालको घरमा छापा।

: पूर्व प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाद्वारा प्रजातन्त्र पुनर्स्थापना लगत्तै यस विरुद्ध "ग्राण्ड डिजाइन" शुरू भएको र त्यसै अन्तर्गत दरवार हत्याकाण्ड भएको दावी।

: हिमाल सिमेन्ट कम्पनीलाई राजधानीको चोभारबाट उपत्यका बाहिर सार्ने तथा त्यहाँ कार्यरत ७ सय भन्दा बढी कर्मचारीलाई अवकास दिने सरकारी निर्णयलाई सर्वोच्चद्वारा बदर।

**कार्तिक १२ :** ओखलढुंगामा सुरक्षा फौज र माओवादीहरूको बीचमा भिडन्त, ३२ माओवादी मारिए, क्याप्टेन सहित २ सैनिकको मृत्यु, ढुम्कीवास चौकीमा माओवादीद्वारा गरिएको आक्रमणमा ४ प्रहरी मारिए र १७ जना वेपत्ता।

: श्री ५ को सरकारद्वारा संस्थान सरकारी निकायका राजनीतिक नियुक्ति हटाउने निर्णय।

: उच्चस्तरीय समितिद्वारा कानूनमा पचासभन्दा बढी व्यवस्था महिला विरुद्ध भएको ठहरका साथै संशोधन तथा सुधार गर्ने सुझाव।

**कार्तिक १३ :** संवैधानिक त्रुटी सच्याउन विलम्ब नगर्न प्रमुख राजनीतिक दलका नेताहरूको चेतावनी।

: राजा र राजनीतिक दलहरू बीच एकता हुनु पर्ने भारतीय दृष्टिकोण भारतीय विदेश मन्त्रालयका प्रवक्ताद्वारा व्यक्त।

**कार्तिक १४ :** पूर्व मन्त्रीहरू खुमबहादुर खड्का र जयप्रकाश प्रसाद गुप्तालाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगद्वारा थुनामा राख्ने निर्णय।

**कार्तिक १५ :** माओवादी जनयुद्धका शुरूवात भएको २०५२ साल फागुन १ गतेदेखि हालसम्म ७०८३ व्यक्तिले ज्यान गुमाएको शाही नेपाली सेना र गृह मन्त्रालयद्वारा जानकारी प्रकाशित।

**प्रस्तुति : विदुर कार्की**

## पछिल्लो अवधिमा विश्व

"अहिले नै केही गरौं !" यो नारा आज भोलि एउटा इन्टरनेट अभियानमा देखिन थालेको छ। र यसलाई प्रचार गरिरहेको छ- ट्रेड यूनियनको लागि बनाइएको अनलाइन इन्टरनेट समाचार सेवा - लेबोरस्टार्ट डट ओआरजी। पछिल्लो अवधिमा (जुलाई देखि अहिलेसम्म) विश्वमा ११ वटा ताता श्रम विवाद भए। तिनीहरू मध्ये ३ वटा अहिले लिस्टबाट हटाइएको छ।

"कम्प्युटरको माउसलाई 'क्लिक' गरेर तपाईं विश्व परिवर्तन गर्न सक्नुहुन्छ। तपाईं हडतालमा बसेका मजदुरहरूलाई, कामबाट निकालिएको विश्वका सहकर्मीहरूलाई र मालिकहरूबाट ट्रेड यूनियन अधिकार खोसिएकाहरूलाई आफ्नो ऐक्यबद्धता जनाउन सक्नुहुन्छ।"

यो सन्देश सहित लेबोर स्टार्टले निम्न अभियानमा सामेल हुन आव्हान गरेको छ। यो अभियानलाई नै हामीले बितेका महिनाको चर्चित श्रम विवादको रूपमा प्रस्तुत गरेका छौं।

**संयुक्त राज्य अमेरिका**

- आज्टेका फुड्स - सम्झौताको समय भयो (अक्टोबर २८, २००२) सिकागोका मजदुरहरूले आफ्ना मालिकहरूले श्रम कानून लागू गरेनन् भनी शुरू गरेको धर्ना अभियान। थुप्रै संस्थाहरूले संझौताको लागि आव्हान गर्दा पनि कम्पनी अटेर बनिरहेका छ। आउनुस् तपाईं पनि एक धक्का मार्नुहोस्।
- लुफ्थान्सालाई भनौं, एलएसजी स्काइ सेफसंग सम्झौता गर (अक्टोबर ११, २००२) लुफ्थान्सा हवाइजहाजमा खानेकुरा आपूर्ति गर्ने (क्याटरिङ्ग) १० हजार अमेरिकी मजदुरहरू अप्रिल २००० देखि नै नयाँ सम्झौताको लागि प्रयासरत छन्। उनीहरूको मुख्य माग आफू र आफ्ना परिवारका लागि स्वास्थ्य सेवा दिइयोस् भन्ने छ।

**श्रीलंका :** ४७ जना मजदुरहरूलाई पुनर्बहाली गर (अक्टोबर २७, २००२) स्टान्डर्ड चार्टर्ड बैंक र ग्रिण्डलेज बैंकलाई आपसमा विलय गर्ने निर्णय भयो। डिसेम्बर २००२ सम्ममा यो काम सम्पन्न गर्ने मुख्यालयले निर्देशन पनि दियो। तर ग्रिण्डलेज बैंकमा काम गर्ने ४७ जनालाई बहाली नगर्ने निर्णय व्यवस्थापनले गर्‍यो। ४७ जना मित्रहरूलाई काममा लगाउनुको बदला एक-एक गरी दवाव दिने काम व्यवस्थापनले गर्दैछ, आउनुस् हामी सबै मिली दवाव दिऔं।

**अर्जेन्टिना :** ब्युनस आइरसमा भूमिगत काम गर्ने मजदुरप्रति ऐक्यबद्धता जाहेर गरौं ! तिनीहरू उपयुक्त कार्यावस्था, कार्यथलोको सुरक्षा र ६ घन्टे श्रम-दिवसको माग गरिरहेका छन्। ती कमरेडहरू न्याय र समानताको लागि संघर्षरत छन्। ती मजदुरहरूले स्थानीय विधायकबाट प्रवल बहुमतले (६० मध्ये ५७) कामको घन्टा ६ बाट नबढ्ने कानून समेत पास गराएका छन्। तर ब्युनसआयर्सका मेयरले भिटो प्रयोग गरी श्रमको शोषण गर्नेको पंक्तिमा आफूलाई उभ्याएका छन्।

**अन्य**

**नर्वे :** आइसल्याण्ड लर्भिकका हडताली श्रमिकप्रति ऐक्यबद्धता जनाऔं! (अभियान शुरू सेप्टेम्बर ५, २००२)

**कंगो :** ट्रेड यूनियन नेताको गिरफ्तारी र जेल सजायको विरोध गरौं! (अभियान शुरू जुलाई २३, २००२)

**दक्षिण कोरिया :** बन्दी यूनियन नेतालाई रिहा गर (अभियान शुरू जुलाई ११, २००२)

**इन्डोनेसिया :** सांग्रिला होटलका मजदुरलाई पुनर्बहाली गर ! (अभियान शुरू जुलाई २००२)

**सफल अभियान**

**अस्ट्रेलिया :** सिड्नी हिल्टन होटल (सेप्टेम्बर १२, २००२) : यो अभियान सकियो। मजदुरहरूले सफलता पाए।

**थाइल्याण्ड :** सामसेनेट लगेज सब कन्ट्राक्टरले मजदुरलाई निकाल्यो (सेप्टेम्बर ५, २००२) उपलब्धि सहित यो अभियान समाप्त भयो।

**असफल अभियान**

**बेलासरु :** मजदुरलाई दुःख नदेऊ लुकासेन्को ! (अगस्ट २९, २००२) - यूनियनका कार्यकर्तालाई किनेर राष्ट्रपति लुकासेन्कोले यो अभियान असफल पारे।

**प्रस्तुति : विष्णु रिमाल**

# बधाई कमरेड

हामी हालै सम्पन्न ब्राजिलको राष्ट्रपति चुनाबलाई ध्यान दिएर हेरिरहेका थियो र विश्वस्त थियौं- यस पटक जनमुखी र श्रमिकमुखी शक्तिहरूकै विजय हुनेछ। अन्ततः यही नै सत्य सावित भयो। ठूलो अन्तरका साथ र ब्राजिलीयन समाजका बहुसंख्यक भागबाट ठूलो समर्थन पाएर तपाईं विजयी हुनु भएको छ। हाम्रो बधाइ ! हार्दिक बधाइ कमरेड !

हामी विश्वास गर्छौं, ब्राजिलको इतिहास अब वास्तवमा साँच्चैको कोशेढुंगामा आइपुगेको छ। १९६४ देखिको लामो कठिन संघर्षले १९८० मा आइपुग्दा महत्त्वपूर्ण मोड टेकेको थियो र त्यो मोड हो- श्रमिक दल (पीटी) को स्थापना। इतिहासको अर्को मोड त्यसवेला आइपुग्यो, जब श्रमिकदलले जितेका राज्य र नगरपालिकाहरूमा स्थानीय सरकारहरू ज्यादै सफल र प्रभावकारी प्रमाणित भए। यहींबाट जनतामा नयाँ आशा उम्रिन थाल्यो। यसै क्रममा, वर्तमान विजयले श्रमिक वर्ग र समाजवादको पक्षमा जनताको शक्तिलाई प्रदर्शित गरेको छ। जुझारु, जनआधारित र श्रमिकमुखी ट्रेड यूनियन केन्द्रको रूपमा हामी तपाईं र पीटीको यस विजयलाई भावनात्मक किसिमले आफ्नै विजय मानिरहेछौं। ब्राजिलमा तपाईंको यस विजयले आफू पनि एक कदम अगाडि बढेको अनुभूति गरिरहेछौं। तपाईंको विजयसंगै संसारभरीकै श्रमिकहरू एक कदम अघि बढेका छन् भन्ने हामीलाई लागेको छ। आशा गरौं, यो शुरूआत मात्र हो र ब्राजिल तथा विश्वकै श्रमिक र जनताका लागि आउँदा दिनहरूमा महत्त्वपूर्ण उपलब्धिहरू पर्खिरहेका छन्। हामी न्यानो ऐक्यबद्धता र आगामी उज्याला दिनहरूको पक्षमा शुभकामना व्यक्त गर्दछौं।

**हार्दिक ऐक्यबद्धता र हार्दिक शुभकामना !**

**(जिफन्टको तर्फबाट अध्यक्ष मुकुन्द न्यौपानेद्वारा ब्राजिलका नवनिर्वाचित राष्ट्रपति लुइज इनासिओ लुला डा. सिल्भालाई पठाइएको बधाइ सन्देश)**



# मजदुर नेता लूलाको विजय : विश्वकै मजदुरहरूको विजय

फेरि ब्राजिल संसारभरीका समाचारहरूको ठूलो अक्षर, पहिलो पंक्ति र पहिलो दृश्यमा उभिएको छ। पेलेको नामले विश्व-विख्यात भएको, वैदेशिक ऋण थाप्लामा बोक्नेमा एक नम्बर कुख्यात, जलस्रोत सम्भाव्यतामा शीर्षस्थानमा रहेको देश ब्राजिल अब बामपन्थी र समाजवादीहरूको नेतृत्वमा नयाँ युगमा प्रवेश गरेको छ। जितेका छन् लुलाले राष्ट्रपतिको चुनाव - समाजवादी मजदुर नेताले।

झण्डै १४ वर्ष अघि सन् १९८९ मा पनि लूला नै थिए उम्मेदवार राष्ट्रपतिको पदमा। सैनिक तानाशाही विरुद्धको संघर्षकै क्रममा सन् १९८० मा स्थापित भएको श्रमिक दल (ब्राजिलकै भाषामा छोटकरीमा पीटी) ले १९८९ देखि मात्र ब्राजिलको प्रमुख ट्रेड यूनियन केन्द्र कुट (CUT) को समर्थन पायो। श्रमिक र युवा विद्यार्थीमा मात्र आधारित पीटीले पछिल्लो अवधिमा चर्चको प्रगतिशील पक्ष र महिला तथा किसान आन्दोलनको पनि समर्थन पाउँदै गयो तर पनि १९९४ र १९९८ को राष्ट्रपति निर्वाचनमा समेत उम्मेदवार रहेका लूला झिनो मतले पराजित भएका थिए।

आय र सम्पत्तिको वितरणमा ज्यादै ठूलो विषमता रहेको ब्राजिलमा २० प्रतिशत सम्पन्नहरूको भागमा देशको ८० प्रतिशत सम्पत्ति पर्छ र १ प्रतिशत भूमिपतिहरू कृषियोग्य भूमिको ४४ प्रतिशतमा रजाईं गरिरहेछन्। जथाभावीको आर्थिक उदारीकरण र अन्ध निजीकरणले विषमताको आगोमा झन् मट्टितेल थप्दै आएको छ। अपराध जल्दोबल्दो र फस्टाउँदो रहेको ब्राजिलमा मजदुर नेताहरूको हत्यामा पनि लामो श्रृंखला छ। भाडाका हत्याराहरूको प्रयोगबाट गत ५/६ वर्षको अवधिमा मात्र पनि १२०० भन्दा बढी मजदुर नेता कार्यकर्ताहरूको हत्या भएको छ। तर यसले 'कुट' को शक्ति घटेको छैन, बढ्दै गएको छ। अब आशाको केन्द्र भनेकै नव उदारवादी नीतिहरूको बाढीलाई रोकेर राष्ट्रको स्वार्थ अनुकूल सामाजिक किसिमले जानसक्ने सरकार हो। यही माग ब्राजिलको साझा स्वार्थ बनेको छ। त्यसैले उद्यमी र व्यवसायीहरूको पनि ठूलो भाग यस पटक पीटी र लूलाको पक्षमा आइपुगेको छ। सदनको माथिल्लो र तल्लो दुवै भागमा पीटीको उपस्थिति कमजोर नै छ। तल्लो सदनमा ५१३ मध्ये ५९ र माथिल्लोमा ८१ मध्ये ७ जना मात्र पीटीका सांसद भए पनि स्थानीय निकायहरूमा पीटी प्रभावशाली रहेको छ। 'साओ पाउलो', 'पोर्टो एलेग्रे' र 'बेलो होरिजन्टे' लगायत ठूला शहर र सयकडौं सानाशहरहरूमा सहभागितामूलक बजेटको माध्यमबाट आम जनताको मन जित्न सफल भइसकेको छ पीटी। ब्राजिलको दक्षिणी प्रान्त रियो ग्रान्ड डे सुल पीटीकै नेतृत्वमा तीव्र गतिले उन्नत भएको उदाहरणले ब्राजिलका जनतालाई नयाँ आशाका किरणहरू देखाएको छ।

धेरै बाम दलहरूमा विश्वभरी नै देखिने सिद्धान्तका नाममा जडता बोक्ने रोगबाट पीटी मुक्त छ शुरूदेखि नै। त्यसैले यो २२ वर्षकै आयुमा पीटी लोकप्रियताको शिखरमा छ। ब्राजिलका दुई कम्युनिस्ट पार्टीहरू र सुकुम्बासीहरूको प्रभावशाली संगठन एमएसटीको समेत दह्रो समर्थनले लूलाकै पक्षमा छ। त्यसैले यस पटकको राष्ट्रपति चुनावले तीन पटकको झिनो मतको पराजयलाई प्रवल मतको समर्थनबाट विजयमा फेर्ने निश्चित प्रायः भइसकेको थियो। अक्टोबर ८ को प्रथम चरणको निर्वाचनमा कसैको पनि बहुमत पुग्न नसके पनि दोस्रो चरणको निर्वाचनबाट अक्टोबर २७ का दिन आएको परिणामले ६१.४ प्रतिशत भन्दा बढी मतका साथ लुइस इनासियो लुला दा सिल्भा नयाँ राष्ट्रपतिका रूपमा विजयी भएका छन्। निकटतम प्रतिद्वन्द्वीले ३८.५ प्रतिशत मत मात्र प्राप्त गर्न सके। २००३ जनवरी १ देखि आफ्नो राष्ट्रपतीय पदको कार्यभार 'लूला' ले सम्हाल्नेछन्। लेथ मेसिन चलाउने एउटा धातु श्रमिक राष्ट्रपतिको रूपमा विशाल राष्ट्रलाई चलाउने मोडमा आइपुगेका छन्।

यो विजय समाजवादीहरू, बामपन्थीहरू र कम्युनिस्टहरूको विजय भन्दा पनि पहिलो विजय विश्वका मजदुरहरूको हो। लूला सफल भए र ब्राजिलको कायाकल्प हुनसक्यो भने फेरि समाजवाद र बामपन्थको पक्षमा नयाँ लहर उकालिंदै जानेछ। मजदुर आन्दोलनको पनि महत्त्व र प्रभावले नयाँ उचाइ हुनेछ। नेपालको राष्ट्रिय मजदुर आन्दोलन, नेपाल ट्रेड यूनियन महासंघ र यसका १५ वटै घटक तथा नेपाली मजदुर वर्गको तर्फबाट नव निर्वाचित राष्ट्रपति लूला, ब्राजिलियन मजदुर वर्ग र कुटलाई न्यानो बधाइ ! युगान्तकारी कार्यकाल बनोस् आगामी ४ वर्षको अवधि लूलाको, पीटीको, समाजवादीहरूको, बामपन्थीहरूको तथा मजदुर आन्दोलनको - हाम्रो हार्दिक शुभकामना !

**प्रस्तुति : उमेश उपाध्याय**

## लुला : जीवनयात्राको एक झलक

२७ अक्टोबर २००२ मा राष्ट्रपतिको रूपमा लुला विजयी घोषित भएपछि उनको जीवन कथामा चलचित्र बनाउने चर्चा पनि शुरू भइसकेको छ। लुलाको जीवनकथा निरन्तर संघर्षको एउटा रोचक जीवन्त र प्रेरणादायी वास्तविकता पनि हो। आजभन्दा ५७ वर्ष अघि उनी ब्राजिलको पिछडिएको उत्तरपूर्वी क्षेत्रमा गरीब कृषि श्रमिक परिवारमा जन्मेका थिए। गरीब किसानका २२ सन्तानमध्ये एउटा थिए लुला। आफ्ना सन्तानलाई स्कूल पठाउनु सट्टा कुटी-कुटी काममा पठाउँथे। ट्रकमा बसेर ७ वर्षको उमेरमा आमा, ६ जना दाजु, दिदी, भाइ, बहिनी संगै १३ दिन लामो यात्रा गरेर उनी साओ पाउलो नजिकै समद्री किनारको सानो शहरमा पहिले नै आइसकेका उनका बाबु र सौतेनी आमा तथा अरु बच्चाबच्चीलाई भेट्न आएपछि उनको जीवनकथाले अर्को मोड लियो।

जुत्ता पालिस गर्ने फुच्चे केटोबाट शुरू भएको उनको संघर्ष र जीवनयात्रा जवान मेकानिक्सको रूपमा गतिशील हुनपुग्यो। उनी साओपाउलो कार मजदुर यूनियनका नेता बन्न पुगे। सैनिक तानाशाही विरुद्धको संघर्षमा मजदुर शक्तिको परिचालनको क्रममा उनी नेताको रूपमा ब्राजिलभरि स्थापित भए। यही हड्ताल क्रमले आन्दोलनले जन्मायो, पीटी र लुलाको संयुक्त यात्रामा ब्राजिलको पीटी लेटिन अमेरिकाको सबैभन्दा ठूलो बामदल बन्यो र एकपछि अर्को विजय प्राप्त गर्दै गयो। विश्वको चौथो सबैभन्दा ठूला प्रजातान्त्रिक देश र नवौं ठूलो अर्थतन्त्रलाई राष्ट्रपतिको रूपमा नेतृत्व गर्ने जिम्मा आज लुलाको काँधमा इतिहासले दिएको छ।

## ब्राजिलको सदन, च्याम्बर अफ डेपुटीज पार्टीहरूको स्थिति

| | २००२ | १९९८ |
|---|---|---|
| श्रमिक दल (पीटी) | ९१ | ५८ |
| कम्युनिस्टहरू (आइसी एलओबी) | १२ | ७ |
| उदारवादीहरू (पीसी) | २६ | १२ |
| पपुलर समाजवादी (पीपीएस) | १५ | ३ |
| समाजवादी (पीएसबी) | २२ | १९ |
| प्रजातान्त्रिक श्रम दल (पीडीटी) | २१ | २५ |
| श्रम दल (पीटीबी) | २६ | ३१ |
| सामाजिक प्रजातन्त्रवादी (पीएसडीटी) | ७१ | ९९ |
| प्रजातान्त्रिक आन्दोलन पार्टी (पीएमडीबी) | ७४ | ८२ |
| उदारवादी मोर्चा (पीएफएल) | ८५ | १०६ |
| प्रगतिशील दल (पीपीबी) | ४८ | ६० |
| अन्य | २२ | ११ |

# राजनीतिको प्रतिगमन र नागरिकको जिम्मेवारी

– प्रदिप नेपाल, प्रवक्ता नेकपा (एमाले)

**संकटकालको आरम्भ**

२०५८ सालको मंसीर महिना नेपाली राजनीतिको प्रतिगमनको आरम्भ थियो। राजनीतिसंग जोडिएका कुनै पनि समस्याको समाधान, बलद्वारा खोज्ने चेतना स्वयंमा प्रतिगमनकारी हो। यो चेतनाले समाज, राष्ट्र र जनता सबैको कुभलो गर्छ। बन्दुकको बलमा शासन गर्ने चेतना चाहे दक्षिणपन्थी राजनीतिक शक्तिमा होस्, चाहे बामपन्थी राजनीतिमा, दुवैले प्रतिगमनकै प्रतिनिधित्व गर्छन्। यही कारणले २०५२ सालदेखि हिंसात्मक विद्रोहमा उत्रिएको माओवादी पार्टीले बामपन्थी धारको प्रतिगमनको प्रतिनिधित्व गरेको हो। यो प्रतिगमनलाई नियन्त्रणमा लिनु साटो नेपालको बुर्जुवा शक्तिले त्यसलाई एमालेका विरुद्ध साँध लाउने खुकुरी हुन्छ भनेर पालपोस गर्ने काम गऱ्यो। एमालेलाई सरकारबाट बलात् हटाउनु दक्षिणपन्थी प्रतिगमनको आरम्भ थियो। यसरी दुवैधुरीका प्रतिगमनकारी शक्तिहरूले संगसंगै जस्तो आफ्नो जनविरोधी क्रियाकलापलाई तीव्रता दिए। त्यसै हुनाले बहुदलीय व्यवस्थाभित्र अनगिन्ती विकृति जन्मिने र समग्र राजनीतिक प्रक्रिया पूर्णतः प्रतिगमनतिर फर्किने खतरा दिनानुदिन बलियो बन्दै गयो।

त्यो खतराको व्यवहारिक रूप थियो मंसीर महिनामा गरिएको संकटकालीन अवस्थाको घोषणा। राजनीतिक प्रक्रियामा कहिल्यै पनि समस्याको समाधान हुँदैन। यसले शासन प्रणालीको नियमित र जनताद्वारा निगरानी गरिने प्रक्रियालाई अवरुद्ध पार्छ। त्यसैले संकटकाल, जनताको अधिकार कटौती गर्ने सत्ताको दुरूपयोगको घोषणा हो। नेपालको सन्दर्भमा मात्र यसो भनिएको होइन। जनताको सभा संगठनको अधिकार खुम्चिन्छ, प्रेसको मुख निचारिन्छ, आफ्नो मनको भाव व्यक्त गर्न पाइँदैन, बोल्नका लागि सत्ता-प्रभुको प्रतिक्षा गर्नुपर्छ। त्यसै हुनाले सभ्यताको संसारमा संकटकाललाई समस्या समाधानका सन्दर्भमा गलत निष्कर्ष मानिन्छ।




मंसीरको संकटकालका लागि नेपालका दुई राजनीतिक शक्तिहरू जिम्मेवार छन्। पहिलो जिम्मेवारी माओवादीले लिनु पर्छ। उनीहरू आफू प्रजातान्त्रिक प्रक्रियामा विश्वास गर्दैनन् र उग्रबामपन्थी निरंकुशता नै उनीहरूको शासकीय चेतना हो। त्यसैकारण उनीहरूले चलाएको आन्दोलनले आरम्भदेखि नै जनताका अधिकार कटौती गरेको थियो। नेपाली राजनीतिमा माओवादीको वर्तमान चेतना सहितको उपस्थिति हुने हो भने जनता र राष्ट्रमा त्यो भन्दा ठूलो अनिष्ट नै भेटिंदैन। अर्कोतिर कुनै पनि राष्ट्रिय समस्या समाधान गर्न पटक्कै मिहिनेत नगर्ने, आफ्नो स्वार्थ बाहेक अरु कुनै कुरा सोच्न समेत नसक्ने दाहिने निरंकुशताको बाटोमा ढुनमुनिदै हिंडेको नेपालको बुर्जुवा वर्ग संकटकालको जिम्मेवारी बोक्नु पर्ने शक्ति हो। प्रष्ट भन्ने हो भने नेपालको बहुदलीय प्रजातन्त्र सखाप पार्ने काममा नेपालको बुर्जुवा वर्ग पुनः अर्कोपल्ट जिम्मेवार भएको छ। बुर्जुवा सत्ताले त्यतिवेला माओवादी समस्याको समाधान मेरो पनि दायित्व हो भनेर सोची मात्रै दिएको भए पनि नेपाली नागरिकका नैसर्गिक अधिकारहरू कटौती हुने थिएनन्, नेपाली जनता रमाइरहेको राजनीतिक स्वतन्त्रता घाटेबैद्य कहाँ छटपटाउँदै निलो आकाशतिर हेरिरहने थिएन।

**संकटकालको अनुमोदन र त्यसपछि**

संकटकाल अनुमोदनका दुवै प्रस्तावहरूले राजनीतिक प्रतिगमनलाई निरन्तरता दिए। पोहोर सालको मंसीरमा संकटकाल घोषणा गर्दा सुरक्षा क्षेत्रले तीन महिनामा माओवादी समस्याको निदान दिने घोषणा गरेको थियो। तर तीन महिनामा सरकारले माओवादी कहाँ छन् भनेर पत्ता समेत लगाउन सकेन। संकटकालले अरुलाई जसरी नै माओवादीलाई पनि केही दिन स्तब्ध बनायो। तर क्रमशः संकटकालका नकारात्मक प्रभावबाट माओवादीहरू मुक्त हुँदै गए भने संकटकालको लगाम जनतामाथि कसिन थाल्यो। काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर भने जस्तै त्यो तीन महिनामा नेपाल सरकारले न माओवादी समस्या चिन्न सक्यो, न त त्यसले माओवादीको शक्ति नै थाहा पाउन सक्यो। त्यस्तो स्थितिमा सरकारले संकटकालको अनुमोदनका लागि फागुनमा प्रस्ताव नै प्रस्तुत गर्नु हुँदैनथ्यो। तर दुई करोड नेपालीलाई आफ्नो अज्ञानताको शिकार बनाउँदै त्यसले फागुनमा संकटकालको अनुमोदन गराउने प्रस्ताव अघि साऱ्यो। जनतालाई दुईतिरबाट पिस्न पाइने हुनाले, नेपालको बुर्जुवा शक्तिलाई जसरी नै माओवादीलाई पनि संकटकाल आवश्यकता थियो। त्यसैले आफ्नो स्वार्थमा संकटकालको आव्हान गर्न माओवादीले मंगलसेनमा आक्रमण

गरेको थियो।

दाङमाथिको माओवादी पार्टीको आक्रमणबाट सन्न भएका पार्टीहरूले मंसीर महिनाको संकटकाल घोषणालाई बाध्यात्मक रूपमै स्वीकार गर्न पर्‍यो। नेपाली राजनीतिमा संसदीय पार्टीहरूको भूमिका न्यून हुने प्रक्रिया त्यहाँबाट आरम्भ भयो। फागुनमा पार्टीहरूले संकटकाल अनुमोदन नगर्न बेस्सरी प्रयत्न गरे। त्यो संभव देखिएन। मंगलसेन माथिको माओवादी आक्रमणले संकटकाल लाउनु हुँदैन भन्ने पार्टीहरूलाई अत्यन्तै कमजोर अवस्थामा पुर्‍यायो। प्रष्ट भन्ने हो भने मंगलसेनमाथि माओवादीले आक्रमण गर्दैनथे भने फागुनमा संसदले संकटकालको अनुमोदन गर्ने नै थिएनन्। आफूबाट भएको गल्तीलाई त्यस पार्टीका अध्यक्ष प्रचण्डले स्वीकार त गरे, तर त्यतिरवेला संकटकालको निर्णयलाई फिर्ता गर्ने ठाउँ संसदमा रहेका इमान्दार पार्टीहरूको हातमा थिएन।



जनताका अधिकार कटौती नहोउन् भनेर पार्टीहरूले संकटकाललाई व्यवस्थापन गर्ने, जनताका खोसिएका अधिकार पुनर्स्थापित गराउने प्रयत्न गर्दै आदेश जारी गराउनु पर्ने माग उठाएर राजनीतिलाई ठेगानामा ल्याउन कोसिस गरे। तर त्यसको कुनै अर्थ भएन। बुर्जुवा राजनीतिक शक्ति, जनताले राजनीतिक अधिकार पाएकोमा क्रुद्ध थियो - त्यसैले त्यसले लामो समयसम्म आदेश जारी गर्न मानेन। संसदको दवाव बढ्दै गएपछि त्यसले संकटकाल व्यवस्थापन गर्ने आदेश जारी गर्‍यो। तर त्यो "सुन्तला ले" भनेर अह्राएको मान्छेले गोवरको थाप्रो बोकेर आएजस्तो भयो। संकटकाल व्यवस्थापनको आदेशले संकटकाललाई अरु चर्को बनाइदियो। यो मंसीरबाट आरम्भ गरिएको राजनीतिक प्रतिगमनको निरन्तरता थियो। त्यो कथित व्यवस्थापन आदेशले जनताको प्रतिनिधित्व गर्ने संसदीय शक्तिलाई अझै कमजोर पार्ने काम गर्‍यो।

नेपाली राजनीतिका विद्यार्थीहरूले माओवादीले संकटकालको अनुमोदन हुने दोस्रो तिथितिर फेरि कुनै सदरमुकाममा मंगलसेन बनाउँछन् भन्ने बुझिसकेका थिए। यथार्थमा संकटकाल नेपालका दुवै अतिवादी शक्तिका लागि आवश्यक थियो। संकटकालकै आधारमा संसदीय शक्तिलाई कमजोर पार्न सकिन्छ भन्ने उनीहरूको निष्कर्ष थियो। यो सच्चाइलाई बुझेर संसदमा रहेका सबै राजनीतिक पार्टीहरूले संकटकाल अनुमोदन नगर्ने निर्णय गरे। बिग्रिन थालेको राजनीतिक गाडीलाई उनीहरूले वर्कसपमा लैजाने कोसिस गरे। तर त्यो प्रयत्न खेर गयो। पार्टीहरूले संकटकाल अनुमोदन नगर्ने भए भनी जेठ आठ गते मध्यरातमा संसद विघटन गरिदिनाले नेपाली राजनीति, नेपाली समाज र नेपाली राष्ट्रमा अनिष्टको कालो रात निम्तियो।

संकटकालको घोषणा गरेर सरकारले आतङ्कवाद विरुद्ध कति सफलता पायो भनेर अहिले नै लेखाजोखा गर्नु गलत हुन्छ। इतिहासले एक दिन त्यो काम गर्नेछ। सबैतिरको सूचना संकलन गर्दा अहिलेसम्म स्थापित भइसकेको सत्य के हो भने, सेना परिचालनका लागि संकटकाल घोषणा गर्ने सरकारी बहाना जनताको विरुद्धमा गरिएको राजनीतिक षडयन्त्र मात्र थियो। त्यसैले संकटकालमा सबैभन्दा ठूलो नोक्सानी जनताले बेहोर्नु पर्‍यो, सबैभन्दा बढी हत्या निर्दोष नागरिककै भयो। यसरी नेपाली व्यवहारले पुनः के प्रमाणित गरिदियो भने संकटकाल कुनै पनि राजनीतिक प्रणालीमा समस्याको समाधान हुँदैन। निरंकुश शासन शैलीको सोच कहिल्यै पनि जनता र राष्ट्रको पक्षमा हुँदैन।

**संसद विघटन**

संसदको विघटन गरेर बुर्जुवाहरूले नेपालमा जनता र तिनका प्रतिनिधिको भूमिकालाई कमजोर बनाए। यस्तो स्थितिमा मुलुक राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा ओरालो लाग्नु स्वभाविक थियो। चुनावको घोष्णा भइसकेपछि पार्टीहरूले आ-आफ्नो रणनीति अनुरूप चुनावको तयारी गर्ने अथवा चुनावको विरोध गर्ने कुरा स्वाभाविक थियो। माओवादीका कारण चुनाव सम्भव थिएन भन्ने सबैलाई थाहा थियो। एस.एल.सी.को चुनाव समेत गराउन नसक्ने सत्ताले चुनाव गराउने कुरो स्वतः काल्पनिक थियो। तर चुनाव गराउने दायित्व पार्टीहरूको थिएन। त्यो त सरकारको थियो। एक्कासी सरकारले चुनाव गराउन सक्दिन भन्यो। उसको यो भनाइ स्वाभाविक थियो। जनताबाट अलग्गिएर श्री ५ मा खुम्चिएको सरकारले चुनाव गराउन सक्ने कुनै धरातल नै थिएन।

सरकारले पार्टीहरूलाई फेरि एक पल्ट फन्दामा जाक्ने कोसिस गर्‍यो। तर सकेन। पार्टीहरूले संविधानसम्मत ढंगले समस्याको

## जिफन्टको लक्ष्य

"सम्मानित श्रमजीवी वर्ग र समृद्ध जीवनको लागि समाजवाद" नेपाल ट्रेड यूनियन महासंघको लक्ष्य हो। पूँजीवादको प्रवेश पछि पनि सामन्ती उत्पादन सम्बन्ध अझै कायम छ। त्यसैले हाम्रो समाजको चरित्र अर्ध सामन्ती छ।

- २०४६ सालको जनआन्दोलनले बहुदलीय व्यवस्थाको स्थापना गरेको छ । संविधानले जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाएको छ। तर अहिले पनि आर्थिक र राजनैतिक रूपमा हाम्रो देश बाह्य शक्तिबाट प्रभावित छ। त्यसैले यसलाई अर्धऔपनिवेशिक अवस्था भनिन्छ।
- संविधानमा केही अप्रजातान्त्रिक धाराहरू छन्, जसले जनताको सार्वभौमसत्तामाथि अंकुश लगाएको छ।
- जनआन्दोलनको समयका अपराधीहरू माथि कानूनी कार्वाही नभएकोले पनि अपराधी तत्त्वले शीर उठाउन थालेका छन्।
- राज्ययन्त्रमाथि अझै पनि मजदुर विरोधी र पतिक्रियावादी शक्तिहरूको नियन्त्रण छ। त्यसैले समाजको प्रजातान्त्रीकरणको संघर्ष जारी छ।

(जिफन्ट : संक्षिप्त परिचयबाट)

निकास खोज्ने सुझाव सत्तापक्षलाई दिए। तर सत्तापक्षले लाइदियो धोती त्यो सुझावमा। उसले आफूखुसी अर्थनवर्थको धाराको सिफारिस गरेर मुलुकलाई झन् अप्ठ्यारो प्रतिगमनतिर लग्यो। संविधान प्रयोजनहीन भयो।

**असोज १८ गतेको शाही घोषणा**

असोज १८ गतेको शाही घोषणा र २५ गतेको मन्त्रीपरिषदको गठन, दुवै नै अग्रगामी कदम थिएनन्। दुवैले मुलुकलाई झन् पछि लैजाने काम गरे। दुवै घोषणाले निकाल्ने निष्कर्ष, मुलुकमा युद्धको तेस्रो मोर्चा खोल्नु र सात वर्ष लडाइले जर्जर भएको मुलुकलाई कहिल्यै उठ्नै नसक्ने गरी पछार्नु थियो।

तर त्यस्तो भएन। केही उत्ताउलाहरूले सडकमा जुलुस निकालेर मुलुकलाई द्वन्द्व र मुठभेडको मोर्चामा तान्न खोजे। गाउँमा माओवादी छन् रे भनेर थुरथुर कामिरहेकाहरूले तारबारले घेरेको रोल्पाको सदरमुकाम र शाहीजङ्गी अड्डाको सुरक्षा पाउने नयाँ सडकमा जुलुस निकालेर पार्टीहरूमाथि आक्रमण आरम्भ गरे।

तर पार्टीहरूले आफ्नो धैर्य गुमाएनन्। गैर पार्टीवालाहरूले देश सिध्याउँछ भनेर किरिया खाएको सुनेपछि तिनीहरूले देश बचाउनकै लागि द्वन्द्व र मुठभेडबाट आफूलाई बाहिर निकाल्ने कोसिस गरे। यसरी फेरि पार्टीवालाहरूले प्रमाणित गरे - जनताको मत पाएर आएकाहरूमा एकाधले आफूलाई हिलोमा डुबाए पनि, बचेकाहरू नै जनता, राष्ट्र र प्रगतिप्रति सही रूपमा इमान्दार हुन्छन्।

तर राजनीति यसरी सजिलो ढङ्गले अघि बढ्दैन। त्यसको घुमाउरो बाटोमा नागरिकले नहिंडी हुँदैन। पन्ध्र दिनसम्म पार्टीहरूले धैर्यतापूर्वक प्रतिक्षा गरे। यस बीचमा पार्टीहरूलाई धुस्नु हुने गरी कुटियो, थेचारियो। केही नलागेपछि, आफ्नो रक्षाका लागि मात्र पनि पार्टीहरूले आन्दोलनमा जानु पर्ने बाध्यात्मक अवस्था आइपऱ्यो। अन्ततः सत्ताका गलत क्रियाकलापले नेपाली राजनीतिमा द्वन्द्वको तेस्रो मोर्चा बलियो बनाइदियो।

**अबको बाटो**

नेपाली राजनीतिलाई सुधार्ने अन्तिम र एक मात्र उपाय भनेको नेकपा (एमाले) को शासन हो। एमालेको सोच र कामबाट अलग रहेर नेपालको प्रगति हुनै सक्दैन। २०५२ सालमा एमालेको सरकारलाई असंवैधानिक ढंगले पछारेको अनुभवले सत्ता राजनीतिलाई केही ने केही त सिकाउनु पर्थ्यो। तर बुर्जुवा वर्गले सिक्न जान्दो रहेनछ। जनता र राष्ट्रप्रति कुनै दायित्वबोध नभएको हुनाले त्यस्तो भएको पनि हुनसक्छ। २०५२ सालमा पहिलो पटक गल्ती गरेकाहरूले २०५९ सालमा अर्को गल्ती गरेर मुलुकलाई अनिष्टतिर नधकेलेको भए राम्रो हुन्थ्यो। सबै पार्टीहरूले एमालेलाई सरकारको नेतृत्व गर्न आव्हान गर्नुपर्थ्यो र एमालेको नेतृत्वमा सर्वदलीय सरकार गठन हुनुपर्थ्यो। त्यसैले मुलुकलाई ठीक बाटोमा लान्थ्यो र हाम्रो प्रजातन्त्र, हाम्रो स्वाभिमान र सम्मानको बढोत्तरी हुन्थ्यो।



तर त्यसो भएन। एमालेलाई पर हुत्याउन चर्को षडयन्त्र भयो। बुर्जुवा वर्गका लागि राष्ट्रको प्रगतिका लागि एमालेको सरकार असैहृय नै भयो। त्यसैले एमालेलाई सरकार गठन गर्न नदिएर नेपालको बुर्जुवा वर्गले राष्ट्रको अग्रगतिमा आग्लो लगाइदियो।

मान्छे बहुदलको शासनसंग अघाएका थिए भनेर बेस्सरी कुप्रचार गरिएको छ। जनताको पंक्तिमा निराशा छाएको कारण त्यो होइन। जनता कांग्रेसको शासन र केही मानिसले गरेको भ्रष्टाचारसंग वाक्क भएको सत्यलाई सबैले बुझ्नु पर्छ। जनता, बहुदल या बहुदलमा भएको भ्रष्टाचारका कारण दिक्क भएका होइनन्। नेपालमा भ्रष्टाचार राणा शासनमा भएको थियो, पञ्चायतकालमा भ्रष्टाचार चरमचुलीमा पुगेको थियो। बहुदलमा केहीले भ्रष्टाचार गरेकै हुन्। तर भ्रष्टाचारको विरोध कुनै गोप्य कोठाबाट आरम्भ भएको होइन। भ्रष्टाचारका विरुद्ध सबैभन्दा पहिलो आवाज संसदमै गुन्जिएको थियो। सांसदहरूले नै भ्रष्टाचारका प्वाल खोले, भ्रष्टाचारीको संकेत दिए। आसचपु अहिलेका कथित भ्रष्टाचार विरोधी पण्डितहरूले गरेका होइनन्, राजस्व चुहावटको प्रतिवेदन पनि संसद बाहिर तयार भएको होइन। नेकपा (एमाले) ले २०५६ सालमा भ्रष्टाचारका विरुद्ध राष्ट्रव्यापी आन्दोलन नै गऱ्यो। त्यतिबेला बुर्जुवा सत्ताको पक्षपोषण गर्नेहरूले हाम्रो आन्दोलनलाई राजनीतिक पूर्वाग्रह भएको आन्दोलन भनेर विरोध गरे। तर आखिर त्यतिवेला एमालेले जे भनेको थियो, अहिले त्यही प्रमाणित भएको छ। त्यसैले बहुदलमा भ्रष्टाचार भएर जनता निराश भए भन्नेलाई राजनीतिका अज्ञानी भन्नुपर्छ।


एमाले सधैंभरी जनताकै बीचमा बाँचेको पार्टी हो। जनताका माग नै त्यसका माग रहे। बुर्जुवा संसदमा पनि सकारात्मक काम गर्ने प्रयत्न गरिरहनु पर्छ भनेर त्यसले आफ्नो पृथक परिचयलाई कायम राख्ने कोसिस गऱ्यो। सरकारमा हुँदा त्यसले राम्रा कामहरू नै गरे भने प्रतिपक्षमा हुँदा त्यसले राम्रा कामहरू गर्न सरकारलाई दवाव दिइरह्यो। त्यसै हुनाले नेपाली राजनीतिको भोलिको अग्रगामी निकास पनि एमालेको सोचभन्दा बाहिर खोज्न सकिँदैन, खोज्न हुँदैन। नेपाली राजनीतिमा नेकपा एमालेको अग्रतालाई नस्वीकार्ने हो भने नेपालको कहिल्यै विकास हुँदैन।

त्यही पार्टीले अहिले जनपरिचालनको कार्यक्रम अघि सारेको छ। शान्तिपूर्ण संघर्षमा लाग्नु अप्ठ्यारै काम हो। बन्दुकले जसरी त्यसले मिनेट-मिनेटमा परिणाम दिंदैन। अहिलेको गृहयुद्धमा भइरहेको छ नि लडाइको नाटक-राजापुरमा जस्तो। आइबार सरकार जित्छ, सोमबार माओवादी जित्छ। मंगलबार फेरि सरकार जित्छ, तर बुधबार माओवादीले लतारी हाल्छ। यो नाटकमा सरकार र माओवादी दुवैले हारजीतमा बराबर हिस्सा पाउलान् - तर जनता दिनैपिच्छे हारिरहन्छ, देश घन्टैपिच्छे पराजित भइरहन्छ। ज्यान उनीहरूकै जान्छ, खाद्यान्न उनीहरूकै नष्ट हुन्छ। बाली उनीहरू नै उठाउन पाउँदैनन्। चौपाय उनीहरूकै मारिन्छन्। समग्रतामा देशले गुमाउँछ प्रगति, अस्मिता र शान्ति।

त्यसैले नेकपा एमालेको सचेतनता कार्यक्रमले हप्तै दिनमा परिणाम नदेला - तर त्यसको कुनै विकल्प छैन। सरकारले आफ्ना गल्तीहरूलाई सच्याउँछ र घाइते भएर जोगीमारानेर पछारिएको संविधानलाई मर्मत गरेर पृथ्वी राजमार्गमा गुडाउन थाल्छ भने ठीकै हो, होइन भने आन्दोलनको श्रृंखला नै नेपाली जनताको नियती हुन्छ।


सरकारले समयभित्र चुनाव गराउने प्रतिबद्धता जाहेर गरेर तयारी आरम्भ गर्छ भने द्वन्द्व समाधानको उत्तम उपाय भेटियो भनेर जाने हुन्छ।

# धन्यवाद लेफ, धन्यवाद साक !



जिफन्टको पहिलो राष्ट्रिय महाधिवेशनको समयमा स्वीडेनको केन्द्रीय ट्रेड यूनियन संघ - साकका तर्फबाट लेफ विजेलिन अतिथिको रूपमा सहभागी भए। जिफन्ट कस्तो संस्था हो, साक कस्तो संस्था हो भन्ने मामिलामा त्यति धेरै स्पष्ट नहुँदा-नहुँदै लेफले दुई संघ बीच सम्बन्ध बलियो पार्न महत्त्वपूर्ण भूमिका निर्वाह गरे। "अब म आउँदा जिफन्टको लागि मित्रताको ऐक्यबद्धता मात्र होइन, आर्थिक सहयोग सहित आउँछु" बिदाइका वेला उनले व्यक्त गरेका यो भनाइलाई हामीहरू धेरैलाई पत्याउन गाह्रो-गाह्रो पर्‍यो।

तर २ वर्ष नबित्दै १७ जनाको विशाल टोली सहित लेफ र साकको प्रतिनिधि मण्डल नेपाल आयो। त्यसले आफ्नो दृष्टिकोण बतायो र जिफन्टको स्थानीय तहमा जोरी अभियानको निकटबाटै अध्ययन गर्‍यो। यसको परिणाम स्वरूप जिफन्टको शैक्षिक अभियानलाई सहयोग पुर्‍याउन एउटा गाडी खरीद गर्न १ लाख ७२ हजार स्वीडेन क्रोनर उपलब्ध गरायो।





जिफन्ट-साक सहयोगले पछि पनि निरन्तरता पायो। सन् २००० मा जिफन्टले मनमोहन मजदुर भवन खरीद गरेको थाहा पाएपछि आफ्नोखुसी प्रकट गर्न साकले एउटा पोस्टकार्ड बनाई रकम संकलन गर्ने अभियान स्वीडेनमा शुरू गर्‍यो। पछिल्लो समयमा स्वीडिस भाषामा नेपाल - तथ्य, काम र अभियान शीर्षकमा एउटा म्यागाजिन नै प्रकाशित भयो। यसलाई प्रकाशन गरी बिक्री गरे प्राप्त अमेरिकी डलर ५०० बोकेर लेफ गत असोज २५ गते जिफन्ट कार्यालयमा आइपुगे। दुई संगठन बीचको अनुभव आदान-प्रदानको क्रममा लेफले रकम अघि बढाउँदै भने हाम्रो तर्फबाट मनमोहन मजदुर भवनको लागि सानो उपहार !

५०० डलरले अहिलेको बजार भाउमा त्यति ठूलो महत्त्व नराख्ला तर जुन निरन्तर सहयोग लेफ र साकका मित्रहरूले गरिरहेका छन्, त्यो कुनै रकमसंग पनि तुलना हुन सक्दैन। हामीले जिफन्टको तर्फबाट एउटा सानो उपहार दियौं र भन्यौं "लेफ, तपाईं स्वीडेनको लागि हाम्रो राजदूत हुनुहुन्छ, धन्यवाद !"


श्रमिक खबर
ट्रेड यूनियन अधिकार २०५९
जिफण्ट ६०%
एनटियूसी २४%
डिकोण्ट ३%
अन्य १३%
अप्ठ्यारो स्थितिमा
ट्रेड यूनियनहरू
हालसम्म क्रियाशील ट्रेड यूनियनहरूको स्थितिको सर्वेक्षण

# अप्ठ्यारो स्थितिमा ट्रेड यूनियनहरू





**लेखन/सम्पादन :**
विष्णु रिमाल/रमेश बडाल

**भाषा सम्पादन तथा टाइप सेटिङ :**
कवीन्द्र शेखर रिमाल

**तथ्याङ्क प्रशोधन :**
किरण माली

**तथ्याङ्क विश्लेषणमा सहयोगी :**
उमेश उपाध्याय

**डाटा इन्ट्री :**
सुरेश दुवाडी, मीनु सापकोटा, मञ्जु थापा

**तथ्याङ्क संकलन :**
हरिदत्त जोशी, तुलसी सिवाकोटी, दिपक पौडेल, नरनाथ लुइटेल, केशव दुवाडी, जनक चौधरी, ओम कोइराला, चूडामणि जंगली, राजिव घिमिरे, योगीलाल यादव, त्रिविक्रम ज्ञवाली, दिनेश राई, मधुसुदन खतिवडा, कमल गौतम, विदुर कार्की, केशवराज गिरी, प्रेम पौंजु, सिद्धि उप्रेती

**विशेष धन्यवाद :**
श्री ५ को सरकार श्रम विभाग, श्रम कार्यालय - झापा, विराटनगर, जनकपुर, बीरगञ्ज, हेटौडा, काठमाडौं, बुटवल, पोखरा, नेपालगंज, र धनगढी



२०५८ सालको शुरूवातदेखि नै बिग्रेको देशको शान्ति-सुरक्षाको कारणले उद्योग-धन्दा यसै खस्किएको थियो । त्यसमाथि सोही सालको मंसीरमा संकटकाल लागू भएपछि तीव्र गतिमा उद्योग बन्द हुने र मजदुर कटौतीको क्रम शुरू भयो । यसको स्वाभाविक नतीजा प्रतिष्ठान स्तरका ट्रेड यूनियनहरूमाथि पर्‍यो । यद्यपि यो वर्षको शुरूवातमा २०५८ सालको जटिलतालाई चिर्न उल्लेखनीय संख्यामा यूनियनहरू सफल रहेको पाइयो ।

ट्रेड यूनियन ऐनले प्रतिष्ठान स्तरमा दर्ता भएका यूनियनहरू प्रत्येक २/२ वर्षमा नवीकरण गर्नु पर्ने बाध्यात्मक व्यवस्था गरेको छ । यसरी नवीकरण भएका र दर्ताको मान्यता कायम भएका यूनियनलाई यहाँ क्रियाशील यूनियन मानिएको छ । २०५७ साल चैत्र मसान्तसम्ममा विभिन्न प्रतिष्ठानमा जम्मा १,७९५ यूनियनहरू क्रियाशील रहेका थिए । त्यसपछि यूनियन संख्यामा व्यापक कमी हुँदै आयो । संकटकाल समाप्ति हुँदातिर (२०५९ असार अन्त्यसम्ममा) यस्ता क्रियाशील यूनियनहरूको संख्या जम्मा ७६० बाँकी रहेका छन् ।

यसैले क्रियाशील यूनियनको एउटा आधार तय गर्न देशका १० वटै श्रम कार्यालयले २०५९ साल असार मसान्तसम्म उपलब्ध गराएको क्रियाशील यूनियनहरूको अन्तिम सूचीलाई यहाँ आधार मानिएको छ ।

तथ्यांक विश्लेषण गर्ने क्रममा श्रम कार्यालयमा यूनियन दर्ता र नवीकरण सम्बन्धी रेकर्ड प्रणाली व्यवस्थित नभएकोले थप जटिलता पनि रहेको छ । यद्यपि विद्यमान यूनियनहरूको भएको दर्ता नवीकरण र नयाँ यूनियन दर्ता समेत गरी २०५९ असारसम्ममा प्रतिष्ठान स्तरीय यूनियनको संख्या कूल १,४९१ थिए रहेको छ । यसमा पनि हाल ७३१ यूनियन खारेज भई सकेका छन् । यो संख्या भनेको विगतमा दर्ता खारेज भएका यूनियनलाई

सूचीबाट हटाएर थिग्रिएका कूल यूनियनको ४९ प्रतिशत हुन आउँछ ।



तालिका–२ क्रियाशील यूनियनहरूको स्थिति प्रतिशतमा

प्राप्त तथ्यांक अनुसार हाल क्रियाशील यूनियन संख्या ७६० मध्ये जिफन्ट सम्बद्ध यूनियनको संख्या ४५२, एनटीयूसीको संख्या १८२ र डिकोन्ट सम्बद्ध यूनियनको संख्या २५ रहेको छ । प्रतिशतमा यो संख्या भनेको कूल संख्याको क्रमशः जिफन्ट ६० प्रतिशत, एनटीयूसी २४ प्रतिशत र डिकोन्ट ३ प्रतिशत हो । यसको अतिरिक्त कुनै पनि महासंघमा आबद्ध नभएको यूनियनको संख्या १०१ अर्थात् १३ प्रतिशत रहेको छ ।

दर्ता खारेजीका हिसाबले एनटीयूसीलाई यस वर्ष गम्भीर असर परेको छ । गत वर्ष क्रियाशील ४८३ यूनियन रहेको एनटीयूसीको ३०१ वटा यूनियन खारेज भएको छ । हाल यससंग संबद्ध जम्मा १८२ वटा मात्र यूनियन क्रियाशील रहेका छन् । यो तथ्यांक अनुसार एनटीयूसीका कूल यूनियन मध्ये ६२ प्रतिशत यूनियन खारेजीमा परेका छन् । यसरी नै डिकोन्ट आबद्ध रहेका ७१ यूनियन मध्ये ४६ यूनियन अर्थात् ६५ प्रतिशत खारेज भएका छन् । त्यस्तै कुनै महासंघमा पनि आबद्ध नभएका २११ यूनियन मध्ये ५२ प्रतिशत (११० यूनियन) खारेजीमा परेका छन् । यूनियन खारेजीको मार जिफन्ट आबद्ध यूनियनमा पनि कम छैन । गत वर्ष क्रियाशील ७२६ यूनियन मध्ये जिफन्टका ३४ प्रतिशत (२७४) यूनियन खारेजीमा परेका छन् । तालिका-३ मा यूनियनको क्रियाशीलता सम्बन्धी तुलना प्रस्तुत गरिएको छ ।

२०५० सालबाट यूनियन दर्ता प्रारम्भ भयो । ट्रेड यूनियन ऐन २०४९ अनुसार प्रत्येक २/२ वर्षमा यूनियन नवीकरण नगरेमा दर्ता खारेज हुने हुँदा २०५२, २०५४, २०५६ र २०५८ साललाई यूनियन क्रियाशीलताको मापन गर्ने मुख्य सालका रूपमा लिन सकिन्छ । यसरी विश्लेषण गर्दा संकटकाल अघि २०५४/५५ साल र त्यसपछि २०५८/५९ साल यूनियन क्रियाशीलताका हिसावले नराम्रा वर्ष मान्न सकिन्छ ।

हिसावले २०५७ साल सवै भन्दा सकारात्मक वर्षको रूपमा लिन सकिन्छ । यद्यपि २०५८ को शुरूवाटै यूनियनको संस्थागत स्थिरतामा ओह्रालो लाग्न थालेको छ । यसो हुनुमा त्यस अवधिमा उद्योगहरूमा माओवादीहरूको आक्रमणमा वृद्धि हुनु र उद्योगहरू एक पछि अर्को गर्दै बन्द हुनु जस्ता कारण मुख्य छन् । यसरी विद्यमान क्रियाशील यूनियनको संख्यात्मक स्थितिलाई हेर्ने हो भने आजको अवस्था लगभग यूनियन दर्ताको प्रारम्भिक साल २०५१ संग मिल्दो-जुल्दो हुन पुगेको छ । यसले बिथोलिएको हाम्रो श्रम बजारलाई संकेत गर्छ ।


## क्षेत्रगत आधारमा यूनियनको स्थिति

ट्रेड यूनियनको खारेजी र क्रियाशीलताको स्थिति क्षेत्र क्षेत्रको फरक फरक छ । विराटनगरमा गत वर्ष कायम रहेका १२४ यूनियनमध्ये जम्मा ११ वटा मात्र खारेजीमा परेका छन् भने काठमाडौंमा १०६९ मध्ये ६०२ वटा खारेज भएका छन् । यसबाट के अनुमान गर्न सकिन्छ भने संकटकालले काठमाडौंका उद्योगलाई गम्भीर असर पारेको छ । यसो हुनुको कारण काठमाडौं क्षेत्रमा ठूलो मात्रामा एकै प्रकृतिका (विशेष गरी निर्यातमूलक र पर्यटन अधारित) उद्योगको बाहुल्यता रहेकोले पनि हो । नेपालगंजमा कुनै पनि यूनियनको अस्तित्व बाँकी रहेन । २०५८ चैतको अन्त्य सम्ममा धनगढीमा तीन वटा, बुटवलमा २४ वटा र पोखरामा ३५ वटा यूनियन दर्ता भएकोमा सबै नै क्रियाशील रहेका छन् ।

**तालिका-३ क्रियाशील ट्रेड यूनियन दर्ता प्रक्रिया प्रारम्भ भएदेखि हालसम्मको स्थिति**


| यूनियनको नाम/वर्ष | २०५१ | २०५२ | २०५३ | २०५४ | २०५५ | २०५६ | २०५७ | २०५९ |
|---|---|---|---|---|---|---|---|---|
| जिफन्ट | ४२० | ५१५ | ६०२ | ५९१ | ५८० | ६१४ | ८५३ | ४५२ |
| एनटीयूसी | २३९ | ३७८ | ४१६ | ३४८ | २९७ | ३३६ | ६३० | १८२ |
| डिकोन्ट | - | - | - | - | - | - | २८ | २५ |
| अन्य | ५२ | १०२ | १०२ | १०६ | १७४ | १८७ | २८४ | १०१ |
| जम्मा | ७११ | ९९५ | ११२० | १०४५ | १०५१ | ११३७ | १७९५ | ७६० |

तालिका ४ – २०५० देखि २०५९ सालको यूनियन क्रियाशीलताको प्रवृत्ति




काठमाडौं पछि बीरगंजका उद्योगलाई वर्तमान संकटले असर पारेको प्रष्ट महसुस गर्न सकिन्छ। त्यहाँ दर्ता भएका कूल १२० वटा यूनियन मध्ये ८३ वटा खारेज भएका छन्, हाल केवल ३७ वटा मात्र यूनियनको अस्तित्व बाँकी रहन पुगेको छ। हेटौडामा भने ४१ वटामध्ये ७ वटा र झापामा ४२ वटामध्ये ९ वटा यूनियनको मात्र दर्ता खारेज हुन पुगेको छ।

तालिका–५ क्रियाशील ट्रेड यूनियनः २०५१ र २०५९ सालको स्थिति




| | जम्मा | जिफन्ट | एनटीयूसी | डिकोन्ट | अन्य |
|---|---|---|---|---|---|
| २०५१ साल | ७११ | ४२० | २३९ | ० | ५२ |
| २०५९ साल | ७६० | ४५२ | १८२ | २५ | १०१ |

**तालिका-६ क्षेत्रगत हिसाबले यूनियनको दर्ता, खारेजी र क्रियाशीलता (स्रोत: विभिन्न श्रम कार्यालयहरू)**

| महासंघ ---- | जिफन्ट | | | एनटीयूसी | | | डिकोन्ट | | | अन्य | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| श्रम कार्यालय | जम्मा | क्रियाशील | खारेजी | जम्मा | क्रियाशील | खारेजी | जम्मा | क्रियाशील | खारेजी | जम्मा | क्रियाशील | खारेजी | जम्मा | क्रियाशील | खारेजी |
| बिराटनगर | ५० | ५० | | ६१ | ५१ | १० | ६ | ५ | १ | ७ | ७ | | १२४ | ११३ | ११ |
| बीरगंज | ६४ | २१ | ४३ | ५३ | १४ | ३९ | २ | १ | १ | १ | १ | | १२० | ३७ | ८३ |
| बुटवल | १३ | १३ | | ६ | ६ | | | | | ५ | ५ | | २४ | २४ | |
| धनगढी | १ | १ | | २ | २ | | | | | | | | ३ | ३ | |
| हेटौडा | ३३ | २७ | ६ | ६ | ५ | १ | १ | १ | | १ | १ | | ४१ | ३४ | ७ |
| जनकपुर | ६ | ६ | | ६ | ६ | | | | | २ | २ | | १४ | १४ | |
| झापा | २५ | २२ | ३ | १५ | ११ | ४ | | | | २ | | २ | ४२ | ३३ | ९ |
| काठमाडौं | ४९७ | २८४ | २१३ | ३२१ | ८३ | २३८ | ६० | १६ | ४४ | १९१ | ८४ | १०७ | १०६९ | ४६७ | ६०२ |
| नेपालगंज | ९ | | ९ | ९ | | ९ | | | | १ | | १ | १९ | | १९ |
| पोखरा | २८ | २८ | | ४ | ४ | | २ | २ | | १ | १ | | ३५ | ३५ | |
| जम्मा | ७२६ | ४५२ | २७४ | ४८३ | १८२ | ३०१ | ७१ | २५ | ४६ | २११ | १०१ | ११० | १४९१ | ७६० | ७३१ |

## ट्रेड यूनियन संघको दर्ता र क्रियाशीलता

ट्रेड यूनियन ऐन ०४९ ले ट्रेड यूनियन संघको दर्ताका सम्बन्धमा चार वटा प्रक्रिया निर्धारण गरेको छ ।

१. प्रतिष्ठान स्तरका यूनियनहरूको संघ गठन गर्न ५० वटा यूनियनहरू मिलाएर गठन गर्ने- ट्रेड यूनियन ऐनको दफा ४(१)

२. एकै प्रकृतिका ५० भन्दा कम प्रतिष्ठान भएका व्यवसायमा काम गर्ने प्रतिष्ठानका ५ हजार कामदार कर्मचारीले व्यक्तिगत सम्झौता गरेर दर्ता गर्ने- ट्रेड यूनियन ऐनको दफा ४(१)

३. कृषि श्रमिकका लागि कम्तीमा २० वटा जिल्लाको प्रतिनिधित्व हुने गरी प्रत्येक जिल्लामा कम्तीमा १०० नघट्ने गरी कूल ५ हजारले सम्झौता गरेर कृषि श्रमिक संघ दर्ता गर्ने- ट्रेड यूनियन ऐनको दफा ४(१)

४. प्रतिष्ठान बाहिरका र अनौपचारिक क्षेत्रका श्रमिकहरूको संघ गठन गर्न ५ सय कामदार कर्मचारीले आपसमा सम्झौता गरेर दर्ता गर्ने- ट्रेड यूनियन ऐनको दफा ४(२)

श्रम विभागमा संघको रूपमा ८५ वटा ट्रेड यूनियन संघ दर्ता भएका छन् । जम्मा दर्ता भएका ८५ वटा ट्रेड यूनियन संघ मध्ये क्रियाशील ६१ वटा संघमा श्रम अदालतको आदेशले ५ वटा संघको दर्ता रद्द भएपछि कूल ५६ वटा संघ मात्र बाँकी रहन गएका छन् । तीमध्ये १५ वटा जिफन्टसंग, १७ वटा एनटीयूसीसंग, १३ वटा डिकोन्टसंग र ११ वटा कुनै पनि महासंघमा आबद्ध छैनन् ।

जिफन्टसंग आवद्ध १५ वटा ट्रेड यूनियन संघहरू मध्ये ७ वटा संघ ट्रेड यूनियन ऐनको दफा ४(१) को आधारमा ५० वा सोभन्दा बढी प्रतिष्ठान स्तरका यूनियनहरूको संघको रूपमा, २ वटा संघहरू ट्रेड यूनियन ऐनको दफा ४(१) अन्तर्गत ५ हजार वा सोभन्दा बढी व्यक्तिगत सदस्यहरूको केन्द्रीय संघको रूपमा, एउटा संघ कृषि मजदुरहरूको केन्द्रीय संघको रूपमा र ५ वटा संघहरू ट्रेड यूनियन ऐनको दफा ४(२) अपनाई दर्ता भएका छन् ।

नेपाल ट्रेड यूनियन कांग्रेससंग आवद्ध १७ वटा संघहरू मध्ये १० वटा संघहरू ५ सय वा सो भन्दा बढी व्यक्तिगत सदस्यहरूको संघको रूपमा ट्रेड यूनियन ऐनको दफा ४(२) अन्तर्गत गठन भएका छन् । अन्य ७ वटा मध्ये ३ वटा संघहरू मात्र ५० वा सो भन्दा बढी प्रतिष्ठान स्तरका यूनियनहरूको संघको रूपमा दर्ता भएका छन् । बाँकी ४ वटा संघहरू ट्रेड यूनियन ऐनको दफा ४(१) अन्तर्गत ५ हजार वा सो भन्दा बढी व्यक्तिगत सदस्यहरूको संघको रूपमा गठन भएका छन् ।

**तालिका-७ ट्रेड यूनियन ऐनको दफा ४(१) अन्तर्गत ५० वटा यूनियन मिलेर दर्ता भएका संघहरू**

| क्रसं | जिफन्ट | क्रियाशील यूनियन | क्रसं. | एनटीयूसी | क्रियाशील यूनियन |
|---|---|---|---|---|---|
| १ | नेस्वमयू | ४६ | १ | नेकामका | ९२ |
| २ | नेस्वटेगमयू | ७१ | २ | नेगमसंघ | १५ |
| ३ | नेस्वकामयू | ७० | ३ | नेपहोश्रसंघ | ४७ |
| ४ | नेस्वहोमयू | ७२ | | | |
| ५ | यूनिट्राभ | ५२ | | | |
| ६ | नेस्वखापेमयू | ४३ | | | |
| ७ | नेस्वकेआमयू | ६४ | | | |

स्रोतः श्रम विभाग

डिकोन्टका कुनै पनि संघ ट्रेड यूनियन ऐनको दफा ४(१) अन्तर्गत ५० वा सो भन्दा बढी प्रतिष्ठान स्तरका यूनियनहरूको संघको रूपमा दर्ता भएका छैनन् । ४ वटा यूनियन ५ हजार संख्या पुऱ्याएर, एउटा कृषि मजदुर संघ ट्रेड यूनियन ऐनको दफा ४(१) अन्तर्गत ५ हजार भन्दा बढी व्यक्तिगत सदस्यको संघको रूपमा र बाँकी सबै दफा ४(२) अन्तर्गतका ५ सय भन्दा बढी व्यक्तिगत सदस्यहरूको संघको रूपमा दर्ता भएका छन् ।

व्यक्तिगत सदस्यहरूको केन्द्रीय संघको मान्यता कानूनी रूपमा प्रतिष्ठान स्तरका ट्रेड यूनियनको संघीय फेडेरसन जत्तिकै भए तापनि त्यस्ता संघहरूको स्थानीय तहमा सामूहिक सौदावाजी गर्ने, श्रम संबन्ध समितिमा भाग लिने, निर्वाचनद्वारा आधिकारिक हुने, कल्याणकारी कोष संचालन गर्ने जस्ता कार्यथलो र मजदुरका दैनिक समस्यासंग प्रत्यक्ष संबन्ध हुँदैन । यस्ता संघहरूको औपचारिक श्रम संबन्ध भएका प्रतिष्ठानमा कुनै सान्दर्भिकता रहँदैन । माथिको तथ्यांकले बोल्छ नेपालको औपचारिक श्रम बजारमा हाल क्रियाशील ५६ वटा ट्रेड यूनियन संघहरू मध्ये संघको रूपमा केवल जिफन्टका ७ वटा र एनटीयूसीका ३ गरी १० वटा संघको मात्र प्रतिष्ठान स्तरको ट्रेड यूनियन संचालन र तिनिहरूको सशक्तीकरण भूमिका हुन्छ । यसका अतिरिक्त कुनै पनि महासंघमा आवद्ध नभएका प्रतिष्ठान स्तरको ट्रेड यूनियनहरूको स्वतन्त्र भूमिका हुन सक्छ । दर्ताको अभिलेखका अनुसार तेस्रो महासंघको रूपमा मान्यता प्राप्त डिकोन्टको स्थानीय तहमा कुनै भूमिका नहुने देखिन्छ ।

**तालिका-८ व्यक्तिगत सदस्यका आधारमा दर्ता भएका संघहरूसंग आबद्ध यूनियनहरू**

| क्रसं | जिफन्ट | क्रियाशील | क्रसं. | एनटीयूसी | क्रियाशील | क्रसं | डिकोन्ट | क्रियाशील |
|---|---|---|---|---|---|---|---|---|
| १ | क्युपेक-नेपाल | २ | १ | नेइश्रसंघ | १० | १ | कृषि मजदुर संघ | १ |
| २ | नेस्वसमयू | ५ | २ | नेचिवश्रसंघ | १० | २ | नेचश्रसंघ | ४ |
| ३ | नेस्वप्रेमयू | ३ | ३ | नेयामसंघ | १ | ३ | नेतपोश्रसंघ | ४ |
| ४ | नेस्वचिमयू | १९ | ४ | कुनै पनि सदस्य यूनियन अन्तर्गत नपरेका | ७ | ४ | नेरिठेमसंघ | १ |
| ५ | नेयास्वमसं | १ | | | | ५ | कुनै सदस्य यूनियन अन्तर्गत नपरेका | १५ |
| ६ | कुनै सदस्य यूनियन अन्तर्गत नपरेका | ४ | | | | | | |
| | जम्मा | ३४ | | जम्मा | २८ | | जम्मा | २५ |

स्रोतः श्रम विभाग

**तालिका-९ ट्रेड यूनियन ऐनको दफा ४.१ अन्तर्गत दर्ता भएका संघहरू**

| जिफन्ट | | एनटीयूसी | | डिकोन्ट | | अन्य | |
|---|---|---|---|---|---|---|---|
| **ट्रेड यूनियन** | **दर्ता नं.** | **ट्रेड यूनियन** | **दर्ता नं.** | **ट्रेड यूनियन** | **दर्ता नं.** | **ट्रेड यूनियन** | **दर्ता नं.** |
| नेयास्वमसं | ३ | नेयामसंघ | २२ | नेगमयू | ३९ | अ वै क सं | ३३ |
| नेस्वचिमयू | ७ | नेविसंकसंघ | २४ | नेहोमसंघ | ६६ | अ सं क सं | ३४ |
| कृषि मजदुर संघ, नेपाल | ७० | नेचिवमसंघ | २५ | काउन | ६७ | | |
| | | नेअसंकसंघ | २८ | नेनाइसंघ | ७१ | | |
| | | | | नेपाल कृषि मजदुर संघ | ६८ | | |

यसका अतिरिक्त व्यक्तिगत सदस्यहरू मिलेर बनेको संघको सदस्यता तल-माथि परेको अद्यावधिक गर्ने प्रक्रिया श्रम विभागले नगरेको हुनाले त्यस्ता संघको सदस्यता घटे बढेको किटान गर्ने आधार श्रम विभाग हुन सकेन। तर उद्योग बन्द हुने र श्रमिक कटौतीको निरन्तर प्रक्रियाले त्यस्ता यूनियनको सदस्य संख्यामा आफ से आफ  कमी आएको हुनुपर्छ भन्ने स्पष्ट संकेत गर्दछ।

तालिका ७ ले संकेत गर्छ एनटीयूसीको नेगमसंघको अस्तित्व धरापमा छ। अगामी वर्ष दिन भित्रमा जिफन्टका नेस्वमयू, नेस्वखापेमयू र एनटीयूसीको नेपहोश्रसंघको सदस्य संख्या ५० नपुगेमा ती यूनियनहरूको अस्तित्व पनि संकटमा पर्न सक्छ।

यसबाट के देखिन्छ भने सामूहिक सौदावाजीको अवस्थामा जिफन्ट अन्तर्गतका यूनियनको भूमिका महत्त्वपूर्ण छ। प्राविधिक रूपमा अन्य यूनियनहरूको मान्यता जिफन्टसंग बराबरीमा प्रतिनिधित्व गर्ने भए पनि आधारभूत तहमा एनटीयूसीको प्रभाव कमजोर रहेको र डिकोन्टको प्रभाव नगण्य रहेको प्रष्टै देखिन्छ।

माथि चर्चा गरे अनुसार प्रतिष्ठान स्तरका यूनियनलाई सदस्यता प्रदान गरेका तर ट्रेड यूनियन संघ गठन र नवीकरणमा भूमिका

**तालिका-१० ट्रेड यूनियन ऐनको दफा ४.२ अन्तर्गत दर्ता भएका संघहरू**

| जिफन्ट | | एनटीयूसी | | डिकोन्ट | | अन्य | |
|---|---|---|---|---|---|---|---|
| **ट्रेड यूनियन** | **दर्ता नं.** | **ट्रेड यूनियन** | **दर्ता नं.** | **ट्रेड यूनियन** | **दर्ता नं.** | **ट्रेड यूनियन** | **दर्ता नं.** |
| नेस्वप्रेमयू | ८ | नेप्रेयू | २७ | नेभनिश्रसंघ | १७ | अनेनिमयू | ६१ |
| अनेट्रेयू | ९ | नेविकसंघ | ४५ | नेभविमसंघ | ३६ | अनेरिमयू | ६२ |
| क्युपेक-नेपाल | १० | नेकाकश्रसंघ | ४६ | नेचश्रसंघ | ३७ | अनेथाकमयू | ६४ |
| नेस्वसमयू | ११ | नेरानाइसंघ | ४७ | नेयामसभा | ६३ | ने ट्या चासं | ६९ |
| नेरिचायू | ४० | नेछाछाजुश्रसंघ | ४८ | नेतपोश्रसंघ | ६५ | ने का क मयू | ७२ |
| | | नेपकसंघ | ४९ | व्यापक्षेमसंघ | ८१ | नेरास्वरिमयू | ७४ |
| | | नेसाहोकसंघ | ५० | रितठेमयू | ८२ | नेस्वढुमयू | ८० |
| | | नेभनिकसंघ | ५१ | नेरेसाहोश्रसं | ८३ | ने साँ कक सं | ८४ |
| | | नेरिचासंघ | ५२ | | | ने औ वि प्र सं | ८५ |
| | | नेइश्रसंघ | ५६ | | | | |

नभएका अन्य संघहरूको स्थिति निम्न अनुसार छ ।

यहाँ स्मरणीय कुरा के छ भने ट्रेड यूनियन महासंघ दर्ताका लागि दफा ४(२) अन्तर्गत गठन भएका संघहरूको संख्या जतिसुकै भए पनि त्यसको गणना चार वटा संघ बराबर मात्र हुन्छ । यसबाट पनि जिफन्टका संघहरू भने दर्ता प्रक्रियाका हिसाबले जनाधारयुक्त देखिन्छन् ।

**तालिका–११ अदालतले दर्ता रद्द गरेका ट्रेड यूनियन संघहरू**

| क्रसं | खारेज भएका यूनियनहरू | दर्ता नं. |
|---|---|---|
| १ | नेपाल राष्ट्रिय स्वतन्त्र पसल मजदुर यूनियन | ७३ |
| २ | नेपाल राष्ट्रिय स्वतन्त्र ग्रिल मजदुर यूनियन | ७५ |
| ३ | नेपाल इलेक्ट्रिक इलेक्ट्रोनिक्स टेक्निसियन यूनियन | ७६ |
| ४ | नेपाल स्वतन्त्र ट्रेकिङ मजदुर संघ | ७७ |
| ५ | नेपाल स्वतन्त्र निर्माण मजदुर संगठन | ७८ |

## कीर्ते जालसाजी गरी दर्ता भएको यूनियनहरूको दर्ता रद्द

२०५७ सालको मध्यतिर केही व्यक्तिहरूले ट्रेड यूनियन महासंघ गठन गर्न र ऐनले दिएको अधिकारको दुरूपयोग गरी कीर्ते नाम र हस्ताक्षरबाट दर्ता गरेका ५ वटा ट्रेड यूनियन संघलाई श्रम अदालतले दर्ता खारेज गर्ने आदेश दिएको छ ।

त्यसरी कीर्ते र जालसाजी गरी दर्ता भएका यूनियनको दर्ता क्रममा नै जिफन्ट सम्बद्ध यूनियनले त्यस उपर दावी विरोध गर्ने काम गरे तापनि श्रम विभागका तत्कालीन महानिर्देशक एवं पंजिकाधिकारी दिप बस्नेतले त्यसलाई वेवास्ता गरी कानूनको ठाडो उल्लंघन गरी त्यस्ता संघहरू दर्ता गरेका थिए ।

**तालिका–१२ नबीकरण नभएको कारण खारेज भएका अन्य ट्रेड यूनियन संघहरू**

| ट्रेड यूनियन संघहरू | दर्ता नं. | कैफियत |
|---|---|---|
| नेपाल स्वतन्त्र पेन्टर मजदुर यूनियन | १२ | क्युपेक-नेपालमा विलय |
| नेपाल पर्यटन तथा होटल श्रमिक संघ | १५ | |
| नेपाल इटाभट्टा श्रमिक संघ | १६ | |
| नेपाल काष्ठ कर्मी संघ | १८ | |
| नेपाल नाइ संघ | १९ | |
| नेपाल रेष्टुराँ तथा साना होटल श्रमिक संघ | २० | |
| नेपाल पसल कामदार संघ | २१ | |
| नेपाल गार्मेन्ट मजदुर संघ | २३ | |
| नेपाल स्वास्थ्य कर्मी संघ | २६ | |
| नेपाल प्लम्बर स्वतन्त्र मजदुर यूनियन | २९ | क्युपेक-नेपालमा विलय |
| नेपाल अटोमेकानिक्स मजदुर यूनियन | ३० | नाटुमा विलय |
| नेपाल मेडिकल तथा विक्री रिप्रिजेन्टेटिभ | ३१ | |
| नेपाल छाला मजदुर संघ | ३२ | |
| नेपाल कमर्सियल आर्टिस्ट संघ | ३५ | |
| नेपाल वर्कसप श्रमिक संघ | ३८ | |
| नेपाल साइकल मजदुर संघ | ४१ | |
| नेपाल मिटर टेम्पो चालक संगठन | ४४ | |
| नेपाल पसल मजदुर संघ | ५३ | |
| नेपाल पर्यटन तथा होटल श्रमिक संघ | ५४ | |
| नेपाल निर्माण मजदुर संघ | ५५ | |
| अखिल नेपाल गलैंचा मजदुर संघ | ५७ | |
| नेपाल प्रगतिशील पत्रिका विक्रेता संघ | ५८ | |
| अखिल नेपाल थांका मजदुर संघ | ५९ | |

पछि जिफन्टका सदस्य यूनियनहरूले श्रम अदालतमा जाली यूनियनको दर्ता खारेजीका लागि निवेदन दिए । कीर्ते व्यक्ति खडा गरी नगरपालिका र त्यसका पदाधिकारीको कीर्ते छाप र हस्ताक्षर प्रयोग गरेको अदालतले ठहर गऱ्यो । यसरी यति गंभीर विषयमा पनि उचित छानवीन नै नगरी विभागले यूनियन दर्ता गर्ने गरी दिएको निर्णय वदर गरी ती संघहरूको दर्ता रद्द गरेको छ । यसरी दर्ता रद्द भएका यूनियनहरू तालिका ११ र १२ मा दिइएको छ ।

### ट्रेड यूनियन महासंघहरू

ट्रेड यूनियन ऐन अन्तर्गत महासंघहरूको दर्ताको मान्यता तिनका सदस्य यूनियनको दर्ताको मान्यतामा आधारित हुन्छ । यस हिसाबले हेर्दा तीन वटै महासंघका सदस्य यूनियनहरूको मान्यता अवधि २०६०/०६१ मा समाप्त हुने हुनाले महासंघको वैधानिकतामा तत्काल प्रश्न उठ्ने देखिंदैन । तर ट्रेड यूनियन संघहरूको सन्दर्भमा भने प्रतिष्ठान स्तरीय यूनियनको संख्या घट्नासाथ त्यसको अस्तित्वमा प्रश्न चिन्ह लाग्न सक्छ ।

**तालिका-१३ : प्रतिष्ठान संख्या र श्रमिक संख्या**

| साल | प्रतिष्ठान संख्या | श्रमिक संख्या | प्रति प्रतिष्ठान श्रमिक संख्या |
|---|---|---|---|
| २०४८/४९ | २,५७५ | ३४७,१६४ | १३४.८२ |
| २०४९/५० | २,५९८ | ३४६,६५९ | १३३.४३ |
| २०५०/५१ | ३,११३ | ३५५,०५८ | ११४.०६ |
| २०५१/५२ | ३,५८२ | ३७०,३१६ | १०३.३८ |
| २०५२/५३ | ४,०१४ | ३७४,८६० | ९३.३९ |
| २०५३/५४ | ४,१९५ | ३८२,८४५ | ९१.२६ |
| २०५४/५५ | ४,२९२ | ३८५,९६० | ८९.९३ |
| २०५५/५६ | ४,२८२ | ३८७,२०० | ९०.४३ |
| २०५६/५७ | ४,२७४ | ३९२,४२१ | ९१.८२ |
| २०५७/५८ | ४,२९६ | ३९४,५४१ | ९१.८४ |
| २०५८/५९ | ३,६१७ | ३५९,३२३ | ९९.३४ |

## प्रतिष्ठान र श्रमिक संख्या

प्रस्तुत तालिकामा २०४८ सालदेखि २०५९ सम्मको प्रतिष्ठानहरूको संख्या  र तिनमा काम गर्ने श्रमिकहरूको संख्या देखाइएको छ। साथै हरेक वर्षको श्रमिक संख्यालाई प्रतिष्ठानको संख्याले भाग गरी एक प्रतिष्ठानले औसत कति श्रमिकलाई रोजगारी दिन सकेको छ भन्ने हिसाब पनि निकालिएको छ। यसरी हेर्दा हरेक वर्ष प्रतिष्ठानको संख्या बढेर गए पनि रोजगारी भने घट्दै गएको देखिन्छ। २०४८ सालमा १ प्रतिष्ठानले झण्डै १३५ जनालाई रोजगारी दिएको थियो भने २०५७ मा आइपुग्दा एक प्रतिष्ठानले झण्डै ९२ जनालाई मात्र रोजगारी दिन सकेको छ। आ.ब. २०५८/५९ ले त डरलाग्दो तस्बीर देखाएको छ। यो साल प्रतिष्ठानको औसत श्रमिक संख्या ९२ बाट ९९ मा बढे तापनि कूल रोजगारी भने ३५,२१८ ले घटेको छ।

आ.व. २०५७।०५८ र २०५८।०५९ को मात्रै तुलना गर्दा पनि एक वर्षको बीचमा ६७९ औद्योगिक प्रतिष्ठान अर्थात् १५.८० प्रतिशत प्रतिष्ठानहरूको अस्तित्व समाप्त भयो। यसबाट औद्योगिक प्रतिष्ठानको वृद्धि हुने क्रम मात्र रोकिएन, अझ यो उल्टो दिशातिर फर्किन पुगेको छ। यसबाट रोजगारीमा प्रत्यक्ष नकारात्मक असर पर्न गएको छ। यसरी आजको रोजगारीको स्थितिको २०५१ सालतिरको अवस्थासंग मिल्दो जुल्दो हुनपुगेको छ। यस कुराले प्रतिष्ठान स्तरको ट्रेड यूनियनको स्थिति घट्न गएको कारणलाई अझ पुष्टि गरेको छ।

## श्रमघण्टा नोक्सानी

विभिन्न श्रम कार्यालयमा दर्ता भएका हड्ताल तथा तालाबन्दी जस्ता श्रम विवाद र त्यसबाट पर्ने श्रम-घण्टाको नोक्सानीको विवरण पनि बितेका वर्षको भन्दा भिन्न रहेको देखिन्छ। २०४८ सालमा १५८ वटा हड्ताल भएकोमा त्यो प्रवृत्तिमा क्रमशः कमी आई यस वर्ष जम्मा ५ वटा मात्र प्रतिष्ठानमा हड्ताल भएको छ भने तालाबन्दीको प्रवृत्तिमा खासै कमी आएको छैन।

२०४८ सालमा श्रम-घण्टा नोक्सानी १६३,१७६ श्रम-घण्टा थियो। तर त्यस पछिका वर्षमा क्रमशः कम हुँदै २०५१।०५२ सालमा ४३१८८ श्रम-घण्टा कायम भएको थियो। तर पछिल्लो अवधिमा श्रम-घण्टा नोक्सानीका कारक, श्रमिक भन्दा उद्योगीहरू जिम्मेवार रहेको देखिन्छन्। श्रम विभागका अनुसार यस वर्ष श्रमिकहरूको हड्तालका कारण १२,३५५ श्रम-घण्टा नोक्सान भएको छ भने उद्योगीहरूले गरेको तालाबन्दी र ले-अफका कारणले क्रमशः ३१,९०८ श्रम-घण्टा र १६,४९५ श्रम-घण्टा नोक्सान भएको छ।

## विदेशमा नेपाली श्रमिक

गैर कानूनी रूपमा विदेशिनेलाई छोड्ने हो भने वैदेशिक रोजगारका लागि श्रम विभागको अनुमतिमा २ किसिमबाट कामदारहरू जाने गरेका छन् । पहिलो श्री ५ को सरकारबाट इजाजत प्राप्त म्यानपावर एजेन्सीहरू मार्फत र दोस्रो ०५४ माघ १५ गतेदेखि (वैदेशिक रोजगार ऐनको दोश्रो संशोधन पछि) व्यक्तिगत रूपमा

**तालिका–१४ : श्रमघन्टा नोक्सान**

| | जम्मा श्रमघण्टा नोक्सानी | हडताल | तालाबन्दी | ले अफ |
|---|---|---|---|---|
| ४८/४९ | १६३१७६ | १४०३७५ | १५३०१ | ७५०० |
| ४९/५० | ७७७९४ | ३८६५२ | ८७५८ | ३०३८४ |
| ५०/५१ | ५२१०८ | २५१२९ | ३३२५ | २३६५४ |
| ५१/५२ | ४३१८८ | ३३९४४ | १८१४ | ७४३० |
| ५२/५३ | ६७६६१ | २६६९६ | ९५३५ | ३१४३० |
| ५३/५४ | २६२१५४ | ६८७६४ | २५१३२ | १६८२७६ |
| ५४/५५ | १५६४७६ | २४५७३ | ५२९२१ | ७८९८२ |
| ५५/५६ | १४८५२० | ९८६९१ | १४६६६ | ३५१६३ |
| ५६/५७ | २२९३१९ | १७४५२६ | ४२०६१ | १२७३२ |
| ५७/५८ | ३०६५६ | ७२०६ | २२३८५ | १०६५ |
| ५८/५९ | ६०६५८ | १२३५५ | ३१९०८ | १६४९५ |


स्वीकृति लिएर । श्रम विभागको अभिलेखमा पनि ४८ वटा देशमा व्यक्तिगत र संस्थागत गरी २,४२,००५ जना नेपाली कामदार वैदेशिक रोजगारीका क्रममा विदेसिएका छन् । तिनको विवरण तालिका १५ मा दिइएको छ ।

कति नेपालीहरू विदेश गए भन्ने कुरा थाहा पाउने सजिलो छैन । तालिका १६ मा श्रम विभागले दिएको विदेशिएका नेपाली श्रमको संख्या देखाइएको छ । श्रम विभागको तथ्यांकमा केवल विभागको स्वीकृति लिएर विदेश जानेको विवरण मात्र रहने हुँदा अन्य

तालिका-१५ : विदेशमा नेपाली श्रमिक

| क्र.सं. | मुलुकको नाम | जम्मा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १७ | अमेरिका | ५९ | ३४ | कोसोभो | ८२ |
| १ | साउदी अरब | ८३४५९ | १८ | न्यूजिल्याण्ड | ५ | ३५ | जर्मनी | ३ |
| २ | कतार | ५५२२२ | १९ | अष्ट्रेलिया | ११ | ३६ | जिम्वावे | १२ |
| ३ | यू.ए.ई. | २५६७२ | २० | नेदरल्याण्ड | २ | ३७ | बर्मुडा | १ |
| ४ | बहराईन | ३१७१ | २१ | युगाण्डा | २५ | ३८ | साइप्रस | ९ |
| ५ | कुवेत | २९७३ | २२ | बेलायत | ६१ | ३९ | निकोसिया | ३ |
| ६ | ओमान | ३३६ | २३ | आयरल्याण्ड | ७ | ४० | इजरायल | २६ |
| ७ | हङकङ | १७५३ | २४ | फिनल्याण्ड | १४ | ४१ | दक्षिण कोरिया | ३११९ |
| ८ | साईपान | २४६ | २५ | इटली | २ | ४२ | ब्रुनाई | १८३ |
| ९ | जापान | १०० | २६ | पलाउ | १५ | ४३ | रसिया | २ |
| १० | माल्दिभ्स | १९४ | २७ | लावोस | १ | ४४ | स्वीडेन | १ |
| ११ | मलेसिया | ६४६४३ | २८ | जोर्डन | १५३ | ४५ | पोर्चुगल | १ |
| १२ | मकाउ | ३५३ | २९ | थाईल्याण्ड | १ | ४६ | मरिसस | १ |
| १३ | वेरुत | २ | ३० | फ्रान्स | १३ | ४७ | तान्जानिया | ५ |
| १४ | पपुवान्यूगिनी | १० | ३१ | स्पेन | २ | ४८ | नर्वे | ३ |
| १५ | इण्डोनेसिया | २९ | ३२ | पाकिस्तान | २ | | जम्मा: | २४२००५ |
| १६ | सिंगापुर | १७ | ३३ | ग्रीस | १ | | | |

## तालिका–१६ : विदेशिएका नेपाली श्रम शक्ति




| साल | ०५०/५१ | ०५१/५२ | ०५२/५३ | ०५३/५४ | ०५४/५५ | ०५५/५६ | ०५६/५७ | ०५७/५८ | ०५८/५९ |
|---|---|---|---|---|---|---|---|---|---|
| मजदुर संख्या | ३६०५ | २१५९ | २१३४ | ३२५९ | ७७४५ | २७७९६ | ३५५४३ | ५५०२५ | १०४७३९ |

स्रोतः श्रम विभाग

## तालिका–१७ : नेपालको श्रमशक्तिको स्थिति




| साल | २०५१ | २०५२ | २०५३ | २०५४ | २०५५ | २०५६ | २०५७ | २०५८ | २०५९ |
|---|---|---|---|---|---|---|---|---|---|
| मजदुर संख्या | ३५५,०५ | ३७०,३१ | ३७४,८ | ३८२,८ | ३८५,९६ | ३८७,२ | ३९२,४२ | ३९४,५४ | ३५९,३२ |

स्रोतः लेबोर रिलेसन इन नेपाल

नेपालीहरूको विवरण अज्ञात नै रहेको छ ।

तर तालिका १६ र १७ ले नेपालको श्रम गतिशीलताको एउटा झलक देखाउँछ । विदेशिनेको ग्राफ उकालो लाग्ने र स्वदेशको रोजगारीको ग्राफ ओरालो लाग्नेले अशुभ संकेत गरेको प्रष्ट छ । देशमा रोजगारी घट्ने र क्रियाशील श्रमशक्ति विदेशिने भनेको राष्ट्र विकासको लागि घातक प्रवृत्ति हो ।

**वैदेशिक रोजगारीमा संलग्न कंपनीहरू**

१. श्री ५ को सरकारबाट हालसम्म इजाजत लिएका कम्पनीहरूको संख्या ३०१

२. श्री ५ को सरकारबाटइजाजत पत्र खारेज गरिएको कम्पनीहरूको संख्या ४१

३. अदालती कार्यवाहीमा परेर बन्द भएका १३

४. हाल दर्ता कायम भएका कम्पनीहरूको संख्या २४७

**विदेशमा मृत्यु हुने कामदार संख्या** ९६

साउदी अरेविया ५३

कतार ३९

मलेसिया ४

**अदालतमा पेश भएको मुद्दाहरूको संख्या** १३०

संस्थागत मुद्दा ८

व्यक्तिगत १२२

पीडित व्यक्तिहरूलाई दिइएको क्षतिपूर्ति रु. २,४०,५०,१९६/-

## संकटकालमा विदेशिनेको दरमा वृद्धि

विभागको अभिलेख अनुसार २०४९-२०५९ को दशकमा विदेशिने श्रमिक २४२००५ मध्ये झण्डै आधा अर्थात १०४०३९ जना २०५८ श्रावणदेखि २०५९ असाढ भित्रमा मात्र विदेशिएका छन् । गत वर्ष माओवादी आतंक र संकटकालको कारणले विदेशिनेको संख्या वृद्धि भएको कुरा तलको तथ्यांकले स्पष्ट पार्छ । तालिका बोल्छ- विदेशिने नेपाली श्रमशक्तिको संख्या मासिक ८७२८ रहेको छ ।

**तालिका-१८ : वैदेशिक रोजगार सम्बन्धी वार्षिक तथ्याङ्क** (आ.व. २०५८/०५९)

| महिना | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पुष | माघ | फाल्गुण | चैत्र | वैशाख | जेष्ठ | आषाढ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सा.अ. | १७२० | १८०० | २१३५ | ८४७ | १९५३ | १०७५ | १७६४ | १७३४ | २२९३ | २०१६ | १७९१ | १९६६ | २१०९४ |
| कुवेत | ८ | ६५ | १५ | २४ | १३ | ४२ | ५ | ११ | ४३ | ८१ | ५८ | १३ | ३७८ |
| कतार | १७१८ | १५०८ | १६२१ | १४४८ | १६५६ | ९४८ | १५९९ | १३१० | १७३४ | १६६१ | २१९२ | २५०० | १९८९५ |
| यू.ए.ई. | ९५३ | ५७३ | ५२२ | ६०५ | ६९० | ५३६ | ७६५ | ५२३ | ८९३ | ७२४ | ८०७ | ८२० | ८४११ |
| बहराईन | ४२ | २९ | ५८ | ३४ | ६६ | ५३ | ७३ | ३८ | ६० | १०३ | ४१ | ९८ | ६९५ |
| हङकङ | ४७ | ४४ | ४२ | ७० | ६० | २२ | १० | ३७ | ३६ | ३८ | ३७ | ३९ | ४८२ |
| जोर्डन | २० | ९३ | १ | | | | | | | | ३५ | १ | १५० |
| द. कोरिया | | | | | १ | | २५ | २६ | | ३५ | २७ | १७ | १३१ |
| कोसोभो | १ | | | ६ | १० | १६ | | १ | | | | | ३४ |
| मलेशिया | ५३९१ | ५३७७ | ५२७३ | ३९०३ | ४२४८ | २४८४ | ५०६७ | ४९३५ | ४१८६ | २८३३ | ३२९१ | ५९३८ | ५२९२६ |
| माल्दिभ्स | | | २४ | ५ | | | | | | ९ | | १ | ३९ |
| इजरायल | | ७ | | | | | १ | | | | ५ | ३ | १६ |
| मकाउ | | | | १ | | ४० | १ | | ५ | | | ३ | ५० |
| अन्य | १४ | ३० | २८ | २८ | ४७ | ४४ | ४९ | १२ | १८ | १९ | ७१ | ७८ | ४३८ |
| जम्मा | ९९१४ | ९५२६ | ९७१९ | ६९७१ | ८७४४ | ५२६० | ९३५९ | ८६२७ | ९२६८ | ७५१९ | ८३५५ | ११४७७ | १०४७३९ |

## सर्भेक्षणमा प्रयोग भएका छोटकरी नामको विवरण

**ट्रेड यूनियन महासंघहरू**

जिफन्ट - नेपाल ट्रेड यूनियन महासंघ
एनटीयूसी - नेपाल ट्रेड यूनियन कांग्रेस
डिकोन्ट - नेपाल प्रजातान्त्रिक ट्रेड यूनियन महासंघ

**ट्रेड यूनियन संघहरु**

१ नेस्वमयू - नेपाल स्वतन्त्र मजदुर यूनियन
२ नेस्वटेगामयू - नेपाल स्वतन्त्र टेक्सटायल-गार्मेन्ट मजदुर यूनियन
३ नेयास्वमसं - नेपाल यातायात स्वतन्त्र मजदुर संगठन
४ नेस्वकामयू - नेपाल स्वतन्त्र कार्पेट मजदुर यूनियन
५ नेस्वहोमयू - नेपाल स्वतन्त्र होटल मजदुर यूनियन
६ यूनिट्राभ - नेपाल ट्रेकिङ-ट्राभल्स-र्‍याफ्टीङ मजदुर यूनियन
७ नेस्वचिमयू - नेपाल स्वतन्त्र चिया मजदुर यूनियन
८ नेस्वप्रेमयू - नेपाल स्वतन्त्र प्रेस मजदुर यूनियन
९ नेअट्रेय (एनएटीयू)- नेपाल अटोमेकानिक्स ट्रेड यूनियन
१० क्युपेक-नेपाल - नेपाल स्वतन्त्र बिजुली, पेन्टर, प्लम्बर तथा निर्माण मजदुर यूनियन
११ नेस्वसमयू - नेपाल स्वतन्त्र सफाइ मजदुर यूनियन
१२ नेस्वपेमयू - नेपाल स्वतन्त्र पेन्टर मजदुर यूनियन
१३ नेकामका - नेपाल कारखाना मजदुर कांग्रेस
१४ नेगमसं - नेपाल गलैंचा मजदुर संघ
१५ नेपहोश्रसं - नेपाल पर्यटन तथा होटल श्रमिक संघ
१६ नेइभश्रसं - नेपाल इटाभट्टा श्रमिक संघ
१७ नेभनिश्रसं - नेपाल भवन निर्माण श्रमिक संघ
१८ नेकाकसं - नेपाल काष्ठ कर्मी संघ
१९ नेनाइसं - नेपाल नाइ संघ
२० नेरासाहोश्रसं - नेपाल रेस्टुराँ तथा साना होटल श्रमिक संघ
२१ नेपकासं - नेपाल पसल कामदार संघ
२२ नेयामसं - नेपाल नेपाल यातायात मजदुर संघ
२३ नेगामसं - नेपाल गार्मेन्ट मजदुर संघ
२४ नेविसंकसं - नेपाल वित्तीय संस्था कर्मचारी संघ
२५ नेचिबश्रमसं - नेपाल चिया बगान श्रमिक संघ
२६ नेस्वाकसं - नेपाल स्वास्थ्य कर्मी संघ
२७ नेप्रेयू - नेपाल प्रेस यूनियन
२८ नेअसंकसं - नेपाल अन्तर संस्थान कर्मचारी संघ
२९ नेप्लस्वमयू - नेपाल प्लम्बर स्वतन्त्र मजदुर यूनियन
३० नेवश्रसं - नेपाल वर्कसप श्रमिक संघ
३१ नेमेविरि - नेपाल मेडिकल तथा विक्री रिप्रिजेन्टेटिभ
३२ नेछामसं - नेपाल छाला मजदुर संघ
३३ अबैंकसं - अन्तर बैंकिङ कर्मचारी संघ
३४ असंकसं - अन्तर संस्थान कर्मचारी संघ
३५ नेकआसं - नेपाल कमर्सियल आर्टिस्ट संघ
३६ नेभविकसं - नेपाल भन्सार तथा विमानस्थल कर्मचारी संघ
३७ नेचचिश्रसं - नेपाल चलचित्र श्रमिक संघ
३८ नेवर्कसपश्रसं - नेपाल वर्कसप श्रमिक संघ
३९ नेगमयू - नेपाल गलैंचा मजदुर यूनियन
४० नेरिचायू - नेपाल रिक्सा चालक यूनियन
४१ नेसामसं - नेपाल साइकल मजदुर संघ
४२ नेस्वखापेमयू - नेपाल स्वतन्त्र खाद्य तथा पेय मजदुर यूनियन
४३ नेस्वकेआमयू - नेपाल स्वतन्त्र केमिकल-आइरन मजदुर यूनियन
४४ नेमिटेचासं - नेपाल मिटर टेम्पो चालक संगठन
४५ नेविकसंघ - नेपाल विद्युत्कर्मी संघ
४६ नेकाकश्रसं - नेपाल काष्ठकर्मी श्रमिक संघ
४७ नेरानाइसंघ - राष्ट्रिय नाइ संघ
४८ नेछाछाजुकसं - नेपाल छाला तथा छालाजुत्ताकर्मी संघ
४९ नेपकसं - नेपाल पसल कर्मी संघ
५० नेसाहोकसं - नेपाल साना होटलकर्मी संघ
५१ नेभनिकसं - नेपाल भवन निर्माणकर्मी संघ
५२ नेरिचासं - नेपाल रिक्साचालक संघ
५३ नेपकासं - नेपाल पसल कामदार संघ
५४ नेपहोश्रसं - नेपाल पर्यटन तथा होटल श्रमिक संघ
५५ नेनिमसं - नेपाल निर्माण मजदुर संघ
५६ नेइश्रसं - नेपाल इम्ब्रायडरी श्रमिक संघ
५७ अनेगमसं - अखिल नेपाल गलैंचा मजदुर संघ
५८ नेप्रपविसं - नेपाल प्रगतिशील पत्रिका विक्रेता संघ
५९ अनेथाकमयू - अखिल नेपाल थाङका कला मजदुर यूनियन
६० नेपेप्लवामसं - नेपाल पेन्टर, प्लम्बर तथा वाइरिङ मजदुर संघ
६१ अनेनिमसं - अखिल नेपाल निर्माण मजदुर संघ
६२ अनेरिमसं - अखिल नेपाल रिक्सा मजदुर संघ
६३ नेयामसं - नेपाल यातायात मजदुर संघ
६४ अनेथाकमयू - अखिल नेपाल थाङका कला मजदुर यूनियन
६५ नेतपोश्रसं - नेपाल तयारी पोसाक श्रमिक संघ
६६ नेहोमसं - नेपाल होटल मजदुर संघ
६७ नेनिसंसं - नेपाल निर्माण तथा संबद्ध श्रमिक संघ
६८ नेकृमसं - नेपाल कृषि मजदुर संघ
६९ नेट्याचासं - नेपाल ट्याक्सी चालक संघ
७० कृमसंघ, नेपाल - कृषि मजदुर संघ, नेपाल
७१ नेनाइसं - नेपाल नाइ संघ
७२ नेकाकसं - नेपाल काष्ठकर्मी संघ
७३ नेरास्वपमयू - ने.रा.स्व. पसल मजदुर यूनियन
७४ नेरास्वरिमयू - ने. रा. स्व. रिक्सा मजदुर यूनियन
७५ नेरास्वग्रिमयू - ने. रा. स्व. ग्रिल मजदुर यूनियन
७६ नेइइटेयू - नेपाल इलेक्ट्रीक, इलेक्ट्रोनिक्स टेक्निसियन यूनियन
७७ नेस्वट्रेमसं - नेपाल स्वतन्त्र ट्रेकिङ मजदुर संघ
७८ नेस्वनिमसं - नेपाल स्वतन्त्र निर्माण मजदुर संगठन
७९ नेपहोश्रसं - नेपाल पर्यटन तथा होटल श्रमिक संघ
८० नेस्वढुमयू - नेपाल स्वतन्त्र ढुवानी मजदुर यूनियन
८१ व्याक्षेमयसं - व्यापारिक क्षेत्र मजदुर संघ
८२ नेरिठेमसं - नेपाल रिक्सा तथा ठेला मजदुर संघ
८३ नेरेसाहोश्रसं - नेपाल रेष्टुराँ तथा साना होटल श्रमिक संघ
८४ नेऔविप्रसं - नेपाल औषधि तथा विक्री प्रतिनिधि संघ
८५ नेसांककसं - नेपाल सांस्कृति कलाकर्मी संघ

# ओहो ! हामी नेपाली त कति गरिब ?




सामान्यतः कुनैपनि देशको गरिबी र समृद्धि प्रतिव्यक्ति वार्षिक आम्दानीबाट पनि नाप्ने गरिन्छ। नेपालको प्रतिव्यक्ति वार्षिक आम्दानी अमेरिकी डलरमा २२० हो। अहिलेको बजार भाउ अनुसार १ अमेरिकी डलर बराबर ७८ रूपैयाँ छ। यस अनुसार एउटा नेपालीको १ वर्षको औसत आम्दानी १७ हजार १ सय ६० हुन आउँछ। यो आम्दानीलाई १२ महनिामा बाँड्ने हो भने एउटा नेपालीको १ महिनाको आम्दानी १ हजार ४ सय ३० रूपैयाँ हुन्छ। १ महिनाको १ हजार ४ सय ३० रूपैयाँ भनेको एक दिनको आम्दानी ४७ रूपैयाँ ६७ पैसा र १ घण्टाको ५ रूपैयाँ ९६ पैसा हुन्छ। किनभने एक दिन भनेको कामका हिसाबले आठ घन्टा हो।


एउटा उदाहरणबाट तुलना गरी हेरौं, प्रतिव्यक्ति वार्षिक आम्दानीको आधारमा हिसाव गर्दा डेनमार्कमा १ घण्टा काम गर्दा ८ अमेरिकी डलर अर्थात ६३१ रूपैयाँ ४ पैसा आम्दानी हुन्छ। यसै गरी अमेरिकामा १ घण्टा कामको ८५३ रूपैयाँ १२ पैसा, जर्मनीमा ५९८ रूपैयाँ ५४ पैसा, पोल्याण्डमा १८४ रूपैयाँ १६ पैसा, थाइल्याण्डमा १६५ रूपैयाँ २० पैसा र चीनमा २० रूपैयाँ ३१ पैसा आम्दानी हुन्छ। यो आम्दानी भएका देशहरूको बजार भाउ पनि फरक फरक छ र यसै कारणले मानिसको किन्ने क्षमता पनि फरक फरक हुन जान्छ। आम्दानी धेरै बजार भाउ सस्तो हुँदा किन्ने क्षमता धेरै हुन्छ, आम्दानी धेरै बजार भाउ महंगो हुँदा साफो नाफो बराबर पनि हुन सक्छ। तर आम्दानी थोरै बजारभाउ महंगो हुँदा मानिस धरापमा पर्छ।

माथिको आम्दानीको आधारमा डेनिस र जर्मनहरूले १ लिटर दूध किन्न अढाइ मिनेट काम गरे पुग्छ, यस्तै अमेरिकामा १ लिटर दूध किन्ने आम्दानी गर्न ४ मिनेट काम गर्नु पर्छ। यसैगरी पोल्याण्डमा साँढे ८ मिनेट, चीनमा साँढे १३ मिनेट र थाइल्याण्डमा ३७ मिनेट काम गरेपछि १ लिटर दूध किन्न पुग्ने आम्दानी हुन्छ। नेपालको १ घण्टाको प्रतिव्यक्ति औसत आम्दानी ५ रूपैयाँ ९६ पैसा छ। यो आम्दानीबाट एउटा नेपालीले काठमाडौंमा १ लिटर दूध किन्न ४ घण्टा ५२ मिनेट काम गर्नु पर्छ। अमेरिकामा १ मिनेट काम गरेको आम्दानीले १ लिटर पेट्रोल आउँछ, नेपालमा १ ट्याब्लेट सिटामोल किन्न ५ मिनेट काम गर्नुपर्छ। १ लिटर पेट्रोल किन्न त ७ घण्टा ४२ मिनेट अर्थात दिनभरी नै काम गर्नु पर्छ।

जर्मनीमा एउटा रंगीन टिभी किन्न १३ घण्टा काम गरे पुग्छ भने थाइल्याण्डमा २ सय १७ घण्टा काम गर्नु पर्छ। तर नेपालीले खासाबाट आउने कमसल खालको रंगीन टिभी किन्न १ हजार २ सय ५८ घण्टा २३ मिनेट काम गर्नु पर्छ। अरू त अरू हामीलाई सबैभन्दा सस्तो लाग्ने नुन १ किलो किन्न एउटा नेपालीले १ घण्टा ५० मिनेट काम गर्नुपर्छ। छिमेकी देश चीनमा मध्यम खालको कार किन्न ३,६५० घण्टा काम गरे पुग्छ तर नेपालमा भारतको भ्यासे साईकल किन्न ४ सय ३६ घण्टा १४ मिनेट काम गर्नुपर्छ। यही औसत आम्दानीबाट मारुती कार किन्ने कुनै नेपालीले सपना देखेको छ भने उसले तीन पटक जन्मनुपर्छ। एउटा मारुती कार किन्न एउटा नेपालीलाई १ लाख ९ हजार ६० घण्टा २४ मिनेट भोक भोकै काम गर्नु पर्छ। हामी नेपालीको हरिविजोग कहाँ देखिएको छ भने आफू मर्दा ओढाइने कात्रो किन्न पनि एउटा नेपालीले ३३ घण्टा ३३ मिनेट काम गर्नुपर्छ।

(महासंघको प्रकाशोन्मुख कृति आजको श्रम एजेण्डाबाट)

# के वाह्य आप्रवासनले गरीब मुलुकहरूलाई फाइदा पुऱ्याउँछ ?



लाहुरे संस्कृतिको इतिहास बोकेको नेपाली अर्थतन्त्रले बढ्दो गरीबी र बेरोजगारी खप्न नसकेर वैदेशिक रोजगारीलाई पुनः एउटा प्रमुख वैकल्पिक रोजगारी र आम्दानीको स्रोतको रूपमा हेरिन थालेको छ। वैदेशिक रोजगारीलाई एउटा राष्ट्रिय रोजगारी नीतिकै रूपमा अवलम्बन गरिन थालेको छ। यसै सन्दर्भमा हालै वेलायतबाट प्रकाशन हुने साप्ताहिक इकोनोमिष्ट (सेप्टेम्बर २८-अक्टुबर ४) पत्रिकाले वैदेशिक आप्रवासनले गरीब मुलुकहरूमा पार्ने असर सम्बन्धी अनुसन्धनात्मक लेख प्रकाशन गरेको छ। हाम्रै वस्तुस्थितिसंग सान्दर्भिक रहने भएकोले अंग्रेजीमा प्रकाशित उक्त लेखलाई भावार्थ यहाँ अनुवाद गरिएको छ।

हाल आएर विश्व श्रम बजारमा एक किसिमको प्रतिस्पर्धा नै छाएको छ भनें हुन्छ। विकसित मुलुकहरू जस्तै अमेरिका, बेलायत, जर्मनी तथा अष्ट्रेलियाले आफ्नो देशहरूमा गरीब देशहरूबाट सीपमूलक दक्ष कामदारहरूलाई आकृष्ट गर्न भिसा प्रणाली खुकुलो गर्ने, वर्क परमिट सजिलै उपलब्ध गराउने तथा आप्रवासन सम्बन्धी अन्य व्यवधानहरू हटाउने कार्यमा लागेका छन्।

हालै विदेशी विद्यार्थीहरू, मूलतः सूचना र संचार क्षेत्रमा अध्ययनरत, लाई स्थाई बसोवासको लागि अनुरोध सम्म गरेको छ। अष्ट्रेलियाले वैध र अवैध जुनसुकै रूपमा भए पनि आप्रवासन आर्थिक रूपले बोझिलो हुन्छ। त्यसैले एउटा गरीब परिवारबाट भन्दा पनि अधिकांश उच्च शिक्षा प्राप्त गरेका धनाढ्यहरू बढी मात्रामा विदेशतिर पलायन भएको हामी पाउँछौं। उदाहरणको लागि अफ्रिका महादेशबाट विदेशिनेहरू मध्ये एक-तिहाइसंग स्नातकतहसम्मको उच्च शिक्षा प्राप्त भएको देखिन्छ भने ऐशिया र दक्षिण अमेरिकाबाट आउनेहरूमा आधा। अमेरिकामा बसोबास गरेका दश लाख भारतीय मूलका जनसंख्यामध्ये तीन चौथाइसंग स्नातक वा त्यो भन्दा माथिको उच्च शिक्षा रहेको देखिन्छ। घाना र सेरा लिओनको जनसंख्याको ३० प्रतिशत उच्च शिक्षा प्राप्त व्यक्तिहरू विदेशमा निर्वासित छ।

वैदेशिक आप्रवासनको आर्कषणको केन्द्रविन्दु अहिले आएर संयुक्त राज्य अमेरिका हुन पुगेको छ। हालै गरिएको एउटा अध्ययनले के देखाउँछ भने कानूनी रूपमा अमेरिका प्रवेश गर्ने व्यक्तिहरू मध्ये २१ प्रतिशतसंग कम्तीमा १७ वर्षको शिक्षा प्राप्त भएको देखिन्छ, जब कि अमेरीकामा नै जन्मेका व्यक्तिहरू मध्ये करिब ८ प्रतिशतमा मात्र यस्तो योग्यता छ। भनिन्छ मेक्सिकोको १२ प्रतिशत उच्च शिक्षा प्राप्त व्यक्तिहरू अमेरिकामा बसोवास गर्छन्, सामन्य श्रमिकको सन्दर्भमा त यो ७५ प्रतिशत हुन आउँछ। गरीब मुलुकहरूमा जनसंख्याको थोरै प्रतिशतले मात्र उच्च शिक्षा प्राप्त गर्ने अवसर पाउँछन् यस्ता शिक्षित व्यक्तिहरूको अधिक विदेश पलायनको प्रक्रियाले देशमा प्रत्यक्ष प्रभाव पार्दछ।

अचेल दक्ष र शिक्षित व्यक्तिहरू मात्र नभएर धेरैजसो उच्च र विशिष्ट तहका व्यक्तिहरू विदेशिने गर्दछन्। १९८० को दशकमा तीन प्रतिशत भारतीय डाक्टरहरू विदेशिएको देखिन्छ भने भारतको प्रख्यात चिकित्सा शास्त्र अध्ययन संस्थान-अल इण्डिया इन्स्टिच्युट फर मेडिकल साइन्सेज (ब्क्क) बाट सन् १९५६-८० मा ५६ प्रतिशत र १९९० को दशकमा ४९ प्रतिशत चिकित्सकहरू विदेश पलायन भएको

देखिन्छ। विदेशमा उच्च शिक्षा हासिल गर्ने प्रवृत्तिले पनि आप्रवासनलाई थप मद्दत पुऱ्याएको छ। उदाहरणको लागि अमेरिकामा पि एच डी गर्ने विदेशी विद्यार्थीहरू मध्ये आधा जस्तो आफ्नो पढाइ सकिएपछि पनि पाँच वर्ष सम्म अमेरिकामा नै बसिराखेको देखिन्छ। विशेषतः भारत, चीन र ब्रिटेनबाट आउने विद्यार्थीहरू त्यहाँ बस्न रुचाएको देखिन्छ। कोही अस्थायी भिसाको लागि आवेदन दिन्छन् भने कोही अमेरिकी मूल संग विवाह गर्छन्, कोही त त्यसै ओभरस्टे गरेर बसेका हुन्छन्।

गरीब मुलुकहरूमा मात्र यस प्रकारको आप्रवासनले असर पार्ने नभई हालै आएर विकसित मुलुकहरू जस्तै क्यानाडा र अष्ट्रेलिया पनि यसको मारमा परेको देखिन्छ। कतिपय अवस्थामा त यी मुलुकहरूलाई अमेरिका प्रवेश गर्ने बाटोको रूपमा पनि लिएको देखिन्छ।

**आप्रवासनको प्रभाव**

उच्च दक्ष व्यक्तिहरूको "ब्रेन ड्रेन" (बौद्धिकता पलायन) ले अर्थतन्त्रमा कस्तो प्रभाव पार्दछ ? सिङ्गो विश्वलाई नै नियालेर हेर्ने हो भने आ-आफ्नो क्षमता दक्षताको कदर जहाँ हुन्छ त्यहीं नै त्यस प्रकारका मानिसहरू आकृष्ट हुन्छन् र यो स्वभाविक पनि छ। तर विश्वव्यापि तहमा यो कुरा ठिक देखिए तापनि एउटा मुलुकमा पर्ने प्रभावलाई केलाउने हो भने कुरा अर्कै देख्न सकिन्छ।

केही अर्थशास्त्रीहरू भन्ने गर्दछन् "यसरी हुने बौद्धिक व्यक्तिको पलायनले गरीब मुलुकहरूलाई फाइदा नै पुऱ्याउँछ"। बौद्धिकता पलायनको प्रक्रियाले देशको गरीबी न्यून गर्न मद्दत पुऱ्याउँछ। जब उच्च दक्ष व्यक्तिहरू धनी मुलुकहरूमा बसाइ सर्छन्, गरीब मुलुकहरूमा तिनीहरूको सीप वा दक्षताको अभाव हुन्छ र यसले गर्दा देशभित्रै बसिरहेकाहरूको ज्यालादरमा वृद्धि हुन्छ। यस्तो कुरा रोमानियामा अनुभव गरिएको छ। दक्ष वैज्ञानिकहरूको पलायनले गर्दा त्यहाँ रहेका वैज्ञानिकहरूको ज्यालादरमा वृद्धि भएको छ। तर बौद्धिकता पलायनले कुनै देशको अर्थतन्त्रमा यसरी सकारात्मक असर गरे तापनि यो सधैं हुन्छ भन्ने ग्यारेण्टी भने छैन। यदि विदेशिएका यस्ता दक्ष र सीपमूलक श्रमिकहरूको आपूर्ति अर्थतन्त्रमा तुरुन्त हुन सकेन भने यसले उत्पादकत्वमा नकारात्मक असर पार्दछ।

विदेशिनेहरूको शिक्षा-दिक्षाको लागि एउटा गरीब मुलुकले निकै खर्च व्यहोरेको हुन्छ, उनीहरूबाट प्राप्त हुने कर आम्दानीमा ह्रास आउँछ र अर्थतन्त्रमा रहेका अन्य वयस्कहरूले यो करको भार थाम्नु पर्ने हुन्छ। हावार्ड विश्व विद्यालयका श्री मिहिर देशाइले गरेको अध्ययन अनुसार हाल अमेरिकामा रहेका १० लाख भारतीयहरू जनसंख्याको हिसाबले जम्मा ०.१ प्रतिशत मात्र हुन्छ तर तिनीहरूको आम्दानी भारतको कूल आम्दानीको १० प्रतिशत रहेको छ। हुन त यदि उनीहरू सबै भारतमा फर्केको भए यत्तिकै आम्दानी भने गर्न सक्दैन थिए होला, तर पनि तिनीहरू जनसंख्याको अधिक कर तिर्न सक्ने हिस्सा भएकोले यो आम्दानी राष्ट्रले गुमाउनु परेको छ।

वैदेशिक रोजगारीमा गएमा श्रमिकहरूले कति आम्दानी वा रेमिटेन्स पठाउँछन् त भन्दा यो रकम अधिकारिक तहमा ६० अर्व डलर रहेको छ। अनाधिकृत रूपमा थप १५ अर्व डलर आंकलन गरिएको छ। अहिले विश्वमा आर्थिक सहायताको २० प्रतिशत बढी रकम रेमिटेन्स रकमबाट प्राप्त हुन्छ। र आर्थिक सहायता रकम र रेमिटेन्स रकमको दूरी बढ्दै गइराखेको छ।


हालसम्म अर्थशास्त्रीहरूले रेमिटेन्स रकमले सकारात्मक असर पार्दछ वा यसको कुनै नकारात्मक असर छैन भन्ने कुरामा विश्वास गरेको देखिन्छ। तर वास्तविकता यो भन्दा फरक हुन सक्छ। टर्कीमा गरिएको एक अध्ययनले के दखाउँछ भने रेमिटेन्स रकमको कारण दाइजो प्रथा बढेको, जग्गाको भाउ आकाशिएको तथा स्थानीय मुद्रा अनावश्यक रूपले उच्च मूल्यांकन भएको कुरा देखिएको छ। विदेशबाट प्राप्त रकम स्थानीय उपभोगमा खर्च गरेमा मात्र विकास प्रक्रियालाई टेवा मिल्न सक्छ। मेक्सिकोको अध्ययनले के देखाउँछ भने प्रति डलर विदेशबाट पठाएको रकमको खर्च गर्ने क्षमता तीन दोब्बर रहेको देखिन्छ। यसरी विदेशबाट पठाएको रकमको प्रभाव दक्ष सीपमूलक व्यक्तिहरू पठाउने मुलुकभन्दा अदक्ष श्रमिकहरू पठाउने मुलुकहरूमा बढी देखिन्छ। कारण जब दक्ष सीपमूलक व्यक्तिहरू बाहिरिन्छन् उनीहरू आफ्ना परिवार पनि साथै लान्छन्, त्यहाँ बस्ने चाँजोपाँजो मिलाउँछन् र उनीहरूले एउटा श्रमिकले पठाउने भन्दा ज्यादा रेमिटेन्स पठाउँछन्। यो तथ्य नेपालको लागि मनन योग्य छ। कारण हामीकहाँ पनि बढी मात्रा अदक्ष कामदारहरू बाहिर जाने गर्दछन्।

तर बाहय आप्रवासनले अरु फाइदा भने ल्याउँछ, जस्तै- बाहिर गएर अधिक पैसा कमाउने सूरले मानिसहरू उच्च शिक्षामा लगानी गर्छन्। यसले गर्दा शैक्षिक स्तर बढ्छ। कति सम्म भएको छ भने मेक्सिकोका विश्वविद्यालयहरूले अमेरिकी बहुउद्देशीय कम्पनीहरूमा काम पाउन त्यहाँ चाहिने शिक्षा दिन थालेका छन्। यसरी प्रदान गरेको शिक्षा आफ्नै देशलाई पनि काम लाग्दछ। यदि विदेशिएको व्यक्ति पछि आफ्नो देश फर्केमा उसले थप सीप, प्रविधि र व्यवसायिक सम्बन्ध बढाउन मद्दत गर्दछ। एउटा अध्ययनले के देखाएको छ भने श्रमिकको आयातसंगै संबन्धित देशसंग व्यापार पनि वृद्धि भएको छ। ताइपेइमा रहेका ३१२ कम्पनीहरू मध्ये ११३ वटा त विदेश गएर फर्केका ताइवानी इंजिनियरहरूले खोलेका छन्।

**गरीब मुलुकहरूले के गर्नु पर्दछ ?**

गरीब मुलुकहरूलाई यसरी दक्ष, बौद्धिक समुदायको विदेश पलायनले ठाडै असर पार्ने भएकोले के गर्दा हुन्छ त? भन्ने प्रश्न अगाडि आएको छ। आज भोलिको जमानामा विदेश जान प्रतिबन्ध लगाउन मुस्किल छ, त्यसकारण अन्य उपायहरूको खोजी गरिनु पर्दछ। पहिला त आफ्नै देशमा काम गर्ने वातावरण वा कार्य स्थल राम्रो बनाउन जरुरी छ जसले गर्दा यस्ता व्यक्तिहरू विदेश जानबाट रोक्न सकिन्छ। दोस्रो यिनीहरूले पाउने ज्याला पनि राम्रो हुनु जरुरी छ। हुनत विदेशबाट अध्ययन गरेर आउनेहरूलाई राम्रो तलब सुविधा दिने गरिन्छ तर यसले आफ्नै देशमा पढेकाहरूलाई होच्याउने प्रवृतिको विकास हुन्छ। त्यस्तै शिक्षालाई अनुदान दिन भन्दा ऋण दिनु राम्रो हुन्छ। अन्यथा सस्तो शिक्षा गरीब मुलुकमा आर्जन गऱ्यो, अनि धनी मुलुकमा विदेशिने प्रवृत्ति बढ्न जान्छ। हालै इरीट्रीयाले बाहिर काम गर्न जानेहरूलाई कर लगाउन थालेका छ। पासपोर्ट नवीकरण गर्न आउँदा उनीहरूको आम्दानीमा कर लगाउन सकिन्छ। यो पनि सरकारी आम्दानी बढाउने राम्रो उपाय हो तर यसले झै-झगडा निम्त्याउन पनि सक्छ। दक्ष कामदारहरू जसरी भए पनि विदेश जाने नै भएपछि द्वैध नागरिकता दिलाउने अर्को राम्रो उपाय हुन सक्छ। मूल कुरा मान्छेलाई कतै जानबाट रोक्नु भन्दा उसलाई फर्केर आउन सक्ने वातावरण बनाउनु जरुरी छ। त्यसकारण पनि श्रमिकहरूको गतिशीलतामा जोड दिइनु पर्दछ। ध्यान दिनै पर्ने कुरा के हो भने स्वदेश फर्कन गाह्रो भएमा विदेशिने व्यक्तिहरू सधैंको लागि त्यतै नै बस्न सक्छन्।

**अनुः डा. नारायण मानन्धर**



# दर्शन भनेको के हो?

मुकुन्द न्यौपाने

**यसको मतलब चेतना र वाणिको प्रकृतिसंग कुनै सम्बन्ध छैन ?**

यस सम्बन्धमा हामी रुसी दार्शनिक एस्विरकिन र ओया खोतको पुस्तकको एउटा अंशलाई उद्धृत गरौं।

“१९२० मा भारतमा भएको एउटा घटनालाई हामी हेरौं। भारतमा त्यो वेला एउटा अनाथालयका प्रमुख एक श्री सिंहले के थाहा पाए भने एउटा गुफामा ब्वाँसाहरूसंग केही विचित्र किसिमका प्राणीहरू छन्। गाउँलेहरूले बताए ती भूत हुन्। पछि तिनीहरूलाई अनाथालयमा ल्याएर छानवीन गर्दा ती साना साना बच्चाहरू मानिसका बच्चा हुन्। यिनमा एउटाको उमेर १८र अर्कोको उमेर ८१ थियो। यिनीहरूलाई ब्वाँसाहरूबाट खोसेर अनाथालयमा राखियो। त्यहाँ उनीहरूलाई मानवीय गुण सिकाउन अरु बच्चा जस्तै पालन पोषण गर्न थालियो। त्यहाँ उनीहरूले धेरै कोसिस गरे। उनीहरूको चरित्र जनावरको जस्तै थियो र सानो बच्चा त पुरा पुरा जनावरै थियो।

जनावरसंग बस्दा उनीहरूको आचरण मात्र हैन उनीहरूको शारीरिक बनावटमा समेत परिवर्तन हुन थालेको थियो। मानिस जस्तै सिधै हिंड्ने कुरामा पनि उनीहरू अपरिचित थिए। उनीहरूसंग सोच्ने क्षमताको कुनै चिन्ह थिएन। उनीहरू दिनमा सुत्थे। राती भएपछि केही चेतना जाग्दथ्यो। यिनीहरूमध्ये एउटा अर्ध पशु र एउटा पुरै पशुको जिन्दगी बाँचिरहेका थिए। उनीहरूलाई बचाउन ठूलो प्रयत्न भयो तर दुर्भाग्यवस उनीहरू बाँचेनन्।” (द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादको मूल सिद्धान्त पेज ४६)

“यो मानिसको उदाहरणले केही कुराहरू अगाडि सार्दछ। दुई बच्चाको फरक अवस्थाले के बताउँछ भने बच्चासंग जन्मकालमा सामान्य मानव मस्तिष्क विद्यमान थियो। जब ऊ ठूलो भयो त्यसको मस्तिष्क पनि बढ्यो।”

“त्यसो भए चिन्तनको क्षमतामा ऊ किन यति पछि पर्‍यो ? हामीले माथि जेबतायौं त्यसैको आधारमा सजिलै यसको उत्तर दिन सकिन्छ। के कुरा स्पष्ट छ भने मानव चेतनालाई व्यक्त गर्नको लागि जैविक अर्थमा सामान्य मस्तिष्क भएर मात्र पुग्दैन। चेतना विकास गर्नको लागि कसैले पनि समाजमा हुर्कनु पर्दछ र समूहमा रहनु पर्दछ। समूहबाट बाहिर मानव चिन्तनको अस्तित्त्व छैन। चेतनाको अविर्भाव समाजमा मानिसको जीवनको क्रियाकलापमा हुन्छ। चिन्तन अगाडि तब मात्र विकास हुन्छ जब व्यक्ति एकातर्फ प्रकृतिलाई प्रतिविम्वित गर्दछ र अर्कोतर्फ श्रम उत्पादनको क्रियाको क्रममा मानिससंग निश्चितसम्बन्धमा बाँधिने काम गर्छ। श्रमले नै मानव र मानव समाजको रचना गरेको हो। श्रम उत्पादन क्रियाद्वारा नै मानिसको मस्तिष्क र उसको चेतना विकास भएको हो।”

यसको स्पष्ट अर्थ के हो भने समाजभन्दा बाहिर बोली पनि हुन सक्दैन। भाषा पनि हुन सक्दैन र त्यस्तै चेतना पनि हुन सक्दैन। एंगेल्सले ‘वनमान्छेबाट मानिसमा परिवर्तनमा श्रमको भूमिका’ नामक आफ्नो रचनामा चिन्तन र भाषाको स्वरूप ग्रहण गर्ने प्रक्रिया माथि प्रकाश पारेका छन्।

एंगेल्सले लेखेका छन्- “हाम्रो पुर्खा वनमान्छेबाट मानिस हुनुमा पहिलो कदम थियो सिधा भएर हिंड्ने। यो मानिसले श्रमको प्राकृतिक उपकरणको उपयोग गर्न थाल्नुको परिणाम थियो। यसप्रकास मानिसको अघिल्लो अंग मुक्त भयो र श्रमको क्रियासंग विकास हुनथाल्यो। यसरी विस्तारै मान्छेको हातको विकास भयो। हात केवल श्रमको साधन मात्र होइन श्रमको परिणाम पनि हो।”

शब्दको अर्थमा गहिरिएर हेर्ने हो भने प्राकृतिक उपकरणको उपयोगको अवस्था वास्तवमा श्रम होइन। इतिहासको विकास क्रममा स्वयं श्रम पनि विकासका अध्यायहरूबाट पार गरेको छ। सही श्रम तब नै शुरू हुन्छ जब मानिसले श्रमको प्रथम कृतिम औजार बनाउँछ। वनमान्छेले प्राकृतिक औजारको प्रयोग गर्न सक्छ तर औजार निर्माण गर्न सक्दैन। प्रथम औजारको निर्माणको निर्माणले नै मानव समाजको निर्माण भयो भन्न सकिन्न। यो लामो प्रक्रियाको श्री गणेश थियो। जसको परिणाम

वनमानिस मानिसमा परिणत भयो र उसले चेतनाको स्वरूप लियो। यो मानिस र मानिस समाज निर्माणको युग थियो।

यसै युगमा वाणिको आविष्कार भयो। उत्पादनको प्रक्रियामा एक अर्कासंग बोल्नु पर्ने आवश्यकता बोधले वाणिलाई जन्म दियो। एंगेल्सले लेखेका छन्- "आवश्यकताको नतिजाको रूपमा उपयुक्त अंगको विकास भयो। वन मान्छेको कण्ठ नलीमा विस्तार विस्तार तर लगातार परिवर्तन हुँदै गयो। एउटा अंग मुखले विस्तारै एक पछि अर्को आवाज उच्चारण गर्न सिक्यो। यस प्रकार मानिसको चित्र चिन्तनको पारस्परिक विनियमको साधन र वार्तालापको माध्यमको रूपमा तथा चिन्तनको आवरणको हैसियतबाट स्पष्ट बोली भाषाको उदय भयो।"

**चिन्तन र वाणि समाजका उपज हुन् भन्ने कुरा स्पष्ट भयो समाजलाई अधिबढाउन भाषाको भूमिका के रह्यो। ?**

कार्लमार्क्सले भनेका छन्- "भाषा चिन्तनको प्रत्यक्ष सच्चाइ हो। यसको अर्थ भाषाको भौतिक आवरण बाहिर चिन्तनको कुनै बाहुल्यता हुँदैन। चिन्तनमा श्रेय भाषाको छ। भाषाकै माध्यमबाट चिन्तनले आकार ग्रहण गर्दछ र एउटाबाट अर्कोमा पुग्दछ। भाषाको लिखित माध्यमबाट एउटा पिंढीबाट चिन्तन अर्को पिंढीसम्म पुग्दछ।"

"तर पनि यो निष्कर्षले भाषा र चिन्तन एउटै हो भन्ने निष्कर्ष निकाल्न सकिदैन। भाषा र चिन्तन एउटै इकाइका दुईवटा भाग छन्। चिन्तन वास्तविकतालाई प्रतिविम्वित गर्दछ तर भाषा त्यो माध्यम हो जसद्वारा चिन्तन एकबाट दोस्रोमा पुग्ने काम गर्दछ। चिन्तनको वास्तविकतासंग सिधै सम्पर्क छ। भाषाको वास्तविकतासंग सिधै सम्पर्क हुँदैन। चिन्तनको माध्यमबाट हुन्छ।

**त्यसो भए वस्तुगत जगतमा चेतनाको भूमिका के रहन्छ ?**

सपना र कल्पनाका उदाहरणहरूको अस्तित्त्वले स्वतः के देखाउँछ भने चेतना विश्वलाई निस्क्रिय भावबाट हेर्दैन। यस मामिलामा चेतना वास्तविकताबाट अगाडि निस्कन्छ। सक्रिय रूपबाट उसलाई प्रभावित गर्दछ र त्यसलाई बदल्ने दिशातर्फ निर्देशित गर्दछ। उदाहरणको लागि कुनै पनि राष्ट्रको पार्टी र जनताले तयार पारेका ठूला योजनाहरूको सफलता प्राप्त गर्ने सम्बन्धमा विचार गर्ने हो भने चिन्तन र चेतना वास्तविकता भन्दा अगाडि हुन्छ र त्यसले वास्तविकतालाई दिशा निर्देशित गर्दछ र राष्ट्रमा एउटा ठूलो सृजनात्मक शक्ति निर्माण गर्दछ।

चेतनाले सक्रिय सांगठनिक शक्तिलाई जगाउँछ। लाखौं-लाख मानिसलाई राष्ट्र निर्माणको विकासमा एक चित्त पार्दछ। यसै अर्थमा मार्क्सले भनेका थिए- "जब कुनै विचास जनता भित्र गहराइसम्म प्रवेश गर्छ तब त्यो एउटा भौतिक शक्तिमा परिणत हुन्छ।"

यसको मतलब के हो भने महान विचारबाट प्रेरित जनता महान कार्य गरेर देखाउन सक्रिय हुन्छन्। यस अर्थमा लेनिनको यो भनाइलाई लिनु जरुरी छ। 'चेतनाले आफ्नो वरिपरिको विश्वलाई बदलिदिन्छ।"

**चिन्तन र चेतना भाषाको बारेमा त स्पष्ट भयो। आज चेतना ज्ञान यति माथि पुग्यो जसको कारण मानिसले अनेकौं यन्त्र बनाइरहेको छ। भनिन्छ अब मानव चिन्तनलाई यन्त्रले उछिन्दैछ, के यसमा सच्चाइ छ?**

हामीले चेतनाको क्रियाको सम्बन्धमा जे जति चर्चा गर्यौं यसबाट आधुनिक उद्योगका सर्वाधिक आश्चर्यजनक विषयमा व्याख्या गर्न र त्यसको सही निचोड निकाल्न मद्दत मिल्दछ।

तपाईंले कम्प्युटर यन्त्रको बारेमा सुन्नुभएको छ? यस यन्त्रले धेरै जटिल कामहरू गर्न सक्छ। उसले एक भाषाबाट अर्को भाषामा अनुवाद गर्न सक्छ। सारा दुनियाका सूचना संकलन गर्न सक्छ। सूचना प्रसारण गर्न सक्छ। कम्प्युटर आफै लाइब्रेरी बन्न सक्छ, अमेरिकाको लाइब्रेरीको किताब नेपालमा देखाउन सक्छ। वायुयानलाई निर्देशन गर्न सक्छ। ट्रेन चलाउन सक्छ। चेस खेल्न सक्छ। उसले मानव मस्तिष्कका विशेषता जस्तै तार्किक क्रिया गर्न सक्छ। रेललाई कहाँ ढिलो पार्ने कहाँ छिटो पार्ने यस्ता खास कार्यको पनि याद राख्न सक्छ।

यसै कम्प्युटरको माध्यमबाट हाल सूचना प्रणालीमा अति आधुनिक चेनलहरू बनेका छन्। जसलाई इमेल र इन्टरनेट भनिन्छ। यी चेनलको माध्यमबाट संसारभरी नै सूचना प्रणाली अति भरपर्दो र सुगम बनेको छ।

यी सबै हेर्दा खेरी यस्तो लाग्छ अब मानिसको गुण-धर्म हुँदै वस्तु अथवा द्रव्यले लिदैछ। तर के यस्तो यन्त्र बनाउन सकिन्छ जसले मानव मस्तिष्कको काम ठीक ढंगले गर्न सकोस्। यो कहिल्यै सकिंदैन। के कुरा साँचो हो भने यन्त्रले ती कामहरू निर्वाध रूपले गर्न सक्छ जुन कामको लागि मानिसले बनाएको छ। यहाँसम्म कि उसले यस्ता तथ्यहरू पनि प्रकाशमा ल्याउन सक्छ जुनबाट उसको सृजना कर्ता पनि अन्जान छ। आज विभिन्न ग्रहहरूमा जुन नयाँ तथ्यहरू फेला पर्दैछन् जीवनको बारेमा शनी र चन्द्रमामा जुन चर्चा छ यस्तै यन्त्रको कामको परिणाम हो।

तर पनि यस्ता यन्त्रहरू मानव मस्तिष्कको सहायकको रूपमा मात्र रहेका छन्। मानिसले आफ्नो कामलाई सुगम बनाउनको लागि तिनको निर्माण गरेको हो। मानिस सक्रिय भएकै कारण ती यन्त्रहरू सक्रिय भएका छन्। मानिस विना ती सोभै मृत द्रव्यमा परिणत हुनेछन्।

**मानव मस्तिष्क यति श्रेष्ठ हुनुको कारण के हो ?**

यसको मुख्य कारण के हो भने मानव मस्तिष्क सामाजिक सम्बन्धको उपज हो। जस्तै माथि हामीले व्याख्या गर्यौं चिन्तनको चरित्र पनि सामाजिक हुन्छ। मस्तिष्कको काम त्यति नै जटि छ जति सामाजिक सम्बनध जटि छ।

तर 'कुनै पनि विद्युत चालित मस्तिष्क' मानिसको जस्तो आन्तरिक आत्मिक दुनियालाई उसको क्रियाशील प्रकृतिलाई उसको कल्पनाको उडानलाई आफ्नो इच्छालाई लागू गर्ने उसको शक्तिलाई कलाको जटिल दुनियालाई कहिल्यै पनि पैदा गर्न सक्दैन।

# जापानः श्रम क्षेत्र र जेण्डर विषय

– विन्दा पाण्डे



जापान विश्व मानव विकास सुचकांकको नवौं स्थान र एशियाको पहिलो स्थानमा पर्दछ । लिंगीय समानताको दृष्टिकोणबाट पनि यो देश विश्वको एघारौं स्थानमा पर्दछ । विश्वमा नै सबैभन्दा बढी औसत आयु ८४ वर्ष भएको यस देशमा महिलाको औसत आयु ८४.४ र पुरुषको ७७.४ वर्ष रहेको छ ।

यति हुँदाहुँदै पनि रोजगारीको क्षेत्रमा भने अझै धेरै जेण्डर समस्याहरू रहेका छन्, जसको अन्त्यका लागि सिंगो जापान क्रियाशील छ ।

**रोजगारी अवसर र सामाजिक सुरक्षा**

जापानको श्रम बजारमा जम्मा ५ करोड ३२ लाख १० हजार श्रमिक रहेका छन् । जसमध्ये करिव ६० प्रतिशत पुरुष र ४० प्रतिशत महिला श्रमिक छन् । सेवाको क्षेत्रमा सबैभन्दा बढी ५२.२ प्रतिशत महिला श्रमिक कार्यरत रहेका छन् । सेवापछि क्रमशः थोक व्यापार र वित्तीय क्षेत्रमा महिलाहरूको सहभागिता अत्यधिक रहेको छ । महिलाहरूको सबै भन्दा कम सहभागिता रहेको क्षेत्र निर्माण र यातायात तथा संचार हो ।

**कामको क्षेत्र अनुसार महिला र पुरुषको सहभागिता**

| कामको क्षेत्र | महिला | पुरुष |
|---|---|---|
| सेवाको क्षेत्र | ५२.२ | ४७.८ |
| थोक व्यापार | ५०.३ | ४९.७ |
| वित्तीय र बीमा क्षेत्र | ४४.९ | ५५.१ |
| कृषि र वनजंगल | ४३.१ | ५६.९ |
| औद्योगिक उत्पादन | ३५.६ | ६४.४ |
| यातायात र संचार | १९.७ | ८०.३ |
| निर्माण | १५.१ | ८४.९ |

जापानको श्रम बजारमा कार्यरत तीन करोड २० लाखभन्दा बढी पुरुष श्रमिकमध्ये ९०.५ प्रतिशत स्थायी र ९.५ प्रतिशत अस्थायी र पार्टटाइम छन् भने २ करोड १० लाखभन्दा बढी महिला मजदुरमध्ये ६३.९ प्रतिशत स्थायी र ३६.१ प्रतिशत अस्थायी र पार्टटाइम श्रमिकको रूपमा काम गर्दछन् । स्थायी रोजगारीको अवसरमा महिला विरुद्ध विभेद भएको देखिन्छ । अर्कातिर सिंगो असंगठित क्षेत्र र पार्टटाइम श्रमिकका रूपमा काम गर्ने श्रमिकहरूमध्ये ७० प्रतिशत महिला र ३० प्रतिशत पुरुष छन् । प्रविधिको विकाससंगै फराकिलो हुँदै गएको असंगठित क्षेत्रमा श्रमिकको संख्या दिनानुदिन बढ्दो छ ।

जापानको कानून अनुसार स्थायी श्रमिकहरू मात्रै सामाजिक सुरक्षा संयन्त्रभित्र पर्ने भएकोले बहुसंख्यक महिलाहरू सामाजिक सुरक्षा संयन्त्रको घेराबाट बाहिर रहेका छन् ।

**पारिश्रमिकमा विभेद**

जापानमा महिला र पुरुषको बीचमा पारिश्रमिकमा अझै पनि भिन्नता रहेको छ । स्थायी श्रमिकहरूमा महिलाको औसत पारिश्रमिक पुरुषको पारिश्रमिकको ६४.६ प्रतिशत रहेको छ । अस्थायी र पार्टटाइम काम गर्ने महिला श्रमिकले त्यही क्षेत्रमा काम गर्ने पुरुषको औसत पारिश्रमिकको ४९.२ प्रतिशत मात्र पाउँछन् । यो अवस्थाको अन्त्यको लागि यूनियनहरू एक छन् र निरन्तर आवाज उठाउँदै आएका छन् । यी सबै कुरा गरिरहँदा महिलाहरूमा निहित बच्चा जन्माउने र हुर्काउने कुरालाई कार्यथलोसंग जोडेर हेरेर पाइँदैन ।

**मातृत्व संरक्षण, शिशुस्याहार र पारिवारिक दायित्व**

जापानका श्रमिक महिलाहरू सुत्केरी हुँदा तीन महिना सुत्केरी बिदा पाउने व्यवस्था छ । शिशुस्याहार केन्द्रहरू कम्पनीमा मात्र होइन, सामुदायिक संघ-संस्था र स्थानीय निकायहरू मार्फत पनि संचालन गरिएको छ र यहाँका अधिकांश शिशुहरू शिशुस्याहार केन्द्रमा नै हुर्कने गर्दछन् । हाल आएर शिशु जन्मदर घट्दै गएको कारण शिशुस्याहार केन्द्रहरूमा वर्षेनी ४० देखि ५० हजार शिशुको कोटा खालि हुँदै गएको छ र शिशुस्याहार केन्द्रको संख्यामा कटौती हुन थालेको छ ।

सन् १९९२ मा जापानमा शिशुको हेरचाहको लागि नयाँ कानून बन्यो र सन् १९९५ मा आइएलओको अभिसन्धि १५६ पारित गरी यस कानूनमा परिवर्तन गरियो । यो परिवर्तित कानून अनुसार हरेक श्रमिकले बच्चा जन्माइसकेपछि उनको आमा वा बाबुले बच्चाको हेरचाहको लागि एक वर्षसम्म बिदा लिन पाउने कानूनी व्यवस्था छ । यसरी बिदा लिने श्रमिकलाई बिदाको अवधिमा खाईपाई आएको पारिश्रमिकको ४० प्रतिशत रकम पारिवार बीमा कोषबाट दिने व्यवस्था गरिएको छ ।

पारिवारिक दायित्व अन्तरगत परिवारका बिरामी। अशक्त र वृद्ध सदस्यको हेरचाहको लागि पनि महिला र पुरुष सबै श्रमिकहरूले आवश्यकता अनुसार तीन महिनासम्म बिदा लिन पाउने व्यवस्था

गरिएको छ । तर सामान्यतया पुरुष श्रमिकहरू यो बिदा लिन चाहँदैनन् ।

शिशु बाबु आमा दुवैको हो । वृद्ध र अशक्तप्रति सबैको समान दायित्व हुन्छ र उनीहरूको हेरचाहमा महिला र पुरुष दुवैको समान सहभागिता हुनुपर्छ भन्ने चेतना भएन भने कानूनले मात्र जेण्डर सम्बन्धमा परिवर्तन गर्न सक्दैन रहेछ भन्ने कुरा महसुस गरी अहिले जापानका प्राय: सबै यूनियनहरूले आफ्ना सदस्यहरूलाई शिशु, वृद्ध र अशक्तको हेरचाह कार्यमा महिला र पुरुष दुवै समान रूपमा सहभागिता हुन प्रोत्साहन गर्दै आएका छन्।

**काममा समान अवसर**

सिंगो श्रम क्षेत्रमा महिलाको सहभागिता ४० प्रतिशत भए पनि सरकारी क्षेत्रको रोजगारीमा महिलाको संख्या १० प्रतिशत मात्र रहेको छ । त्यसमध्ये पनि रोजगारीको माथिल्लो र नीति निर्माणको तहमा महिलाको संख्या साह्रै सानो छ । यो विषयलाई यूनियनले हाल आफ्नो एजेण्डा बनाएको छ । अन्तत: यो स्थितिलाई चिर्नको लागि केन्द्रीय सरकारले आफू अन्तर्गतको सम्पूर्ण क्षेत्रमा आगामि पाँच वर्षभित्रमा महिलाको संख्या ३० प्रतिशत पुऱ्याउने योजना बनाई कार्यान्वयनको थालनी गरेको छ ।

**ट्रेड यूनियनमा महिला**

जापानको ट्रेड यूनियन आन्दोलन विश्वका १० शक्तिशाली ट्रेड यूनियनभित्र पर्दछ । तर पनि संगठित श्रमिकको संख्या भने सिंगो श्रमशक्तिको झण्डै २० प्रतिशत मात्रै रहेको छ । महिलाको प्रतिशत यूनियनको सदस्यको करिव ३० प्रतिशत र यूनियनको कार्यकारीमा १० देखि १५ प्रतिशत मात्र रहेको छ । यो अवस्थामा परिवर्तन गरी आगामि १५ वर्षमा कार्यक्षेत्रको अनुपातमा नै महिला सदस्य बढाउने र नेतृत्वमा ३० प्रतिशत महिला पुऱ्याउने लक्ष्यसहितको योजना बनाएर यहाँका यूनियनहरू क्रियाशील रहेका छन् ।

यो लक्ष्य प्राप्त गर्नका लागि रोजगारी र पारिवारिक दायित्वको बीचमा तालमेल मिलाउने, पारिवारिक दायित्वमा पुरुषको सहभागिता बढाउने, महिलाहरूको बीच नेतृत्व विकास कार्यक्रमहरू संचालन गर्ने र महिलाहरूलाई जिम्मेवारी दिने र दायित्व वहनमा सहयोग गर्दै जाने रणनीति यी यूनियनहरूले लिएका छन् ।

**निष्कर्ष**

जापानको श्रम बजारको संरचना र त्यसभित्र महिला सहभागिताको अवस्था हेर्दा के बुझिन्छ भने, शिक्षा एउटा महत्त्वपूर्ण पक्ष हुँदाहुँदै पनि जबसम्म समाजमा विद्यमान पितृसत्तात्मक संरचना र सोचमा परिवर्तन हुँदैन, तबसम्म महिलाहरू श्रम बजारमा आउन सक्षम भए पनि त्यसभित्रका राज्य संयन्त्र र सामाजिक आन्दोलनको नीति निर्माण तहमा पुग्ने र नीतिगत हस्तक्षेपलाई प्रभावकारी रूपमा अगाडि बढाउन सक्दैनन् । शिक्षा र आर्थिक उपार्जनमा महिला संलग्नता भयो भने अन्य क्षेत्रमा स्वत: महिलाको विकास हुन्छ भन्ने तर्कलाई यस तथ्यले खण्डन गदर्छ । जेण्डर समान समाज निर्माणको लागि शिक्षा, रोजगारी, सामाजिक आन्दोलन, राजनीति र अन्य नीति निर्माणका क्षेत्रमा हरेक कोणबाट महिला सहभागिता र जेण्डर समानताको पक्षमा सोचिउन् भने सामाजिक विकास फेरि पनि एक पाखे हुन सक्छ र नयाँ ढंगको असन्तुलनको विकास हुन्छ ।

# आफ्नो आस्थामा

२००५ सालमा जन्मिएका खेदु शाहले परिवारको आर्थिक स्थिति बताउँदै भन्नुभयो-

हामी जन्मदैदेखि गरीब हौं। मेरो बुवाले भारतका विभिन्न ठाउँमा गएर काम गर्नुहुन्थ्यो र कमाएर ल्याएर आफ्नो परिवारको गुजारा चलाउँथ्यौं। म ४/५ वर्षको छँदा बुवाको मृत्यु भयो। त्यसवेला मेरी सानी बहिनी १ वर्ष मात्रकी थिई। यसले हाम्रो परिवारमा ठूलो बज्रपात भयो। मेरो दाइ पनि ८-९ वर्षको मात्र थियो। कमाउन सक्ने कोही थिएन।

आमाले गाउँ-गाउँ गएर पहिलेदेखि गर्दै आएको मुरई बेच्ने काम अरू बढाउनु भयो। धेरै बिक्री भएको दिन चामल तरकारी किनेर ल्याउनु हुन्थ्यो। थोरै बिक्री भएको वेला त्यही मुरईलाई खाएर सुत्थ्यौं। ४-५ वर्ष यसै गरेर गुजारा गऱ्यौं। पछि दाइले बनी गर्न थाल्यो। मैले रामेश्वर राउतको भैंसी चराउन थालें।

दिनभरी भैंसी चराउँदा मलाई दुई छाक खान र दिउँसो खाजा दिन्थे, पैसा दिँदैनथे। डेढ वर्ष राउतका भैंसी चराएपछि प्रेम चौधरीले खाएर वर्षको १२ पसेरी अन्न दिन्छु भने। त्यसपछि मैले प्रेम चौधरीका भैंसी चराएर आमालाई महिनाको एक पसेरी धान सहयोग गर्न थाले।

मेरो दाइ १४ वर्षको हुँदा त्यही रमेश राउतकोमा नोकर बस्यो। उसकोमा घाँस दाउरा गर्ने, भैंसी चराउने रातमा खेतमा पानी लगाउने काम गर्थ्यो। एक दिन पानी लगाउन राती खेतमा पठाएछ। दिनभरी थाकेकोले ऊ खलियानमा गएर निदाएछ, बिहान सबेरै साहु खेत हेर्न जाँदा पानी पटेको देखेन। त्यसपछि मेरो दाइलाई किन सुतिस् भनेर कुट्यो। कुट्दा-कुट्दै मेरो दाजुको कानको जाली फुटेछ। कानबाट रगत आयो। मुखबाट रगत बग्यो। दाइ घाइते अवस्थामा घर आयो। दाइको हालत देखेर हामीले गाउँमा न्याय माग्यौं पर-पंचायतीको लागि गुहाऱ्यौं। तर कसैले हाम्रो साथ दिएनन्। दाइको इलाज हुन सकेन। दवाइको लागि पैसा जुटाउन हामीले सकेनौं। यसै कुटाइबाट केही समय पछि दाजुको मृत्यु भयो। हामी खाली रोयौं, करायौं।

प्रेम चौधरीकोबाट मैले पाउने १२ पसेरी धान ल्याएर दाइको किरिया गरें। धान ल्याएर खाएको धानको ब्याज जोडेर उनले मलाई अढाइ वर्ष काम लगाए। धानभन्दा धानको ब्याजमा मैले धेरै खट्नु पऱ्यो।

**तपाईंको राजनीतिमा कसरी प्रवेश भयो त ?**

२०१५ सालमा चुनावको प्रचार गर्दै मान्छेहरू आउन थाले। भोटको बाकस तेतरियामा राखिएको थियो। भोट खसाउने ठाउँमा म पनि हेर्न गएको थिएँ। त्यहाँ मकै वा जौको बाला के थियो। मैले यो के को बाला भनेर सोध्दाखेरि एक जनाले यो किसानको चिन्ह हो भने। त्यसपछि मेरो मनमा त्यो नै किसान गरीबको चिन्ह रहेछ भन्ने छाप पऱ्यो।

**अनि त्यही पार्टीमा लाग्नुभो त ?**


हैन, मैले जब धानको ब्याज चुक्ता गरें, त्यसपछि भैंसी चराउन छोडेर नाच पार्टीमा लागें। २०१६ सालदेखि २०१८ सालसम्म म

# दृढ कृषि मजदुर खेदु शाह

नाच्ने पेशामा लागें। गाउँ-गाउ- नाच टोलीसंगै गएर केही पैसा कमाउँथें र आमालाई दिन्थें। तर नाचबाट पनि गुजारा चलेन। त्यसपछि मलाई बाबुको सम्झना आयो। त्यसपछि बाबुले विदेशबाट कमाएर ल्याएर हामीलाई पालेको कुरा संझें। म पनि आसामतिर भागेर गएँ। ६ महिना आसाममा बसें। आफ्नै गाउँका ५-६ जना संगै गएका थियौं। कुनै काम पाएनौं। एउटा बाटो खन्ने ठेकेदार भेटियो। त्यसले हामीलाई रेलमा हालेर लग्यो। म सानै थिएँ। अरुलाई बाटो खन्ने काम दियो। मलाई भात पकाउन लगायो। मैले १३ जनाको लागि भात पकाउनु पर्थ्यो। ६ महिना पछि वर्षा लाग्यो। साथीहरू घर फर्कने कुरा गर्न लागे। किनभने वर्षाले गर्दा काम बन्द भयो। हामीले ठेकेदारसंग आफ्नो पैसा माग्यौं। उसले भन्यो, "तिमीहरूलाई जसले रेलमा लिएर आएको थियो त्यसैले लिएर गयो।" हामीमा रुवावासी भयो। केही साथीहरू डाँको छोडेरै रोएका थिए। यो कुरा ठेकेदारको श्रीमतीको कानमा पुगेछ। उसले आएर आफ्नो लोग्नेलाई गाली गरी। हामी सबै रोएको देखेर उसलाई दया लागेछ। उसले लोग्नेलाई भनी- "यी केटाहरू ठगिए, ठगले पैसा लिएर गए, यिनीहरू घर कसरी जान्छन् ?" उसले यसरी गाली गरेपछि उसले हामीलाई आसामबाट घर आउने भाडा र बाटामा खाने हिसाब गरेर १३ जनाको पच्चीस रूपैयाँको दरले दियो र हामी त्यहाँबाट हिंड्यौं। घर आउँदा मसंग एक पैसा थिएन। ती महिलाले दया नगरेको भए मेरो जीवन पनि उतै समाप्त हुन पनि सक्थ्यो।

**घर आएर के गर्नुभयो त ?**

म घर आएपछि मितको काका भदै हजराले मेरो दुख देखेरसंगै बनी गर्न लिएर गए, बीउ काड्न सिकाए। काटेको धानको मुठा बान्ने, धानको सिला खोज्ने जस्तो काम गरें। यसरी म कृषि मजदुरको रूपमा फेरिएँ। उमेर १५ वर्षको थियो। त्यसैवेला कम्युनिस्ट पार्टीका नेता नन्दन आउन थाले। गाउँका मान्छेलाई ल्याएर मेरो घरमा कम्युनिस्ट पार्टीको कुरा गर्न थाले। गरीबका दुख सुखका कुरा गर्न थाले। म पनि वातचितमा सामेल हुन थालें। २०२१ सालमा मलाई किसान



कमिटीको सदस्य भईस् भने तर त्यो कस्तो कमिटी थियो मलाई अहिले थाहा भएन। ०२१ सालदेखि जब संगठनको काम गर्न थालें वरिपरिका गाउँमा पनि मैले घुमेर कमिटी बनाएँ तेतरियाका ज्ञानीजी, ककडीमा लक्ष्मणको घरमा बसेर हामी वात गर्थ्यौं। कट्टी, धोधरपा, वनर्भुला, गडहल आदि गाउँमा पनि किसान कमिटीका कामहरू भए। २०२४ सालमा सोहन चौधरी चीनबाट फर्किए पछि सोहनलाई पनि कमिटीमा राख्यौं। पछि नन्दन र कलैयाका केही वुद्धिजीवी पनि आउन थाले। सोहन र मेरो जिम्मामा दुईटा क्षेत्र तोकिए। सोहनको गडहल दक्षिण र मेरो उत्तर तर्फ थियो। बजारका आसपास नन्दनहरूले जिम्मा लिएका थिए।

**त्यो किसान कमिटीले के काम गऱ्यो त ?**

बनीको संघर्ष, मुख्यबाली मात्र दिने आन्दोलन, व्याज डेढा-दोब्बरको विरुद्ध सवाइ मात्र तिर्ने आन्दोलन गऱ्यौं। यो आन्दोलन लौतनमा पहिले भयो। त्यसपछि तेतरिया, ककडी, जुगुवा आदि ठाउँमा भयो। तर आन्दोलन सफल भएन। दलालहरूले जनता भड्काए। जनता आन्दोलनको सफलतासम्म उठेनन्। छिटफुट संघर्ष जारी रह्यो। यसैवेला मेरो आमाले मलाई कराउन थालिन्। मैले यसै वेला भवानीपुरको केटीसंग बिहा गरें। गुजारका लागि मिठाइ पसल खोलें। मिठाइ पसल कार्तिकमा खोलें। बैशाखमा पुग्दा टाट पल्टियो। कति त साथीले खाएर पनि सिध्याए, उधारो कसैले तिरेनन्। यस्तै वेला सोहनजी र हामी बसेर केही ठाउँमा साहुको फसल काट्ने निर्णय गऱ्यौं र लौतनमा डेढ बिघा जमिन्दारको फसल लुट्यौं। त्यसपछि सोहन र नन्दन पक्राउमा परे। हामी भाग्यौं। उनीहरू तीन महिना थुनामा परेर घर फर्किए। तब म पक्राउ परें। मलाई पनि ३ महिना वीरगञ्ज जेलमा राखेर छोड्यो।

**जेलबाट छुटेर के गर्नुभयो ?**

यो ०२६ सालको कुरो हो। म छुटेर आउँदा साथीहरू अलिअलि संगठन गर्दै थिएँ। म पनि आएर संगठनमा लागें। त्यसपछि प्रशासनको दमन बढ्यो। ०२८ सालमा झापा काण्ड भयो। त्यसपछि बारामा पनि दमन शुरू भयो। ०२८ साल फागुनमै लखराज सहनीको हत्या भयो। यो हत्या धोधरपाको सुवान मियाले गराएको थियो। तर त्यहाँका धनीहरूले यसै घटनामा हामीलाई फसाउने षडयन्त्र गरे। यसैवेला लरहीको एउटा डाकु पक्राउ पऱ्यो। पुलिसले त्यो डाकुलाई पक्रेर पिटेछ। पिटेर अधमरो पारेर हामीलाई पोल्न लगाएछ। त्यसलाई सोध्न म, बहादुर चौधरी, लक्ष्मी चौधरी, सर्जु महरा, पारस चौधरी समेतलाई फसाउने षडयन्त्र गऱ्यो। त्यसपछि सोहन र म भूमिगत भयौं। तीन महिना आफ्नै इलाकामा बस्यौं। तीन महिनापछि हामीलाई केही मान्छेहरूले हाजिर हुने सल्लाह दिए। सोहनजीले भन्नुभो खेदुजी म हाजिर भए भने तपाईं पनि हुनुहोस् नत्र भने तपाईं पनि हुनु पर्दैन। त्यसपछि सोहनजी गडहल जानुभो, म घर आएँ। घर आउँदा मेरी श्रीमती अत्यन्त बेमारी रहिछ। ६ महिनाको बच्चा थियो। सुत्केरी हुँदा देखि नै उसले राम्रो खान पाइन। स्याहार राम्रो भएन। म घर आएको १५ दिन पछि श्रीमती मरी। मसंग साथमा एक पैसा थिएन। उसलाई जचाउन पनि सकिन।

श्रीमती मरेपछि मेरो घरमा अरु विल्लीबाठ भयो। ६ महिनाको छोरीलाई बचाउन मैले चन्दा माग्दै हिंडें। यसलाई भीखै भने पनि हुन्छ। तर पनि मैले छोरीलाई बचाउन सकिन। छोरी आमा मरेको ५ महिना पछि मरी। सोहन चौधरी पनि मसंग कुनै सल्लाह नगरी हाजिर हुन जानुभयो। शहरका वुद्धिजीवी भागे। नन्दन आउन छोडे। हामी किसान एक्लै

पऱ्यौं। म पनि हाजिर हुन जाने विचारमा साथीहरूसंग भेट्न गएँ। सबैले पैसा उठाएर मलाई हाजिर गराउने कुरा गरे। म हाजिर हुने विचारले विसनपुर्वाका बासुजी र दशैजीकोमा चन्दा माग्न गएँ पहिले उनीहरूले नै मलाई दिन्छु भनेका थिए। पछि जाँदा सोहनजीले व्यक्तिगत काममा चन्दा नदिनु भन्नुभएको छ, हामी दिन सक्दैनौं भने। मेरो मन साह्रै दुख्यो। यत्रो संघर्ष गरियो, घरमा जहान बच्चा औषधि नपाएर मरे। अनि मैले हाजिर हुने कुरा कसरी व्यक्तिगत भयो। मैले बुझ्न सकिन।

म मुडअफ भएँ। विसनपुरवाकै दुसाध टोलमा राम जतन हजराले मेरो अनुहार हेरेपछि उनलाई दया आएछ। उनले भने "साथी आउनुहोस् हामी गरीब छौं तर पनि पासवान साथीहरूबाट चन्दा उठाएर तपाईंलाई दिन्छु।"। मलाई आफ्नो टोलमा लिएर गए। राती त्यहीं बसें, त्यो पुरै भूमिहीन टोल थियो। सबै बनी गरेर खान्थे। तर पनि बिहान मलाई सबैले मिलेर १५० रूपैयाँ उठाएर दिए। त्यो पैसा लिएर म गाउँ आएँ। गाउँकै एक जना दयालु मान्छे माइराम गोसाइले आफ्नो २ विघा जमिन धरौटी राखेर मलाई हाजिर गराए र म छुटें। माइरामको गुण म अहिले पनि सम्झन्छु।

**छुटेपछि त जीवन शान्तिले बित्यो होला नि ?**

म छुटेपछि प्रशासनले माइरामलाई भनेछ यो भाग्यो र पार्टी काम गर्न थाल्यो भने तेरो जमिन खतम हुन्छ। त्यसपछि माइरामले आफ्नै घरमा काम दिए र आफूसंगै राख्न थाले। फेरि यसैवेला रौतहटबाट हिन्दु मुसलमानको दंगा शुरू भयो र त्यो बारा सम्म आइपुग्यो। हामी हिन्दू मुसलमानको दंगा रोक्न लाग्यौं। मलाई मुसलमान बचाउन जाँदा गालुपट्टीको अमिरिको छोराले हमला गर्न आयो - "यो मुसलमान बचाउने मुसलमानै हो भनेर मार्न खेदे। म ज्यान जोगाएर भागें। लखेट्नेमा चन्दा साहको भाइ प्रचण्ड पनि थियो। त्यो दंगाले बारामा पार्टी कामलाई धेरै कमजोर पाऱ्यो। यो दंगा शान्त भएपछि सोहन पक्राउ पर्नुभो। विशेष अदालतले उहाँलाई मुद्दा चलायो। दलालहरूले मलाई पनि मुद्दा लगाए। मेरो घरमा दिनको १२ बजे आगो लगाए। आमा, बच्चीको लागि भीख माग्न गएको वेला घरमा आगो लगाइ दिएछन्। गाउँलेहरूले गएर बच्चीलाई निकालेछन् जुन बच्ची मैले माथिनै चर्चा गरें त्यसको ४ दिन पछि मरी।

**यसले तपाईंको राजनीतिमा के प्रभाव पऱ्यो ?**

बारामा राजनीति पूर्ण रूपले शिथिल भयो। कोही भागे। कोही निस्क्रिय भए। कोही डकैतीतिर लागे। म निराश भएर आफ्नो जिविका चलाउन लागें। यो ०३० साल तिरको कुरो हो। एक दिन विसनपुरवाबाट राधा किसुन चौधरी र बासु चौधरी आएर सोधे, "तपाईं भूमिगत साथीलाई राख्नु हुन्छ" मैले भनें "हेर्नुस्, मैले धेरै हण्डर खाएँ मुद्दा लागेको छ। पहिलेका धेरै साथीले धोखा दिए। कस्तो मान्छे हो कसरी विश्वास गर्ने ? राधाकिसुनले भने, "ए साथी ऊ धेरै टाढाबाट आएको साथी हो। हामीले धेरै दिनदेखि जाँचेर हेरिसक्यौं। विश्वासिलो साथी हो। तपाईं राखेर हेर्नुस्।"

त्यसपछि मैले पठाइ दिनुस् न त भनें। भोलिपल्ट बिहान त्यो साथी आउनुभयो। मैले उहाँलाई राख्ने घरको बारीपट्टि एउटा झुप्रो जोडें र त्यो साथीलाई बस्ने व्यवस्था मिलाएँ। मलाई पुराना साथीहरूले धोका दिएको हुनाले मैले ३ महिनासम्म उहाँको जाँच गरें। मेरो बारेमा पनि साथीले जाँच गरिरहेको रहेछ। मलाई कतिले डाकु भनेर त्यो साथीलाई भनेका रहेछन्। विस्तारै उहाँले मलाई पढाउन थाल्नुभयो। वैचारिक कुरा गर्नु भयो र मेरो स्तर उठाउने कोसिस गर्नुभयो। पहिलेकाहरूको र यो साथीको व्यवहार धेरै फरक थियो। नम्र भएर बोल्ने। न हप्काउने, सबैलाई तपाईं भन्ने, सादा जीवन, खाना मिठो नखोज्ने, दिए खाने नदिए-पढेर बस्ने, आदि कुराले म उहाँबाट प्रभावित भएर विश्वास गरें। त्यसपछि म गाउँ-गाउँमा प्रचारमा लागें। ३ महिना पछि मलाई पनि इलाका कमिटीमा राखियो। उहाँसंग रातमा हिंडिन्थ्यो। हिलो, झार, झंखाड, जुका लाग्ने ठाउँबाट हिंडिन्थ्यो। पछि व्यवहारबाट मैले विश्वास गरें। ०३० साल पछि बाराको काम फेरि उठ्न थाल्यो। गाउँ-गाउँबाट साथीहरू संगठित हुन थाले। बरेवाबाट मोहन कोइरी, विसनुपुर्वाबाट बासु, दशै, राधा किसुन, पडरीका वासु, कासी यी सबै साथीहरूको सहायतामा बाराको काम उठ्यो। कहीं बनी आन्दोलन भयो। खोपुवा, श्रीपुरा, विसनपुर्वामा उठेको बनी आन्दोलनले लौतन र तितरियालाई छोयो। गडहल जस्तो जमिन्दारको गडमा पनि बनीको आन्दोलन भयो। हामीले बनी पनि बढायौं। ३ किलोबाट ५ किलो भयो। यसरी ०३६ सालको जनआन्दोलनसम्म हामी पुग्यौं। २०३६ साल पछि हाम्रो काम धेरै खुकुलो भयो। पुलिस दमन कम भयो। मेरो घरमा बस्ने शर्माजी जस्ता साथीहरू पनि दिउँसै हिंड्न थाल्नुभयो। र हामीलाई पनि कठिन संकटका दिन टरेको जस्तो लाग्यो। अलिकति बोल्ने साहस जनतामा आयो। बनी बढाउने आन्दोलन पनि अरु चर्कियो। हामीले राँके जुलुस निकाल्यौं। सिडिओको गाडी फोऱ्यौं।

गाउँ-गाउँमा धान मकै बाँड्ने काम गऱ्यौं। त्यसपछि डाकाहरूले भकारी फोरेर धान बाँड्दैछन् भन्ने हल्लाले प्रशासन सक्रिय भयो। प्रशासनका गाडीहरू गाउँ आए। महिलाहरूले गाडी माथि हमला गरेर भगाए। जीपमाथि हमला भएपछि मेरो खोजी तीव्र हुन थाल्यो र म भूमिगत भएँ। त्यही वेला मेरो घर लुटियो। घरको छाना भत्काइयो।

म भूमिगत भएकै वेला मेरो छोरो ३७ सालमा जन्मेको १ वर्षमै मऱ्यो। मेरो आमा पनि यसै वेला खस्नुभयो। उहाँले पनि उपचार पाउन सक्नु भएन। २०३८ सालमा म पक्राउ परेर ६ महिना पुन: थुनामा परें।

२०४० सालमा पनि गाउँका दलालहरूले म माथि डाका केश लगाए। त्यो वेला पनि खसी लुटेर लगे। पछि गाउँका जनताहरू आक्रोशित हुन थालेपछि दलालहरूले मुद्दा फिर्ता लिएर मिलापत्र गरे।

२०४३ सालपछि पार्टीले पंचायतलाई उपयोग गर्ने नीति लियो। हामी पनि जनपक्षीय उम्मेदवार उठाउने क्रममा गाउँ-गाउँमा प्रधानपंचका उम्मेदवारको खोजीमा लाग्यौं। धेरै गाविसमा जितायौं पनि। त्यसपछि २०४६ सालको जन आन्दोलन आयो। हामी त्यसै आन्दोलनमा समाहित भयौं।

**तपाईं नेपाल ट्रेड यूनियन महासंघलाई केही भन्न चाहनुहुन्छ कि ?**

महासंघले गरीब मजदुर तथा कृषि मजदुरको लागि निरन्तर आवाज उठाएको छ। कृषि मजदुरको ज्याला ६० रूपैयाँ बनाउनमा ठूलो भूमिका खेलेको छ। यसको लागि म कृषि मजदुरको तर्फबाट महासंघलाई धन्यवाद दिन चाहन्छु। म जस्तो पीडित मजदुरलाई यसरी आफ्नो दुखका कथा भन्ने मौका दिनु भएकोमा श्रमिक खवर परिवारप्रति म हार्दिक आभारी छु।

**प्रस्तुति : मुकुन्द न्यौपाने**

# कृषि मजदुर समस्या र समाधान विषयक परिसंवाद कार्यक्रम







नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट) र आइएलओ-नेपालको संयुक्त आयोजनामा कृषि श्रमिकसंग सम्बन्धित समस्याबारे काठमाडौंमा दुई वटा परिसंवाद कार्यक्रमहरू सम्पन्न भए। भाद्र २६ गते 'कृषि मजदुरका लागि सामाजिक सुरक्षा' र असोज ३ गते 'कृषि मजदुरसंग सम्बन्धित समस्या र समाधान' विषयमा भएको सो दुवै परिसंवाद कार्यक्रमको अध्यक्षता जिफन्टका अध्यक्ष मुकुन्द न्यौपानेले गर्नु भएको थियो।

मुलुकका २० लाख भन्दा बढी कृषि मजदुरको सामाजिक सुरक्षाको आवश्यकता स्थिति, समस्या पहिचानका साथै न्यूनतम ज्याला कार्यान्वयनको उद्देश्यका साथ सम्पन्न भदौ २६ गतेको कार्यक्रमको उद्देश्यबारे जिफन्टका महासचिव विष्णु रिमालले प्रकाश पार्नुभएको थियो।

कार्यक्रमको आरम्भमा आइएलओ नेपालका डाइरेक्टर लैला टेग्मो रेड्डी, तथा श्रम तथा यातायात व्यवस्था मन्त्रालयका सचिव पी. एन. ज्ञवालीले आ-आफ्नो विचार व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा कृषि मजदुरका लागि सामाजिक सुरक्षा विषयमा जिफन्टको प्रस्ताव विदेश विभाग प्रमुख उमेश उपाध्यायले प्रस्तुत गर्नुभयो ।

प्रस्तावमाथि श्रम मन्त्रालयका सचिव पी. एन. ज्ञवाली, उपसचिव सीताराम उप्रेती, नेपाल उद्योग बाणिज्य महासंघका रोजगारदाता परिषदका उपसभापति रविन्द्र श्रेष्ठ, नेपाल ट्रेड यूनियन कांग्रेसका शिक्षा प्रमुख राजेन्द्र आचार्य, नेपाल प्रजातान्त्रिक ट्रेड यूनियन महासंघ (डिकोन्ट) का घनश्याम सुवेदी, अखिल नेपाल किसान संघका महासचिव प्रेम दंगाल, आइएलओ-आइपेकका सुरेश प्रधान र राष्ट्रिय श्रम प्रतिष्ठान (एनएलए) का महासचिव डा. शिव शर्माले आ-आफ्नो मत राख्नु भएको थियो ।

कार्यक्रममा एफइएसका नवराज दहाल, औद्योगिक सम्बन्ध मञ्च (आइआरएफ) का कार्यकारी निर्देशक डा. नारायण मानन्धर, इन्सेकका हमिद अन्सारी, एफएनसीएसआइका सुरेश प्रधान, र श्रम विभागका कृष्ण प्रसाद भट्टराईले आ-आफ्नो विचार राख्नुभयो। कार्यक्रममा श्रम विभागका एस. एन. बैद्य, भूमिसुधार तथा व्यवस्था मन्त्रालयका समुद्र रेग्मी, आरआरएनका रत्न कार्की तथा जिफन्टका उद्धव केसी लगायतका महानुभावहरूको उपस्थिति थियो।

सामाजिक सहयोग प्रणालीको व्यवस्था राज्यद्वारा श्रमिक केन्द्रित गर्दै एकीकृत रूपमा एउटै मन्त्रालयबाट संचालन गर्ने।

असोज ३ गते सम्पन्न कृषि श्रमिक, न्यूनतम ज्याला र स्थिति विषयक परिसंवाद कार्यक्रममा जिफन्टको तर्फबाट रुद्र गौतमले कार्यपत्र प्रस्तुत गर्नुभयो। कार्यपत्रको प्रस्तुति पछि कार्यक्रममाथि टिप्पणी र छलफल कार्यक्रम आरम्भ भयो। कृषि तथा भूमिसुधार व्यवस्था मन्त्रालयका उपसचिव शंहर प्रसाद ढुंगाना, जिविस महासंघका अध्यक्ष कृष्ण प्रसाद सापकोटा, नगर पालिका महासंघका अध्यक्ष डोरमणि पौडेल, श्रम विभागका उपनिर्देशक एस. एन. बैद्य, डिकोन्टका डि.पी. अर्याल, अनेकिसंघका बलराम बास्कोटा र आइएलओका सरेश प्रधानले कार्यपत्रमाथि टिप्पणी गर्नुभयो भने इन्सेकका हमिद अन्सारी, जिफन्टका अञ्चल अध्यक्ष बुटवलका कमल गौतम, अञ्चल अध्यक्ष नेपालगंजका केशवराज गिरी, अञ्चल अध्यक्ष धनगढीका धर्मानन्द पन्त तथा वीरगञ्जका कल्याणी खड्का छलफलमा सहभागी हुनुभयो। छलफल कार्यक्रमले कृषि मजदुरको न्यूनतम ज्याला तोक्ने र कार्यान्वयन गर्न निम्न कुरामा जोड दिएको थियो-

- कृषिको आधुनिकीकरण र व्यवसायीकरण गरी सहकारीको रूपमा अगाडि बढाउने
- कृषि मजदुरहरूलाई चेतनशील बनाई अधिकार प्राप्तिका लागि संगठित गर्ने
- महंगीको आधारमा समय समयमा ज्यालादर समायोजन गर्दै जाने परिपाटी विकास गरी लागू गराउन सबै पक्षबाट पहल गर्ने
- जिल्ला तथा गाविस/नपामा सबै पक्षलाई समेटेर अनुगमन समितिको व्यवस्था गरी नियमित अनुगमनको व्यवस्था गर्नु पर्ने
- निःशुल्क शिक्षा दिने र अन्य संघ संस्थाले विद्यालय पठाउन र जान अभिप्रेरित गर्ने ।
- महिलाहरूमाथि हुने भेदभाव, अन्याय अत्याचारको अन्त्य गर्न सबै क्षेत्रबाट पहल गरिनु पर्ने
- आवश्यक प्राविधिक ज्ञान उपलब्ध गराउने
- कृषि मजदुरको स्थानीय निकायमा के कति छन् दर्ता गर्नु पर्ने
- श्रम ऐन र स्थानीय स्वायत्त शासन ऐनमा कृषि मजदुरका लागि छुट्टै व्यवस्था गर्नु पर्ने
- विषयगत व्यक्तिलाई श्रम अधिकृत तोक्ने
- ट्रेड यूनियनहरूले सम्पूर्ण कृषि मजदुरहरूलाई संगठित गरी उनीहरूको अधिकारको रक्षा गर्नु पर्ने
- रोजगारदाताले नेपाली श्रमिकलाई प्राथमिकता दिनु पर्ने आदि

### अनौपचारिक क्षेत्रमा स्थापना गरिने सामाजिक सुरक्षा कोष

अनौपचारिक र कृषि क्षेत्रमा पनि योगदानमा अधाधारि सामाजिक सुरक्षा कोष स्थापना गर्न ती क्षेत्रका श्रमिकको सामाजिक सुरक्षा र संरक्षण व्यवस्थित गर्न स्थानीय सरकार (गाविस, जिविस, नपा), श्रमिकहरू र रोजगारदाताको संयुक्त योगदान हनु पर्छ। यसको व्यवस्थापन निम्न अनुसार गर्न सकिन्छ:

- स्थानीय निकायमा श्रमिकको नाम अनिवार्य दर्ता गर्ने
- दर्ता भएका प्रत्येक श्रमिकको न्यूनतम ज्यालाको १ प्रतिशत, किसान र रोजगारदाताको २.५ प्रतिशत तय गरी नियमित संकलनको व्यवस्था गर्ने। संकलित रकमलाई नजीकको बैंक खातामा नियमित जम्मा गर्ने व्यवस्था गर्ने।
- कोषलाई व्यवस्थित गर्न स्थानीय सरकार (गाविस, जिविस, नपा) का प्रतिनिधि, ट्रेड यूनियन र रोजगारदाताका प्रतिनिधिरहेको संयुक्त संचालक कमिटी गठन गर्ने
- कृषि क्षेत्रमा मालपोत बुझाउंदा जमीनको मात्राको आधारमा श्रमिक संख्या तय गर्ने र गैर-कृषि क्षेत्रमा भुक्तानी दिंदाको समयमा बीलको अधारमा रोजगारदाताबाट संकलन गर्ने ।
- स्थानीय निकायबाट प्रत्येक वर्ष किसान तथा रोजगारदाताबाट संकलित हुन आएको कूल रकम बराबरको रकम सोही कोषमा जम्मा गर्ने ।
- यो कोषको रकमले चरणबद्ध सामाजिक संरक्षणका कार्यक्रहरू संचालन गर्ने-
  - चरण १ : औषधोपचार, कामका दौरान चोट पटक र क्षतिपूर्ति
  - चरण २ : संचयकोष, उपदान र पेन्सन
  - चरण ३ : बेरोजगारी भत्ता र अन्य सुरक्षा उपायहरू

# क्याडको प्रतिनिधि मण्डलको नेपाल भ्रमण



नेपाल ट्रेड यूनियन महासंघको निमन्त्रणामा डेनमार्कको महिला ट्रेड यूनियन (क्याड) को ७ सदस्यीय उच्चस्तरीय प्रतिनिधि मण्डलले यही असोज ७ गतेदेखि १७ गतेसम्म नेपालको भ्रमण गऱ्यो । क्याडका अन्तरराष्ट्रिय सल्लाहकार इभा टावोरको नेतृत्वमा आएको उक्त प्रतिनिधि मण्डलमा यूनियनका नेताहरू मारिया वेरिङ, आस्था, इभा, हेनेरेट र पत्रकारहरू लिसा तथा ज्याकोव सम्मिलित थिए।

नेपाली श्रमजीवी वर्गको स्थिति अध्ययन गर्ने, नेपाल ट्रेड यूनियन महासंघ र क्याडको संयुक्त प्रयासमा संचालन भइरहेको परियोजना - महिला मजदुर अधिकार अभिवृद्धि कार्यक्रमको मूल्यांकन गर्ने र भविष्यमा नेपाली श्रमजीवी वर्गका लागि गर्न सकिने सहयोग तथा सहकार्यका बुँदाहरूमा छलफल गर्ने उद्देश्यले आएको उक्त प्रतिनिधि मण्डलले आफ्नो १० दिने भ्रमणमा महासंघसंग विभिन्न चरणमा वार्ता गऱ्यो। महासंघको गतिविधिहरूलाई अध्ययन गर्न चितवन, हेटौडा, वारा तथा पर्साको पनि प्रमण्डलले भ्रमण गरेको थियो।

असोज ७ गते प्रतिनिधि मण्डल नेपाल आइपुगेको थियो। दोस्रो दिन देशको वर्तमान सामाजिक, आर्थिक तथा राजनैतिक विषयमा महासंघको उच्च नेतृत्वसंग विभिन्न चरणको बैठक भयो। ९ गतेदेखि १३ गतेसम्म प्रतिनिधि मण्डलले महासंघको गतिविधिहरूलाई अध्ययन गर्न चितवन, हेटौडा, वारा तथा पर्साको भ्रमण गऱ्यो । भ्रमणका अवसरमा महासंघसंग आबद्ध विभिन्न घटक यूनियनहरूका नेता तथा कार्यकर्ताहरूसंग स्थितिको अध्ययन गर्नुका साथै श्रमिक महिलाहरूको अधिकारलाई सुदृढ गर्नका लागि भविष्यमा महासंघसंग हातेमालो गर्ने वचनबद्धता व्यक्त गऱ्यो ।

असोज १५ गते नेपाल भ्रमणकै अवसरमा प्रतिनिधि मण्डल सहित महासंघका अध्यक्षको नेतृत्वमा डेनमार्कका का.वा. राजदूतसंग वार्तालाप भएको थियो ।

असोज १६ गते नेपाल ट्रेड यूनियन महासंघ र क्याडको संयुक्त प्रयासमा संचालन भइरहेको परियोजना - महिला मजदुर अधिकार अभिवृद्धि कार्यक्रमका बारेमा छलफल भएको थियो । छलफलमा खास गरी हालसम्म गरिएका कार्यक्रमहरू र तिनका उपलब्धिहरूका बारेमा चर्चा गरियो । भविष्यमा गर्न सकिने कार्यक्रमको बारेमा पनि चर्चा गर्दै छलफल समापन भयो ।

स्मरणीय छ, जिफन्टको निमन्त्रणामा यस्तै किसिमको क्याडको प्रतिनिधि मण्डलले यसभन्दा अघि २००२ को फेब्रुअरी मा पनि नेपालको भ्रमण गरेको थियो।

# आइटीजीएलडब्लुएफको प्रतिनिधिको नेपाल भ्रमण



टेक्सटायल, गार्मेन्ट तथा छाला मजदुरहरूको अन्तरराष्ट्रिय संघ (आइटीजीएलडब्लुएफ) को प्रधान कार्यालयबाट पेशागत स्वास्थ्य सुरक्षा अधिकृत सिल्भाना थापुक्सियोले नेपाल भ्रमण सम्पन्न गरिन्। अक्टोबर १७ मा नेपाल आइपुगेकी सिल्भाना अक्टोबर १८ को दिन अर्थात दशैंको त्रयोदशीको दिन दिनभरी नै कार्पेट, टेक्सटायल तथा गार्मेन्ट कारखानाहरूको स्वास्थ्य सुरक्षा र काम गर्ने वातावरणको निरिक्षण-अध्ययनमा व्यस्त रहिन्।

अपरान्ह तीन बजे जिफन्टको बैठक-कक्षमा जिफन्टको नेताहरूसंग उनको भेटघाट र छलफल भयो। पेशागत स्वास्थ्य सुरक्षाको स्थितिमा सुधारका लागि संयुक्त रूपले काम गर्ने सहमति भयो। आगामी सन् २००३ को मार्च महिनामा पेशागत स्वास्थ्य सुरक्षाको विषयमा तीन वटै महासंघहरूको सहभागितामा एक कार्यशाला गोष्ठी आयोजना गर्ने समेत सहमति भयो।

यस संगठनमा अन्तरराष्ट्रिय आबद्धताका लागि नेपाल स्वतन्त्र कार्पेट मजदुर यूनियन, नेपाल स्वतन्त्र टेक्सटायल गार्मेन्ट मजदुर यूनियन तथा नेपाल स्वतन्त्र मजदुर यूनियनले प्रक्रिया शुरू गरेका छन्। आगामी वर्षको मध्यसम्ममा सदस्यताको औपचारिकता पूरा भइसक्ने अनुमान गरिएको छ।